वर्ष २३/ पूर्णाङ्क ६५/ जेठ-असार २०६६

(द्वैमासिक)

दायित्व

प्रधान सम्पादकः
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६

सम्पादन सल्लाहकारः
ठाकुर शर्मा
फोन नं. ४-४२०६१०

सह-सम्पादकः
यादव भट्टराई
फोन नं. ४-७८३२६४

सम्पादन सहयोगीः
केशवराज पन्त
कमल ज्ञवाली
विष्णु ज्ञवाली

कम्प्युटर
दिपेन्द्र बस्नेत

व्यवस्थापकः
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

सहयोग
रु. २५/-

कार्यालय
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४-४७४९८३, पो. ब. नं. ६७६६, काठमाडौं
e-mail: dayitwa@hotmail.com

मुद्रकः सूर्योदय छापाखाना, फोन नं. ४४३४९७१, धोबीधारा, काठमाडौं

सम्पादकीय.....

- नेपाली साहित्यको संवर्द्धन एवम् विकास गर्ने कार्यमा विभिन्न संघसंस्था एवम् पत्रिकाहरू सक्रियरूपमा सागिरहेका छन् । जे जति छन्, ती निजीस्तरमा वा जनपक्षीय रूपमा सञ्चालित छन् । राष्ट्रियस्तरमा भने कुनै चासो देखाइएको छैन र साहित्य, संस्कृति एवम् कलाको विकास गरेर राज्यले केही पाउने आशा पनि गरेको छैन । राज्यस्तरबाट त के मात्र हुन सक्छ भने निजीस्तरमा स्थापना गरिएका र सक्रियतासाथ अगाडि बढाइएका संस्थाहरू तथा गाँस काटेर साहित्यको उत्थानमा लागेका व्यक्तिमाथि ऐन-कानून सादेर नियन्त्रण गर्नसक्छ ।

- निजीस्तरमा खोलिएका संस्था वा साहित्यिक पत्रिकाका सञ्चालकहरूले पनि अध्यक्ष बन्ने वा सम्पादक बन्ने रहरले मात्र संस्था खाडा गर्नुहुन्न भन्ने पक्षमा छौं हामी । यसबाट साहित्यमाथि श्रद्धा गर्नेहरूमा वितृष्णा हुनसक्छ र राज्यले बोल्ने बाटो पाउन सक्छ । वास्तवमा कुनै कार्य सुरुवात गर्न सजिलो हुन्छ तर त्यसलाई निरन्तरता दिन गाह्रो पर्छ । यसैको परिणाम स्वरूप खोलिएका कतिपय संस्था वा पत्रिकाहरू कति बन्द भइसके, कति निष्क्रिय अवस्थामा छन् ।

- आज नयाँ नेपालको कुरा उठिरहेको छ । नेताहरू नयाँ नेपालको भाषण गर्दैछन्, तर नयाँ नेपाल भनेको के हो ? त्यसको स्वरूप कस्तो हुनुपर्ने हो ? समय विश्लेषण गर्दैनन् । दिन प्रतिदिन बढ्दै गइरहेको महँगी, अभाव, हत्या, हिंसा र अराजक प्रवृत्ति देखेर जनता भ्रममा छन्-के नयाँ नेपाल भनेको यही हो ? तर नेताहरू जेसुकै बोले पनि, जस्तो सुकै गरे पनि हामी साहित्यकारहरूले आफ्नो पक्षबाट साहित्य, संस्कृति र कलाको विकासको लागि चिन्तित हुनैपर्छ । तब जनस्तरबाट थानिएको साहित्य, संस्कृति र कला धरासायी हुन्छ । राज्यले खानि बोलीमा 'आभूषण'को रूपमा लिनेगरेको तर उपहास बनाइरहेको साहित्य, संस्कृति र कलाको पहिचान मेटिन्छ । यो पहिचान मेटिएपछि हामी नेपाली हुनुको पहिचान पनि मेटिन्छ । हामी नाङ्गै हुन्छौं ।

- नयाँ नेपालको नाममा राज्यले जेसुकै गरोस् तर साहित्यजगत्ले भने केही गरेर देखाउनैपर्छ । कलम, कुची र रिलको गति तीव्र बनाउनैपर्छ । सबै भाषा-साहित्य-संस्कृति, जाति, वर्ग सम्प्रदायलाई समेटेर एउटै सूत्रमा उन्नैपर्छ । भौगोलिक आधारमा सामाजिक संरचना निर्माण गरिनैपर्छ र आपसमा समन्वय स्थापना गरिनैपर्छ ।

मधुपर्क असोज २०६२ मा संस्मरण 'विदेशमा पत्रकारहरू मेरो पछाडि लागे' शीर्षक लेख वासुदेव उपाध्याय ढकाल औपमन्यवको अमेरिकालगायत विश्वभ्रमणको सन्दर्भमा प्रकाशित भएको छ ।

अब वासुदेव ढकाल भन्ने नेपाली साहित्यकार छ कि छैन भन्ने सन्दर्भमा निम्न लिखित केही टिप्पोहरू प्रस्तुत गर्दछु ।

वासुदेव ढकालसाई महाकवि लक्ष्मीप्रसाद देवकोटाले वासुदेव ढकालनिलिखित एवम् २००६ सालमा प्रकाशित 'शशिकला' नामक झ्याउरे खण्डकाव्यको भूमिकामा ढकालका झ्याउरे कवितालाई प्रथम दर्जाका कवितालामा राख्नुभएको छ र ढकालसाई 'कवि' शब्दले सर्वप्रथम सम्बोधन गर्नुभएको छ ।

नेपाली भाषा साहित्यका स्रष्टाहरूको जीवनी जनसमक्ष प्रकाशित गर्ने उद्देश्य अनुरूप प्र.घटराज भट्टराईद्वारा तयार पारिएको 'नेपाली लेखक कोष' मा वासुदेव ढकालको नाम परेको छ । साथै नेपालका पुराना ख्यातिप्राप्त पुस्तकालयदेखि लिएर नयाँ पुस्तकालयमा समेत वासुदेव ढकाल, वासुदेव उपाध्याय ढकाल र वासुदेव उपाध्याय ढकाल औपमन्यव नामले समेत ९ वटा कृतिहरू राखिएकाले नेपाली साहित्यिक क्षेत्रमा अलिकति मात्र पनि अभिरुचि राख्ने जो कोहीले सजिलैसँग चिन्न सक्छन् । साथै गोरखापत्र लगायत दैनिक साप्ताहिक मासिक त्रैमासिक पत्रिकाहरूले समय समयमा प्रकाशित गरिआएकै छन् ।

अब अन्तमा वासुदेव ढकालको परिचय एवं पहिचान पत्रमा यस्तो लेखिएको छ -

ॐ ब्रह्मानन्दं गुरु, पञ्चमहाव्रती
श्री वासुदेव उपाध्याय ढकाल 'औपमन्यव'
योगाचार्य वरिष्ठ साहित्यकार विश्वपर्यटक
उत्तरी ध्रुवप्रदेशको पहिलो नेपाली पद्मश्री
योगको क्षेत्रमा पुरस्कार स्थापना गर्ने पहिलो नेपाली
दार्शनिक विशिष्ठ ज्ञानयज्ञ प्रथमो दानशौण्ड
वासुदेव योगाश्रम, तेतीधर
९१२ बौद्धबानेश्वर देवकोटा सडक, काठमाडौं-१४

१. किनस्याण्ड हुनुपर्नेमा किलिपिन्स छापिनु मुद्राराक्षसकै कारण हो ।
२. दक्षिणी ध्रुवको यात्रा गर्ने पहिलो नेपाली अमुक विषयकमा हुनुपर्नेमा उत्तरी ध्रुव हुनुपर्नु समीक्षकको असावधानी वा सामान्यज्ञानको किताबले उत्पन्न गराएको भ्रम हो ।
३. वासुदेव ढकाल भन्ने साहित्यकार छ कि छैन ? भन्नुको अर्थ वासुदेव ढकाल साहित्यकार होइन भन्ने खोजिएको नभई ऊ एउटा विज्ञापन गरेर प्रचारमा आउन चाहने साहित्यकार नभई एउटा उत्तम्मो मौलसाधक साहित्यिक व्यक्तित्व हो भन्ने खोजिएको हो ।
४. परराष्ट्र मन्त्रालयको पत्र र पत्रिकाहरूमा प्रकाशित विवरणहरू समेत उल्लेख गरी सप्रमाण यति कुरा लेखिदिनुभएकमा आदरणीय वासुदेव उपाध्याय ढकालज्यूलाई हार्दिक धन्यवाद !

- सम्पादक

रेडियो नेपाल, नेपाल टेलिभिजन र एफ.एम.हरूबाट प्रसारण हुने आध्यात्मिक कार्यक्रम "आशाको सन्देश" सुन्न नभुल्नुहोला ।

रेडियो नेपालबाट प्रत्येक आइतबार बेलुकी ९:३० बजेदेखि १०:०० बजेसम्म
नेपाल टेलिभिजनबाट प्रत्येक शनिबार बिहान ६:०५ बजेदेखि ६:३० बजेसम्म
कान्तिपुर एफ.एम.बाट प्रत्येक आइतबार बिहान ६:०० बजेदेखि ६:३० बजेसम्म
गोरखा एफ.एम. ९३ बाट प्रत्येक शुक्रबार बेलुकी ९:०० बजेदेखि ९:३० बजेसम्म
भक्तपुर एफ.एम.बाट प्रत्येक शनिबार बिहान ६:१५ बजेदेखि ६:३० बजेसम्म
नेपालीको रेडियो ८८.८ बाट प्रत्येक बुधबार बेलुकी ८:३० बजेदेखि ९:०० बजेसम्म

सम्पर्क ९८४१३३१३४८/९८५१०३५३९३

- बस्ती संस्कृतिको निर्माण गरिनुपर्छ कि सेर्पा, तामाङ, लिम्बु या गुरुङले आयोजना गरेको साहित्यिक एवम् सांस्कृतिक सभा समारोहमा पहाडी र मधेसीहरूको पनि सहभागीता हुनुपर्छ । बसैंगरी पहाडीया ब्राह्मण, क्षेत्री, नेवार, दमाई, कामी, सार्की या अन्य जनजातिले आयोजना गरेको सभा समारोहमा हिमाली एवम् मधेसीहरूलाई प्रतिनिधित्व गराइनुपर्छ र मैथली, भोजपुरी, थारूलगायत तराइका अन्य जाति एवम् सम्प्रदायहरूले पनि आफ्नो साहित्यिक एवम् सांस्कृतिक कार्यक्रमहरूमा हिमाली एवम् पहाडी समुदायलाई ससम्मान आमन्त्रण गर्नुपर्छ ।

- यतिमात्र होइन हामी चाहन्छौं-सेर्पा/तामाङले पहाडी र मधेसीलाई सम्मान गरून्, पहाडीले हिमाली र मधेसी समुदायलाई पुरस्कृत गरून् र तराईका जाति र सम्प्रदायले हिमाली र पहाडीलाई अभिनन्दन गरून् । बसैंगरी सुदूरपश्चिमको सांस्कृतिक कार्यक्रममा पूर्वीया नाचून्, पूर्वीया गीत पश्चिमाले गाऊन् र मध्यक्षेत्रको संस्कृतिले पूर्वीया र पश्चिमालाई अभिसिञ्चित गरून् ।

- धार्मिक सद्भाव पनि यस्तो होस् कि आफ्ना आराध्यदेव जेसुकै भए पनि वैदिक मन्दिरहरूमा क्राइष्ट र पैगम्बरका फोटाहरू टाँगिऊन्, चर्चहरूमा शिव र बुद्धका मूर्तिहरू राखियून् र मस्जिदहरूमा विष्णु, दुर्गा र इसामसिहका चित्रहरू कोरियून् । एउटा मानिसले अर्को मानिसको मन र विचार बुझ्न सकोस् । धर्मको नाममा विश्वमा कुनै विवाद नआओस् जनभावनामा कतै ठेस नलागोस् ।

अन्तमा:

- भाषा-साहित्यको मातृसंस्थाको रूपमा रहेको नेपाल प्रज्ञा-प्रतिष्ठानको गठन अझै हुनसकेको छैन । प्रज्ञामनीषीहरूमाथि उपहास र अपमान गर्दै गाईजात्रे ढङ्गबाट गठन गर्न खोजिएको प्रक्रियालाई प्राज्ञसमुदायले लोप्या ख्याइदिएपछि रोकिएको प्रक्रिया पुन: सुरु हुने सङ्केतसम्म देखिएको छैन । साहित्यिक पत्रिका र साहित्यिक संस्थाहरूलाई दिँदै आएको आर्थिक सहयोग पनि कटौती गरिएको छ । यस प्रवन्धमा दरिद्र मानसिकता बोकेका ती मन्दमतिप्रति हामी खेदमात्र प्रकट गर्दछौं । अक्षरलेखमा विरोध गर्दछौं ।

दायित्व

(साहित्यिक द्वैमासिक)

विषयक्रम

सूचना	पेज नं.	स्रष्टा
कथा/लघुकथा		
एउटा कथा यस्तो पनि	६	माया ठकुरी
नयाँ जीवनको परिवेश	१०	भागीरथी श्रेष्ठ
आफ्नो अस्तित्वको अर्थ	४०	अशिष बमेपाली
स्वागत कार्यक्रम	४०	कपिल सामिछाने
बहुमूल्य उपहार	४६	ललिता दोषी
दशैं	५५	गङ्गा पौडेल
लेख/निबन्ध		
नेपालको नलेखिएको प्राचीन इतिहास	२	मदनमणि दीक्षित
सुधारको बाटो	१४	नरेन्द्रराज पौडेल
लुरिगुम्बाको लिपि र मुस्ताङको गौरव	४१	शिव जयरोधित
समीक्षा/समालोचना		
ऋग्वेद : साहित्यिक मूल्य र अनुवाद	१९	डा. देवीप्रसाद सुवेदी
साहित्यकार बसन्तकुमार शर्मा 'नेपाल'माथि....	२६	गुरुङ सुशान्त
काफ्लेजीको नयाँ पुस्तक.....	३१	भुक्तिनाथ शर्मा
'लहर' कथासङ्ग्रहको विश्लेषण	३५	सीमा सुब्बिस
जीवन, गीत र पाइला	५१	हेम भण्डारी
तीन स्रष्टा र सिर्जना	५८	यादव भट्टराई
कविता/गीत/गजल/मुक्तक		

बुनु लामिछाने -१/बियोगी बुढाथोकी-३/ बसन्तकुमार शर्मा 'नेपाल'-४/कृष्ण प्रधान-९/रामेश्वर जलन-१३ / नीलमकुमार न्यौपाने-१७/शङ्कर शाह 'अशियाना'-१८/ रामविक्रम थापा-१८/ पूर्णानन्द जोशी -२४/ प्रतिभन्द 'बाबी'- २५/ खड्गबहादुर कौशिक -२५/ खड्गबहादुर थापाशाई-२९/ कङ्केल जनक -२९/ रासा-३०/ कमलराज के सी - ३०/ सुमा श्रेष्ठ-३०/ अमित श्रेष्ठ-३४/ हेमन्तप्रसाद दाहाल-३९ / / विश्व सिग्देल-४०/ जीवनपानी-४७ / नवसापकोटा-५०/भविलाल सामिछाने-५० ।

साथमा: सम्पादकीय/पाठक प्रतिक्रिया/हाम्रा प्रकाशनहरू/प्राप्ति स्वीकार आदि

सम्पादकलाई चिठी

प्रिय सम्पादकज्यू,

दायित्व (साहित्यिक मासिक), वर्ष १४ पौष २०५७, पूर्णाङ्क ३९ को समीक्षा स्तम्भमा 'विभिन्न तीन कृतिमाथि विचरण गर्दा' शीर्षकको तेस्रो नम्बरमा 'उत्तरी ध्रुवप्रदेशको यात्रा प्राप्तिको प्रश्न' छापिएको रहेछ ।

उक्त समीक्षा स्तम्भमा यस्तो लेखिएको रहेछ-

'उत्तरी ध्रुवमा पाइला टेक्ने पहिलो नेपाली यात्री को हो भन्दा हामीलाई एकछिन सोच्न बाध्य हुनुपर्छ । र, त्यसको सही उत्तर निस्कन्छ/निस्कदैन यात्रा छैन । या इतिहासमा अमुक विषयमा या अन्य कुनै पहुँचवालाको नाम छापिएको पो छ कि के यात्रा ? यसरी नै नेपाली साहित्यको पर्दामा नजर दौडाउँदा वासुदेव उपाध्याय ढकाल भन्ने नेपाली साहित्यकार छ कि छैन ? साथै नेपाली साहित्यकार कोश या लेखक कोश पल्टाउनु पर्ला र खोज्नु पर्ला ढकालको नाम र परिचय ।'

अर्को कुरा, उत्तरी ध्रुवप्रदेशमा पनि भिनसन्याण्डलाई दक्षिणी एशियामा पनि भिनसिन्सको भ्रम भएछ समीक्षकलाई । अथवा मुद्राराक्षसको फोला पर्नुभएछ उहाँ सरमरी । यसैले उक्त समीक्षा केही त्रुटिपूर्ण भएकोले त्यसको मूलसुधार गर्न अति आवश्यक परेको हो । उत्तरी ध्रुवप्रदेशको पहिलो नेपाली यात्री वासुदेव ढकालको परिचय एवं पहिचानको प्रश्न समेत छापिएकोले साथसाथ त्यसको उत्तर समेत दिनुपरेको हो । यद्यपि यी कुरा ८/९ वर्ष पुरानो भइसकेको छ । र, वासुदेव ढकाल ८२ वर्षको उमेर भएर पनि प्रभुको अनुकम्पाले अतितेस्म बाँचेकै छ ।

उत्तरी ध्रुवप्रदेशमा पाइला टेक्ने पहिलो नेपाली यात्री को हो भन्दा तपाईलाई एकछिन सोच्न बाध्य हुनुपर्दैन र त्यसको सही उत्तर निस्कन्छ/निस्कदैन यात्रा छैन पनि भन्नु पर्दैन । या इतिहासमा अमुक विषयमा या अन्य कुनै पहुँचवालाको नाम छापिएको छ कि के यात्रा ! भन्नु पनि पर्दैन । किनभने अमुक विषयमा भन्ने व्यक्तिले त हुनसक्छ दक्षिणी ध्रुवप्रदेशको यात्रा गरेको, न कि उत्तरी ध्रुवप्रदेशको यात्रा ।

अत: उत्तरी ध्रुवप्रदेशमा यात्रा गर्ने पहिलो नेपाली त वासुदेव ढकाल नै हो भन्ने कुरा यी ५ को सरकार परराष्ट्र मन्त्रालयको वसैसाग प्रस्तुत पत्रको प्रतिलिपिबाट प्रष्ट भाइ हुनसक्छ । उक्त पत्रको प्रतिलिपि स्वयं लेखक वासुदेव ढकालद्वारा लिखित 'उत्तरी ध्रुवप्रदेशको यात्रा साथै लेखनीको 'जीवन यात्रा' मा पनि प्रकाशित भएको छ ।

उत्तरी ध्रुवप्रदेशमा यात्रा गर्ने पहिलो नेपाली यात्री वासुदेव ढकाल हो भन्ने कुरा निम्न लिखित पत्रपत्रिकाहरूले यसरी प्रकाशित गरेका छन्-

सर्वप्रथम नेपाल समाचार पत्र रविवासरीय उपहार २०५६ माघ २ गतेको पत्रिकाका पत्रकार व्याकुल पाठकद्वारा 'साहित्यकार ढकाल र उत्तरी ध्रुवप्रदेशको यात्रा विवरण' प्रकाशित भएको छ । यसमा प्रष्टरूपले यसो भनिएको छ- 'सर्वप्रथम उत्तरी ध्रुवप्रदेशको यात्रा गर्ने नेपाली को हो ? भनेर हाजिर जवाफी प्रश्न गर्ने हो भने उत्तर छ- वासुदेव ढकाल ।'

गतिविधि साप्ताहिक पत्रिकाका सम्पादक पदमसिंह कार्कीद्वारा पनि वासुदेव ढकालको उत्तरी ध्रुवप्रदेशको यात्रालाई धारावाहिक रूपमा विभिन्न शीर्षकमा २०५७ साल वैशाख-जेठमा प्रकाशित भएको छ ।

मासिक पत्रिका साधनामा पनि उत्तरी ध्रुवको प्रथम नेपाली यात्री योगाचार्य वासुदेव ढकाल ककेटरेखा पार गरी उत्तरी ध्रुवमा पाइला हाल्ने प्रथम नेपाली यात्रीका रूपमा चिनिन्छन् भनी २०५९ पुसको पत्रिकामा प्रकाशित गरेको छ ।

२०५८।९।२७ को समदृष्टि साप्ताहिकले 'उत्तरी ध्रुवप्रदेशको यात्रा साथै लेखनीको जीवन यात्रा' शीर्षक राखेर वासुदेव ढकाल लिखित पुस्तकको समीक्षा गरेको छ ।

छन् भने 'ईश्वरका कथा' २०६५ सालमा प्रकाशित पछिल्ली लघुकथा-सङ्ग्रह हो ।

कुनै घटना विशेषलाई पात्र र परिवेशको सिर्जना गरी सङ्क्षिप्त शैलीमा अभिव्यक्ति गर्ने कलात्मक आख्यान साहित्यलाई लघुकथा भनिन्छ । अभिव्यक्तिको सङ्क्षिप्तता र प्रभावको चरम बोक्ने लघुकथाले । डा. रवीन्द्र समीरका लघुकथा जीवनका परिवृत्तिमा नवीन खोजका सन्दर्भ लिएर उपस्थित हुन्छन् । समाजको परम्परा, मूल्य र मान्यताका सार्थक अभिप्रायर्जन सम्बद्ध उहाँका लघुकथाले साँझ परम्परा र विकृत यथार्थसँग पटकै मेल राख्दैनन् । प्रस्तुत सङ्ग्रहमा जम्मा छयन्नबटा लघुकथा समेटिएका छन् । यस सङ्ग्रहका सबैजसो कथाहरू ईश्वर-विश्वसँग गासिएका छन् । मानव समाजका प्रसङ्गहरूलाई ईश्वरीय दृष्टिकोणले प्रस्तुत गर्दै विकृतिजन्य परिस्थितिको जन्यको आग्रह गरेका छन् - कथाहरूले । यी कथाहरू हाम्रो समाजमा व्याप्त भ्रष्टाचार, अन्याय, अत्याचार, छलकपट, बेइमानी, अमानवीयता, जस्ता विकृति विसङ्गतिविरुद्धमा उभिएका छन् । कथाकार समीरको नवीन प्रस्तुति शैली भेटिन्छ - कथामा । प्रायः परिवेशाले अनुकूल संयोजन यस कृतिको विशेषता हो । ईश्वर मान्छेको आफ्नो स्वार्थी र यी कथाहरूको उपज हो भन्ने तर्क प्रस्तुत गर्छन् यी कथाहरूले एकातिर भने अर्कोतिर ईश्वरका नाउँमा मान्छेले भ्रष्ट र अन्ध आचरणप्रति सङ्केत गरिएको छ । सङ्ग्रहका लघुकथामा शीर्षक दिइएको छैन । केवल कथाङ्कले शीर्षकको रूप लिएका छन् । शिव, गौतमबुद्ध, ब्रम्मा, पार्वती, द्रोणाचार्य, अर्जुन, कृष्ण, राम, इन्द्र, यमराज, चित्रगुप्त, द्रौपदी, युधिष्ठिर, दक्षप्रजापति, जस्ता पुरै पात्रहरूको प्रयोग कथामा गरिएको छ । सरल भाषा, नयाँ शैली र बिम्बको प्रयोगले कथाहरू रोचक बनेका छन् । अन्य कथाकारका लघुकथाले भन्दा यी लघुकथाले नयाँ स्वाद दिएका छन् । कथाको अन्तिम लक्ष्य मानवे र समाज नै भएको सन्दर्भले कथाहरूको मूल्य निर्धारण गरेको छ । प्रत्येक कथाभन्दा पहिले चित्रहरू राखिएका छन् । चित्रहरू अर्थपूर्ण छन् ।

रत्नपुस्तक भण्डारद्वारा प्रकाशित प्रस्तुत सङ्ग्रहमा सुर्यनारायण खेप्ठाको रेखाचित्र राखेको छ । स्तरीय कागज र छपाई भएको यो कृति पठनीय बनेको छ । समग्रमा नयाँ शिल्प र शैलीका साथै कथाकारको धार्मिक र पौराणिक विषयवस्तुको ज्ञानले कथा रोचक र नवीन बनेका छन् ।

- पैरवा (ज्ञान बाठमाडौं)

चक्रवत्

✍ नवतापकोटा

अमीरत्वले संसारको शासन गर्दछ
शासनले संसारको शोषण गर्दछ
शोषणको पराकाष्ठामा जन्मन्छ क्रान्ति
क्रान्तिले शोषणको विरोध गर्दछ
विरोधले शासनसित संघात ल्याउँछ
संघातले जनताको रगत मागेछ
रगतमा जर्फराएर उम्रन्छ हिंसा
हिंसाको साम्राज्यमा हुन्छ संहार
निमुछा जनता
चिहानमा हरेस्छ फेरि-
उही अमीरत्व
उही शासन
उही शोषण ।

- कविता निकेतन, बैजोटानगर गुवाहाटी-११

समुद्र र म

✍ भक्तिलाल लामिछाने

समुद्रको छिजले बनाएको छ एउटा कावा
प्रलयको दिनसँगै सुन्नेछौं
समुद्र र म
त्यसै एउटा काबो आढेर ।

अतिसुकै उर्स पनि समुद्रका छालहरू
सुस्याएर अति नै अट्टहास गरे पनि
समुद्रको विस्तार बालुवासम्म मात्र हो,

एकदिन ऊ बालुवा ओढेर सुन्नेछ
औ, म बालुवा सिरानी पारेर ।

- अक्षम

दायित्वबोध

✍ बुन लामिछाने

आफ्नै उचाइ नहिराइ र व्याप्ति छाई
आफू हिँडी सुपथमा दुनियाँ हिँडाई
सद्भाव बाँड्न सुकिलो पनले समर्थ
'दायित्व' शब्द सजिलो गहिरो छ अर्थ ।

॥१॥

मेरो महत्व कति हो? किन जान्मिएछु ?
के काम गर्नु छ भनी किन हुर्किँदैछु ?
खोजेर लक्ष्य कसरी म बढुँ अगाडि
सोचेर यी विषयमा मति तीव्र पारी ।

॥२॥

मस्तिष्क मन्थन गरी बलबुद्धि खार्ने
सङ्कल्प ली विकृति औ कृतिमा सपार्ने
सद्ज्ञान ज्योति पनि दी जडता निखार्ने
जिम्मा स्वयं दिइदिई क्षमता उभार्ने ।

॥३॥

आदर्श अग्रगतिका उपदेश छर्ने
निस्वार्थ सत्यसितको हितभाव गर्ने
यो मार्गदर्शक नयाँ पथ छान्न सक्ने
यो ठीक यो गलत यो पनि जान्न सक्ने ।

॥४॥

गन्तव्य यो शिखरका शिरतार्फ बढ्ने
कर्तव्य यो विकटता पनि जित बढ्ने
यो धैर्य हो धुर्ति भए पनि बढ्न सक्ने
'दायित्व' आत्मबल ही सब गर्न सक्ने ।

॥५॥

सस्कार, रीति अनि संस्कृति नीतिसाथ
सम्भार बाङ्मय कसा र अनेक फाँट
उत्थान गर्न कसिने कसिलो खुबी यो
'दायित्व' शब्द हितको प्रिय दुक्कुली हो ।

॥६॥

संसारका प्रगतिका जति छन् प्रवाह
दायित्वकै छ तिनका गतिमा निगाह
उत्कर्ष उच्चमनको सब एक एक
दायित्वकै मनन हुन् प्रतिभा विवेक ।

॥७॥

मान्छे कुनै अमर भै कति कीर्ति भच्छन्
निस्सार भै कुकुरझैं कति मर्न सच्छन्
देखिन्छ भेद जुन यो जनजिन्दगीको
दायित्वकै अधिकता अनि न्यूनता हो ।

॥८॥

दायित्वबोध नभएपछि हुन्छ जाबै
बढ्छन् अनिष्ट कपटी छल घात माथै,
नेतृत्वनै मुलुकका मुटुबीच लड्छ
सम्पूर्ण शक्ति घरको अलपत्र पार्छ ।

॥९॥

'आफू भएपछि भलो जगतै भलो छ'
संसार नत्र मनिको किचली धली छ
भन्दै उदाहरण दी सब वर्तमान
दायित्व भन्छ सबमा शुभकर्म छान ।

॥१०॥

लेख

नेपालको नलेखिएको प्राचीन इतिहास

✍ मदनमणि दीक्षित

नेपालको वैज्ञानिक इतिहासको अध्ययन र लेखन यो देशका निमित्त आवश्यक छ कि छैन ? प्राध्यापक दुष्टिराज भण्डारीले संवत् २०४७ को महसिरमा प्रकाशित "नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास नामक पुस्तकमा भन्नुभएअनुसार 'इतिहास' शब्दको प्रयोग सर्वप्रथम अथर्व वेदमा भएको पाइन्छ भन्ने उल्लेख गर्दै शतपथ ब्राह्मण बृहदारण्यक उपनिषद् र छान्दोग्य उपनिषद्मा इतिहास शब्दको प्रयोग भएको छ । इतिहास शब्दको व्युत्पत्तितिर ध्यान दिंदा "इति+ह+आस"अर्थात् यहिले यस्तो थियो भन्ने बुझिन्छ । उहाँले प्रथम इतिहासकार-हिसका हेरोडोटस देखि लिएर अत्याधुनिक इतिहासकारहरू बारेसम्म उल्लेख गर्नुभएको छ ।

तथापि दुष्टिराज भण्डारीदेखि लिएर विभुवन विश्वविद्यालय (स्थापित २०१४ साल) देखि अहिलेसम्मका त्यो विश्वविद्यालयका कुनै पनि अधिकारिक प्राध्यापकले नेपालको इतिहास भन्दै सिद्धार्थ गौतम बुद्धभन्दा पहिलेका प्रदत्तावलीलाई "पौराणिक काल" मात्र भनेर त्यो कालको पनि विवेचना नगरी गौतम बुद्धभन्दा निकै पहिलेका मुनिद्वारा चोभारको पहाड फोरेर काठमाडौं उपत्यकाबाट दक्षिणतिर बागमती नदी बगेर जान दिएको बारे उल्लेख गरेका छन् ।

म इतिहासको ज्ञाता कदापि होइन तथापि वैदिक र पूर्ववैदिक समयतिर आर्यावर्तको अवस्थाबारे आफूले थाहा पाएकोतिर ध्यान दिंदा नेपालको इतिहास पूर्ववैदिककालका दुईवटा सभ्यतातिर मेरो ध्यान जानेगरेको छ । पहिलो हो, सिन्धुसभ्यताको विनाशपछि त्यो सभ्यताबाट पूर्वतिर पलायन गर्दै आएका मानिसहरूले नेपालमा सिन्धुसभ्यतामा हुनेगरेको मातृका पूजाको अवशेषको रूपमा काठमाडौंमा "जीवितकुमारी"को पूजा हुनेगरेको देखापर्छ । किंवदन्तिअनुसार वर्तमान कुमारीपूजा माहायान बौद्धधर्मले नेपालमा मान्यता पाउन थालेपछि बाणाहरूले कुमारीपूजा सुरु गरेका हुन् अर्थात् विक्रमको पाँचौं शताब्दितिर । तर कुमारीको बसन्तपुरस्थित मन्दिरमा हेर्दा कुमारीको श्रीपेचमा सिन्धुसभ्यतामा नारीसँग माटोको मकलको तल र माथि तथा चारैतिर असङ्ख्यक साना प्वालपारी त्यसभित्र आगो बालेर टाउकोमाथि राखेर घुम्ने गरेका दुधको अवशेष काठमाडौंको कुमारी पूजाको श्रीपेचको रूपमा अहिले पनि देखापरिरहेको छ । यही कुरा नेपालको पूर्व जङ्गलको दक्षिणतिर लगाई प्रदेशमा अनौसम्म जीवन्त रहेका थारू समुदायका नारीहरूमा देखापर्न गएछ । बाल्यकालमा मैले मै दीरगञ्जको पश्चिम र पूर्वतिरका गाँउहरूका नारीहरूले नवरात्रभरी बिरमाथि चारैतिर प्रशस्त प्वाल पारिएका माटोका मकलभित्र बिरोका ज्वालाहरू बालेर आफ्नो मुकुटलाई उज्यालो पार्दै "भिर्फिक्या" पर्व मनाउनेगरेको देखेको छु । निश्चय नै पाल्हरूको प्राचीन इतिहास सिन्धुसभ्यतादेखि नै हो ।

मैले यहाँ एउटा त्यस्तो लेखको उल्लेख गरेको छु । जर्को लेखण हो नेपालको इतिहासमा मल्लकालसम्म भक्तपुर, ललितपुर तथा कीर्तिपुरसम्म कायम रहेको योजनाबद्ध नगरायण पद्धतिको विकास/ भारतमा मगध साम्राज्यसम्म वा गुप्त कालपछि बिहार राज्यमा योजनाबद्ध नगर विकासको पद्धति कायम गियो । यो पद्धति बारे चन्द्रगुप्त प्रथम मगध सम्राट् र लिच्छवी राजकुमारी कुमारदेवीको केही समयपछि मेघिएको वास्तुकला सम्बन्धी शास्त्रीय पुस्तकले आर्यावर्तमा नगरायणबारे विवेचना गरेको थियो ।

माथि भनिएका कुराहरू सिद्धार्थ गौतमपछिका हुन् । तर भारतको प्राचीन अपूर्वैदिक कालीन इतिहासबारे लेख्ने विद्वान्हरूले सिन्धुसभ्यताको अवसान (विक्रमपूर्व १७००) पछि नै आर्यावर्तमा हिमालयको फेदिमा प्रथम मिथिला अनि कपिलवस्तु र

पृष्ठमा संरचित पुस्तक समरूमा कालजयी व्यक्तित्वहरूको चिनारी पराउने विशेष कृति हो भन्नुपर्छ । कृति पठनीय छ । पाठकहरू निरन्थप्रकाश' पढेर लाभान्वित हुनेछन् ।

२. 'भ्रष्टाचारको भाड'

वि.सं. २०१७ चैत १० गते छापेपसान्चोक कानपुर-१ मा जन्मनुभएका युवराज मैनाली नेपाली साहित्यका कथा, निबन्ध र समालोचनाका क्षेत्रमा सक्रिय रहनुभएको छ । सरकारी सेवारत मैनालीका मुर्दा बोल्ने (२०३७), प्रतिभा केही प्रवृत्ति (२०४२) लगायतका कृति प्रकाशित छन् भने 'भ्रष्टाचारको भाड' उहाँको पाँचौंको व्यङ्ग्यसङ्ग्रह हो ।

समाजमा भएका विकृति-विसङ्गति, अन्याय, अत्याचार शोषण र भ्रष्टाचार लगायतका क्रियाकलापले समाजलाई विकासको बाटोमा अघि बढ्न दिँदैन । यस्तो अवस्था विद्यमान हुनु भनेको राम्रो होइन । अतः यिनै र यस्तै प्रवृत्तिका गतिविधिको विरोध गर्न सचेत वर्गमध्ये स्रष्टाहरू पनि पर्दछन् । सर्जकको कलमले गलत प्रवृत्तिको विरुद्धमा बकालत गर्छ र सभ्य समाज र संस्कृतिको निर्माण गर्न सघाउ पुऱ्याउँछ । यस्तै कर्म चेतना बोकेका सचेत स्रष्टा युवराज मैनालीले जम्मा अठ्ठीवटा विभिन्न शीर्षक अन्तर्गत नेपाली समाजका विसङ्गती र तिनको निराकरण निमित्त अग्रसर व्यङ्ग्यात्मक शैलीका निबन्धहरूको सिर्जना गर्नुभएको छ । मान्छे-मान्छेबीचका वैमनष्यता र घात-प्रतिघात, अन्याहरूको हतियार बन्द, भ्रष्टाचारको नशाले ग्रस्त नेपाली जनजीवनका परिदृश्य, टीपीको महत्व, अक्षको पढ्न र सुन्न मचाइने महान् साहित्यकार, पत्रिकारिता विकृति, पुच्छरको महिमा, सत्ता र नेताको सम्बन्ध, अक्षरको महत्व, 'प' को प्रपञ्च, राम्रो 'म', सम्मान र पुरस्कारको बढ्दो गतिविधि, प्रजातन्त्र, नयाँ नेपालमा राष्ट्रपति बन्ने होड, रक्सीको आत्मकथा, प्रचारमा अल्मोको संसार, शक्तिपूजामा रुमल्लिएको मानवता, नाम्नको भोक, अभाव, महङ्गी र असुरक्षाको वर्तमान भोगिरहेका निरीह जनता आदि विषयवस्तुलाई समेटेर प्रकाशन गरिएको 'भ्रष्टाचारको भाड' मार्फत् नेपाली समाजले भोगिरहेकी सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक विसङ्गतिलाई चिरफार गर्ने र समरूमा समाजलाई गतिको बाटोमा डिंडाउन खोज्ने सत् प्रयत्न गरिएको छ । युवराज मैनालीको समालोचनीय प्रवृत्तिको प्रभाव यस कृतिमा प्राप्त गर्न सकिन्छ । नेपाली समाज तमाम विसङ्गतिले आक्रान्त छ-यतिनेला । निबन्धकार मैनाली तत्तत् क्षेत्रमा भाटारो हान्न सफल हुनुभएको छ । परिष्कृत र सरल भाषा, रोचक व्यङ्ग्यात्मक शैली, शिष्ट अभिव्यक्ति र विषयवस्तुको गाम्भीर्य व्यङ्ग्य निबन्धकार मैनालीका विशेषता हुन् । पाठकको संवेदनालाई झकझकयाउने सामर्थ्य पाइन्छ-यी सिर्जनामा । प्रत्येक नेपालीले भोगिरहेका विषम यथार्थहरूको व्यङ्ग्यात्मक कृति 'भ्रष्टाचारको भाड' ले नेपाली सचेत जनमानसलाई हल्लाउन सक्ने खुबी बोकेको छ भन्ना सोचिराहनु पर्दैन । मान्छेको नैतिक मूल्य र मानवताका विकसित स्वरूपको परिकल्पनामा आरोपित लेखकीय सङ्कल्प जोडदार रूपले अभिव्यक्त भएको यो कृति पठनीय बनेर आएको छ । व्यङ्ग्य लेखनलाई त्यति सजिलो मानिँदैन । भैरव अर्याल, केशवराज पिंडालीलगायतका नेपाली साहित्यका अग्रज व्यङ्ग्यकारले देखाएको बाटोमा आफ्नै शैली र शिल्पमा भिजेर हास्य गोरे र व्यङ्ग्य अभिव्यक्ति अधिक प्रस्तुत गर्दै यस यात्रामा टङ्कारो उपस्थिति जनाउने युवराज मैनालीको लेखन प्रशंसनीय छ ।

भानु प्रकाशनद्वारा प्रकाशित प्रस्तुत कृतिमा भवानीप्रसाद घिमिरे, विष्णु प्रभात, युवराज मैनाली लगायत नरेन्द्रराज पौडेल र डा. गोविन्दराज भट्टराईका अभिमत र टिप्पणी समावेश गरिएका छन् । जम्मा जम्मी १३६+१४ पृष्ठमा संरचित यस कृतिभित्र छोटा र सामान्य आकारका व्यङ्ग्य निबन्धहरू समेटिएका छन् । समरूमा विसङ्गतिका विरुद्धको सशक्त दस्तावेज बनेको मैनालीको प्रस्तुत कृति समसामयिक नेपाली समाजको वास्तविक चित्र बोक्ने र त्यसको निकारणका निमित्त मध्यस्थाउने सार्थक अभिलेख हो ।

३. 'ईश्वरका कथा'

डा. रवीन्द्र समीर नेपाली लघुकथा लेखनका क्षेत्रमा स्थापित नाउँ हो । वि.सं. २०५३ मा पहिलो लघुकथासंग्रह 'तेस्रो आँखा' प्रकाशित भएपछि समीरका पोस्टमार्टम (२०६२), विकिरण (२०६३) जस्ता लघुकथा-संङ्ग्रह तथा 'बस्तो नाइलभित्र चाँदीको घेरा' (२०६२, मुक्तक तथा गजलसङ्ग्रह), रोडम्याप लफ नेपलिज मेडिसिन (सन् २००६) अङ्ग्रेजीमा स्वास्थ्य विज्ञानसँग सम्बन्धित कृति प्रकाशन भएका

समीक्षा

तीन स्रष्टा र सिर्जना

✍ माधव भट्टराई

१. 'नित्यप्रकाश'

समाज र राष्ट्रका निमित योगदान गर्नेहरूको बेलै महत्व हुन्छ । भाषा साहित्य, संस्कृति, शिक्षा र सामाजिक सेवाका क्षेत्रलाई आफ्नो क्षमता र साधनले सिंगारि व्यक्तित्वहरू स्मरणीय हुन्छन् । अझ समाजका यस्ता स्वनामधन्य व्यक्तित्वका बारेमा चर्चा गर्ने र तिनका योगदानलाई अक्षरमा रूपान्तरण गर्ने काम प्रशंसनीय हुन्छ । यस्तै कार्य गर्नुभएको छ नित्यराज पाण्डेले ।

वि.सं. १९८८ पौष २० गते काठमाडौंको धोबीधारामा जन्मनुभएका नित्यराज पाण्डेले सरकारी सेवाका विभिन्न निकाय र पदमा रहेर प्रशासनिक अनुभव प्राप्त गर्नुभएको छ भने उहाँले विभिन्न विद्यालय, महाविद्यालयमा अध्यापन गर्नुभएको देखिन्छ । विभिन्न साहित्यिक एवम् सामाजिक संस्थासंस्थामा आबद्ध उहाँले धेरै सम्मान र पुरस्कार प्राप्त गर्नुभएको छ । मदन पुरस्कार प्राप्त पाण्डेका बौद्ध दर्शन (२०१३), महाकवि देवकोटा (१२१७), राजीवलोचन जोशी र केदार कार्य (२०५५), कमलप्रसादीय पाण्डे (चङाखोला) समाज संग्रावली (२०६०) जस्ता कृतिको प्रकाशन गर्नुभएका उहाँले २०६५ सालमा 'नित्यप्रकाश' (मोतिराम भट्टदेखि दिनेशराजसम्म) लेखहरूको संग्रह प्रकाशित भएको छ ।

मोतीराम भट्ट नेपाली साहित्यको माध्यमिककालका केन्द्रीय प्रतिभा हुन् । कविहरूको संङ्गठन गर्ने क्रममेखि लिएर रामायण संङ्कलन र भानुभक्तको जीवनचरित्रमा प्रकाश पार्ने काम उनले गरे । राष्ट्रवादी व्यक्तित्व मोतीराम गजलकार, नाटककार शृङ्गाररसिक कवि, समाजसुधारक एवम् उद्यानका संङ्ग्राहकर्ता र विभिन्न भाषाका ज्ञाता थिए । तीस वर्षको उमेर मात्र बाँचेका मोतीराम भट्टको योगदानलाई समेटेर लेखिएको 'मोतीरामको स्मृतिमा एक फुल' शीर्षकको लेखसङ्ग्रहको पहिलो रचना हो । संङ्ग्रहका तीस लेखमध्ये उनान्तीसवटा लेखहरू व्यक्तित्व केन्द्रित छन् भने एउटा लेख 'निजामती शिक्षा र खेला पाठशाला' रहेको छ र इतिहास शिरोमणि बाबुराम आचार्यप्रति श्रद्धासुमन व्यक्त गरिएको छ । बासुदेव भट्टराई, 'शारदा' उपासक चन्द्रबहादुर मल्ल, रुद्रराज पाण्डे, बालकृष्ण सम, दशरथ चन्द, केशरबहादुर के.सी., शङ्करदेव पन्त, भवानी भिक्षु, महाकवि लक्ष्मीप्रसाद देवकोटा, प्राध्यापक तोकराज पाण्डे, खड्गमान मल्ल, गौरीशंकर पाण्डे 'असीम', विद्वान् नवराज पन्त, योगी नरहरिनाथ, वासुदेव लुइँटेल, विष्णुप्रसाद थिताल, बद्रीविक्रम थापा, केशवराज पिंडाली, ईश्वर बराल, गोमा, डा. यादवप्रसाद पन्त, माधुरी भट्टराई, बालमुकुन्ददेव पाण्डे, दिनेशराज पन्त लगायतका नेपाली समाजका स्थापित व्यक्तित्वका योगदानबारे चर्चा गरिएको कृति महत्वपूर्ण छ । नेपाली साहित्य, संस्कृति, इतिहास, समाज, धर्म, शिक्षा आदि क्षेत्रसम्बद्ध विशिष्ट व्यक्तित्वका बारे लेखिएका र विविध पत्रिकामा प्रकाशित यी रचनाहरू पढेर त्यसबेलाको नेपाली समग्र समाजको अवस्था र यी व्यक्तित्वहरूको योगदानलाई स्पष्टरूपमा बुझ्ने र जान्ने अवसर पाइन्छ । त्यसो त यी उल्लिखित व्यक्तित्वहरू प्रत्येकका विषयमा छुट्टै अनुसन्धान र अध्ययन गर्न सकिने प्रशस्त आधारहरू छन् । तर पनि सङ्ग्रहभरमा व्यक्ति-केन्द्रित लेखहरूको आफ्नै महत्व र विशेषता रहेको देखिन्छ । विभिन्न विशेषाङ्क र स्मृतिग्रन्थ समेटिएका लेखहरूको सङ्कलनका रूपमा आएको 'नित्य प्रकाश' विभिन्न विषय र कालखण्डलाई समेट्ने निबन्धात्मक कृति हो । जहाँबाट तत्कालीन नेपाली समाजको शिक्षा, संस्कृति, साहित्य र इतिहासलाई थियाउन मद्दत मिल्छ । नित्यराज पाण्डेको आफ्नै शैलीमा लेखिएका यी लेखहरू रोचक हुनुका साथै प्रासङ्गिक पनि छन् । भाषा सरल र बोधगम्य छ ।

चित्रशर्म-राजीवलोचन जोशी स्मारक प्रतिष्ठानद्वारा प्रकाशित प्रस्तुत कृतिमा प्रवचकीय र लेखकीय मन्तव्य समेटिएका छन् । एकसय छयासी

अयोध्या नगर बसाएका थिए भनेका छन् । यसरी हेर्दा नेपालको इतिहासमा वैदिक कालपछि उत्तरवैदिक र पौराणिक कालमा ऋषिमुनीहरूले हिमालयको शरणमा तप गर्नेगरेका थारे थाहा हुन्छ । नेपालका जिल्लाहरू बाङ, मुस्ताङ, लुम्बिनी तथा काठमाडौं उपत्यका र नवलपरासीमा फेला परेका नवपाषाण युगीन ढुङ्गेजौजारहरूलाई प्राचीन युगको पुरातात्विक इतिहासको साक्ष्य लिन सकिन्छ भन्ने म ठान्दछु ।

प्रश्न उठ्छ, नेपालमा आर्य आगमन कहिले भयो ? कसै नेपाली विद्वानहरू सैन्धव सभ्यताको विनासपछि स्थानबाट मानसरोवर नेपालमा आएर बसेका थिए । तर संवत् २०४६-४७ तिर तिब्बत सामामा नेपालको महावाणिज्य राजदूत भई बसेका एक हिमाली भेगका सज्जनले भनाई त्यसबेला भनेअनुसार महादेवको वासस्थान मानिएको कैलास पर्वतको दक्षिणतिर रहेको मानसरोवरबाट कैलास पर्वत र गन्धमादन पर्वतहुँदै पहाडको तल भोटम सिङ्कलग हुँदै कसरगर र बार्कन्द भएर हाल बरम मुस्तुङ रहेको प्राचीन पर्वतीय गोरेटोमा तिनी आर्य हिँडेका थिए । यसबाट प्राचीन गोरेटोको स्थानिय्वको उपयोग गर्दै गन्धमादन पर्वतको तल्लो फेदिमा रहेको ताजाकिस्तानबाट मानसरोवरसम्म आवत-जावत गर्नु प्राचीन समयमा गाह्रो थिएन भन्ने बुझिन्छ । पुराणहरूमा उल्लेख भएको देवस्थल अर्थात् अमरावती यही बाटोको छेउमा पर्ने गर्थ्यो ।

संवत् २०४६ मा मेरो "त्यो युग" नामक पुस्तक प्रकाशित भएको थियो । त्यस पुस्तकमा रहेका ४२ वटा लेखले वैदिक र उत्तरवैदिक समाजबारे सामान्य चर्चा गरेको थियो । पुस्तक प्रकाशन भएको दुई दशक पूरा हुन लाग्यो । तथापि श्री जनकलाल शर्माले लेखनुभएको प्राक्कथनको अन्यतिर "नेपाली वाङ्मयमा नेपाली हृदयबाटै सोचिएको र लेखिएको हिसाबले यसलाई पहिलो र सशक्त कृति मानी पर्दछ" भन्नुभएको थियो ।

"हिन्दू" शब्द इशापूर्व ६०० पछि इरानका राजा डेरियस प्रथमले प्रयोग गर्न थालेका थिए । तथापि यो संज्ञानिमित्त म सिन्धुसभ्यताकालदेखिकै हिमालय र विन्ध्यपर्वतको उत्तरतिर रहेको आर्यावर्तनको संस्कृतिलाई म हिन्दूसंस्कृति भन्ने गर्छु । यो संस्कृति सम्भवतः विश्वकै प्राचीन ज्ञात संस्कृत हो, जसको निर्माण र विकासमा नेपालसहित सहभागी गराउनुपर्छ । यसतर्फ नेपालका विद्वत् समुदायले न्यूनतम प्रयासमात्र गरेको छ । मेरो विचारमा त्रिभुवन विश्वविद्यालयले यो प्राचीनतम इतिहासको अध्ययन निमित्त विशेष र छुट्टै व्यवस्था गर्नु आवश्यक भएको छ । उदाहरणका लागि महाभारतको मुख्य कार्यस्थल हस्तिनापुर थियो तर महाभारतको १८ पर्वमध्ये हिमालय, हिमपर्वत, गन्धमादन र हिमशिखर गरी १५० पटकभन्दा बढी ठाँउमा चर्चा भएको देखिन्छ । जब कि 'हस्तिनापुर' ५२ पटकमात्र उच्चारण गरिएको छ । नेपाललाई अहिले पनि संयुक्त राष्ट्र संघमा बोल्नेहरू "हिमाली राज्य" भन्ने गर्दछन् । बङ्गोप सागरमा खस्ने यावत पानी हिमालयको क्षेत्रमा जन्मिन्छन् भन्ने सत्यलाई नबिसौं । हामी सगरमाथा चुचुरोमा शेर्पा आरोहीहरूले गिरिजा प्र.कोइरालाको तस्वीर र पाटीहरूका झण्डा गुन्याएका थिए । के त्यसमा ऐतिहासिक महत्व छैन ?

❖❖❖

गजल

✍ वियोगी बुढाथोकी

नयाँ वर्ष एकपल्ट पुनः आएको छ
हामी बीचमा सुन्दर माया लाएको छ ।

हिमाल, पहाड, तराई भोटिन्छ उन्नत
हातैमालोमा रम्ने कसम खाएको छ ।

विगत पोल्ने कटुतासाई यतै छोडौं
अब स्वतन्त्रताको उज्यालो छाएको छ ।

आकृतिमा विकृतिको छाया नपरोस्
बोधोनमा कोही नपार्ने समय आएको छ ।

बेदनाका छालमा धेरै पौडिएपछि
नयाँ नेपालसे लोकतन्त्र पाएको छ ।

हालीगौंडा

वर्ष २३/ पूर्णाङ्क ६५/ जेठ-असार २०६६

(द्वैमासिक)

दायित्व

प्रधान सम्पादकः
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६

सम्पादन सल्लाहकारः
ठाकुर शर्मा
फोन नं. ४-४२०६१०

सह-सम्पादकः
यादव भट्टराई
फोन नं. ४-७८३२६४

सम्पादन सहयोगीः
केशवराज पन्त
कमल ज्ञवाली
विष्णु ज्ञवाली

कम्प्यूटर
दिपेन्द्र बस्नेत

सहयोग
रु. २५/-

व्यवस्थापकः
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

कार्यालय
घ-२७२/७०, चावहिल-७, काठमाडौं
फोन ४-४७४९८३, पो. ब. नं. ६७६६, काठमाडौं
e-mail: dayitwa@hotmail.com

मुद्रकः सूर्योदय छापाखाना, फोन नं. ४४३४९७१, छौंधारा, काठमाडौं

बेला देखे त्यहाँ रोहनकी श्रीमतीसँगै निरुलाई आफूले लगाएको गहना/सुगा देखाउँदै बयान गर्दै थिइन्, "यो साडी उहाँले बैङ्कबाट ल्याइदिएका, यो जेलरी माइतेले दिएको कस्तो लाग्यो दिज्यू ? निरुले निधारको पसिना पुछ्दै भन्दै थिइन् असाध्य राम्रो छ । सुताएको पनि त्यतिकै छ ।" चपलादेवीले सबैकुरा देखे/बुझेर पनि क्रोलाई केही भन्दिनथिन् । तर निरुको दुर्दशा देखेर ज्यादै माया लाग्यो । दाँत बाउनु नै बरुण र निरुलाई दशा आएजस्तिकै हुन्थ्यो । एकातिर खर्चको बोझ, अर्कोतिर छोराको बोझ त्यसमा पनि नानाथरिका शोषपेष सुन्नुपर्ने । मसिना बच्चाहरूले पनि धरि-थरिका खेलौना देखाएर निर्मल निशालाई ईर्ष्याउने ।

बाधा घण्टा जतिको मौनतापछि बरुणसँगै हजुरमुमा ! भनेर बोलाए । चपलादेवी झसङ्ग भइन् । के सोचिरहिन्था ? बरुणले भने । तिमीहरूले नि ! चपलादेवीले प्रतिप्रश्न गरिन् । निरुले भनिन् "मैले त पीहरको यो दिनको घरमा भएको ऋसपछाड़ सम्झेकी थिएँ । चपलादेवीले फेरि भनिन् बरुणसँगै पनि पक्की त्यही होला । तिनी मुसुमुसु हाँसिरहे क्रोलाई भनेकन् ।

चपलादेवीले भनिन् "छाति सताएको थिए तिमीहरूलाई ।" ढुनीहरूले आफुतुरू ढुलेको अघुरा नढठाउने । यो मे र त्यो मे भन्दै अर्डर गर्ने ! दाँत भनेकी त मिसेर खाम गर्ने, सबै संगै बसेर खाने, आपसी मनमुटाव हटाउने यो हो त । हाम्रो घरमा त सानादेखि ठूला सबैजना छाकम्बर देखाउने । निहुँ खोजी खोजी तिमीहरूलाई हेर्न शोषपेष गर्ने । होच्याउने । त्यसलै बरुणलाई दुःख पीडा दिएर मकाँ पारेर मनाउने दशैंभन्दा त बड़ा बस्पालिको दाँत बड़ी शान्तिपूर्ण रह्यो । भगवान्लाई लाख लाख धन्यवाद छ भन्दै चपलादेवीले लामो सास फेरिन् ।

एकछिनपछि फेरि भनिन् "अघिपछि के कसो छ भनेर कोही फर्कदैनन् । हेर त म अस्पतालमा भर्ना भएको पाँच दिन भइसक्यो भेट्नसम्म कोही आएका छैनन् । वर्षको एकदिन टीकाको दिन भएभरका हाम्रो घरमा जम्मा हुन्छन् । बुढोघरमा बसेकी भनी निहुँ झिकिझिकी जे मुखमा आयो बक्छन् । त्यही दिनलाई रिस साँटे उपयुक्त ठानेछन् ।" निरुले भैगो कि हजुरमुमा भन्न दिन्यौ हामीलाई हजुरको साथ भए पुग्छ । बरुणले पनि यसै अब हजुर छिटो निको भइस्यौस् हामीलाई अरू केही चाहिँदैन । चपलादेवीले बरुण र निरुको कपाल मुसार्दै स्नेहपूर्वक भनिन् तिमीहरू खुसी भ्रानी छौ ।

कोजागरत पूर्णिमाको अघिल्लो दिन साँझ बरुणले हजुरमुमालाई डिस्चार्जपछि अस्पतालबाट घर ल्याए । माइली काकीले पूर्णिमाको दिनसम्म टीका लगाउन भइहाल्छ जाने भनेर हल्ला गरिन् । माइली, साहिँली र काञ्छीको घर नयाँ बानेश्वरमा एकै ठाउँमा भएकोले सबैजना जम्मा भएर हुल बाँधेर जाने निर्णय गरे । साहिँली काकासँगै हप्काउँदै भने "बिरामी पर्दा भेट्नसम्म नजाने, टीका लगाउन, खान चाहिँ जाने । साउ लाग्दैन तिमीहरूलाई । गुड बिरामी मुमालाई दुःख दिन कोही जान पर्दैन भनेर कड़ुकपछि सबैजना हिस्स परे ।

◇◇◇

गजल

✍ जौबनपानी

बोलमा रै' छ मिलासमा मिएँ,
गुड अन्न जल पुटुपुटु पिएँ ।

जब पुग्यो नशा नसानसाभित्र,
म त मताछता जताततै मिएँ ।

मातेपछि मान केको लाज मर्म,
भन्दै अलिकति फेरि पानि पिएँ ।

हल्ली-खल्ली भयो गल्ली-गल्ली मेरै,
नाम बदनाम कमाएर जिएँ ।

पानी-पानी भए हाड़, मासु, छाला,
देखिएको लाज 'पानी' ले नै सिएँ ।

कुलेश्वर-१४, काठमाडौं

छोडेर जान मानिनन् । चपलादेवीले घरमा मलाई हेर बिचार गर्न बरुण, निरु छन् तिमी जानु भनेर सम्झाइन् । डा. सञ्जाय र बिधा दिल्लीतर्फ लाग एकाएकको अस्त सीमनात्पछि डा सञ्जयले दुई दिन बढी बसेर दिल्लीका महत्वपूर्ण स्थानहरूको अवलोकन गर्ने इच्छाले होटलमा गएर बसे । भौतिपस्ट आगराको ताजमहल हेर्न गए । ताजमहलको अगाडि बसेर फोटो खिचाए । थित मरुन्जेल ताजमहलमाई हेरे । स्वच्छ र उन्मुक्त वातावरणमा सास फेर्न पाएका ती जोडीले प्रेमको प्रतीक ताजमहललाई आँखाभरी मनभरी बोकेर बाहिर निस्किए । त्यसपछि बौटा अटो चढेर शान्तिवनतर्फ लागे । बैठी पर सडक मोडमा पुगेपछि अटो पल्टिएर दुर्घटना हुँदा ड्राइभरसहित तीनैजनाको घटनास्थलमै मृत्युभयो । दिल्ली पुलिसले घरमा खबर गरिदिए ।

छोरा बुहारीको निधनको खबरले चपलादेवी बेहोस भइन् । छैठीमेरपछि होस आयो र ढोब्ने छोडी छोडी रुन थालिन् । तिनीहरूको निधन हुनुमा आफूलाई दोषी ठहराउँदै कल्पी कल्पी रोइन् । बिधाले जान नमान्दा पनि बर लगाएर पठाएं भन्ने छाती पिटीपिटी रोइन् । बरुण र निरुले हजुरमुमाको आँसु पुछिँदै भने "नराइस्यौस् हजुरमुमा त्यसमा हजुरको कुनै दोष छैन । उहाँहरूको मरण त्यहीं लेखेको रहेछ, मुमाले जस्तै हामी हजुरको सेवा गर्छौं" भनेर हजुरमुमालाई जेमान्ने हासे । चपलादेवी अलि शान्त भएपछि जर्को बोठामा गएर बरुण र निरु मुमा मुमालाई सम्झेर कहाँ कहाँ रोए धेरै बेरसम्म ।

तीरथको छैठौं दिनमा चपलादेवीलाई अलि ज्वापेजस्तो भयो । बरुणले टुनाकोमा राखेर वीर अस्पतालमा जेभाउन लगे । जाँचसकेपछि डाक्टरले अस्पताल भर्ना गरेर अर्को दिन उपचार गराउने सल्लाह दिए । हजुरमुमालाई कुन राती बरुण बस्ने भने दिउँसो निरु बस्थिन् । पूर्णमासी, अष्टमी, नवमीहुँदै टीकाको दिन पनि आयो । बरुणले दशैंघरबाट पुजारीहरूसँग जमरा लिएर निरु, केटाकेटीसहित अस्पतालमै हजुरमुमाको हातमाथि टीका राखे । निरुले बरुणहरू लिएर माइत गइन् । ९९ बर्षीय बिरामीलाई सुप र बरुणलाई खाना लिएर अस्पतालमा आइपुगिन् । चपलादेवी निरुको हात समाउँदै भनिन् "दशैंको बेला तिमीहरूलाई अस्पताल कुनुपर्‍यो । मैले गर्दा दुःख भयो ।" निरुले "भएको छैन हजुरमुमा ! हजुर ठिकै निको भइस्यो त्यति भए हामीलाई पुग्छ भन्दै चम्चाले सुप खाइन् । बरुणले पनि त्यहीं खाना खाए । एकछिनपछि बरुणले सिरानी, सिरक मिलाएर बेडलाई अलिअलि ढुकाली सजिलो बनाइदिए । चपलादेवीले पछाडी अङ्गेस लगाएर मनमा पोहर लाखको दशैंको सम्झना गरिरहिन् । बरुण र निरु टुलमा चुपचाप बसिरहेका थिए । तिनीहरूको मनमा पनि पहाडको दशैंको याद आइरहेको थियो ।

"९ प्राणीको खाने कादेर म जेठी कुहुराएर सासु किन्दा पनि माइला काकाको छोरो पीरेन्द्रले छरेका पुगेन भनेर हड्डामा मच्चाएको, माइती काकीले एकछाक पनि रामरी खाउन नसक्ने यो घरमा हाम्रो पोल बस लाग्छ भनेर कुनैको, साहिली काकीले हामी छैठा यी घर कस्तो थियो ? ऐले कस्तो भयो ? रगरोखनसम्म पनि गरेको छैन यो बरुणले भनेको, काम्छे कानाको छोरो बरुणले बरुण दाइ ! हाम्रो जस्तो गाडी कैले किन्नुहुन्छ ? भनेको, साहिली काकीले के किन्थ्यो यसले गाडी, हाम्रो भनेजस्ले सुध्या भएर पनि घर घडेरी जोडिसक्यो यो बरुण हाकिम भएर पनि यीटा भोटरसाइकलसम्म किन्न सकेन, भनेको, कान्छी काकीले यी चूडीधर अरु लगाएपछि कता गएर अस्त कुनि ! मुमाको शेषपछि हाम्रो भाग पनि दिनैपर्छ भनेको बरुणले सुनिरहेका थिए । त्यसैबेला हातमा तास समातेर हेर्दै गरेका साहिली काकाले साउन बसकेर "हैन तिमीहरू यहाँ दशैं मनाउन आएका हौ कि बरुणको खाइरो खन्न ! भनेर कराइदिएपछि सबैजना चुप लागेका थिए ।

बिहानी निरु बिहान सबेरै उठेदेखि भान्छामा एकलै पकाइ । कसैले सघाउँदैनन् । काम गर्नै मान्छेहरूलाई समेत उनीहरूले आफ्नो छेउमा राखेर तास हेर्न लगाउँछन् । काकाहरू एक साउन, काकीहरू एकछाउन, छोराबुहारीहरू एकछाउन, केटाकेटीहरू एकछाउन गरी कोठैपिछे तास खेल्न बस्छन् । कसैले ल्यौन्सी मन्छन्, कसैले बिगर, कसैले लोकल । बरुणलाई जोसँदैको टिक्का । कान्छा काकाले चिया खान्छु भने बरुणले चिया लिन भान्छामा गएको

अहो ! चौदण्डी औं बिजयपुर गोरङ्ग सिक्किम भो,
चुली सुन्दुङ बन्दै रिसिङ घिरिङे डोरतक जो !
बिरोधै ता के हो ! बिरुधमतिको दुर्ध्यसन हो !
चुमुर्किन्छन् उठ्दै जल-हितकरी पो सफल हो ! ॥१३॥

लगाये दुर्नीतिप्रति सब कुरा मिल्दछ यहाँ ,
तराखे सद्भावै मनुज-तनुजै शुद्ध छ कहाँ ?
सदा बाँच्ने भन्ने चर-अचरमै को छ र कहाँ ?
थिरञ्जीवी त्यो हो सम-विषम नै गर्दछ नियाँ ! ॥१४॥

गएँ जे जे मैले 'समय अनुकूले छ' गनियो !
उता खस्केकामा 'समय बलवान् भो' त भनियो !
आजाएँ आँखा हो, कसिङर परे बिरुद्ध स्वजन !
त्यहाँ नौको दुश्मै मन-मन बिचारोन् सब जन ! ॥१५॥

म यो देशैलाई हिम-निपल लम्बा पृथुतम
कनोस् भन्दै दौडें भव-नयन-तारो हुनकन,
थिए राम्रा ताजा निगत गुणका नागरजन,
उसैले जो जो भो, सफल पनि भो भन्दछ मन ! ॥१६॥

थिए सच्चा सेनापति र गणसञ्चालक सब,
म धोका भो कैल्ने, अरितिर मिले को जनबल !
बरु चौबीसैका कतिपय अभी छन् अउसरे,
सबैं फुट्छन् मिल्छन्, लमजुङ छ साई अधिसरे ! ॥१७॥

उता औसधीदी, फुल-खसक गैयादहरू नै
स्वयं राजी बोल्ने जगनिमहिमा बिर्सिइदिने !
नटुकोस्, जोधा होस्, परचर नपाओस् भनिकन
गएँ मैले, बुझ्नेहरू समयमै छन् गुरुजन ! ॥१८॥

म के भोग्यें सोच्ये ? बढ़ेस दिइगो राष्ट्रप्रति नै !
रथौटीमै रम्ने चरित सुतको पार्दछु म नै !
कठिन्ले जोडेको पृथिविजननी हुन् पति बुझें
व्यवस्था पर्जाको हुन कठिन पर्दैन नि भरे ! ॥१९॥

'जगोखोली, भीरु, बिधि-सुख बिचार्ने र अजिरा
हुँदैछन् चेताऊँ !' गमिकन बढ्यें प्रसतिर,
गएँ व्याख्या ठूलै दिन तिन बिते, कमंठ सब
सतर्कै ता देखें, तर नृप हुने देखिन भर ! ॥२०॥

यता अर्को छोरो नव गुण सफा साहस बल
बिंडो थाम्ना पाए, रण बिच कुद्यो चार बरस !
छ सेनाको प्यारो, घरजम अभै छैन, बुझ छ,
भयो सबै पूरा, परिणव गराओं मन त छ ! ॥२१॥

यिनै गस्ते इच्छसित बिधिइदै चटट कुदिओ,
यहाँ आई सीधै ज्वरसंगसंगै पो त सुतियो !
यहीं देखीघाटे तट भगवतीस्थान बगर
त्रिशूलीको पानी, शिवचरणको शुद्ध सगर ! ॥२२॥

बनून् साक्षात् काली निरवधि सबैकी प्रिय मुसा !
तिनै हाम्रा बाबा, कुसुमकलिको सत्य-प्रतिमा !
म बाँधेमा सब्दो चरणमनि सेवा त गरेसा !
नबाँधेमा अर्को जनम किन पो आस गरेसा ? ॥२३॥

थिए मन्त्री सेनापति र गणसञ्चालक सब,
हवा-प्राणी साथै जस-रगत, कार्यादिक धृति
शरीरै जो पृथ्वी, स्थिति नभ बिनै तत्व संग सो
उदाएको मान्छे सुमति भरिए बन्छ सुकृत,
कदाचित् आफैंले कुमति किनिए गर्छ कुकृत ! ॥२४॥

यहाँ जे गर्ने हो जिउनुतक हो गर्नु पनि त्यो,
जिलो सल्काएरै भरभुत्त दी मर्नु सुख हो !
चुरी पौटै चोखो गरन पनि मौकै पिइदिने
पिताकी बाबाले शरण लिइयून् शान्ति पसिने ! ॥२५॥

कसैको बिरुपैमा यश बल बिनास्ने गति नन्यून् !
निगो गर्दा आफैंकन दुख परेको भनि सुकून् !
र जिम्मा हो मैं जिउनुभर कर्तव्य बिपुल
सबै गोर्खालीमा गति गति दिए गोरख शिव ॥ ॥२६॥

❖❖❖

कथा

एउटा कथा यस्तो पनि

✍ माया ठकुरी

ल्याटफर्मका झाम गर्दागर्दै म उठें र भन्दाल खोलेर बाहिर हेरें । बाहिर झमझम पानी परिरहेको थियो । पानीको बाछिटाले मेरो अनुहार छुयो । यो एउटा सुखद् अनुभव थियो मेरो निम्ति । तर यसरी भरी एकनासकोसँग दर्केको बेला मेरो मनमा एकतमासको नरमाइलो अनुभव हुन्छ । मन त्यसै-त्यसै उदेर बिगतको उकाली ओराली चढ्न पुग्दछ । मलाई अझ पनि सम्झना छ, यसरी झरी परेको बेला मेरो कोठामा आफ्नो टाउको अड्याएर भावुक भएर भन्ने गर्दथिन् मानसी । हेर त साम्ब ! यो झरीको ध्वनि कति सङ्गीतमय छ । यो ध्वनिमाथि आँखा चिम्म गरेर सुन्यौ भने तिमी आफूलाई एउटा सुरम्य स्थलमा विचरण गरिरहेको नै अनुभूत गर्नेछौ ।" आज पनि झरी परिरहेको छ । तर मानसी यहाँ मेरो साथमा छैनन् । भर्खरै बिलासकोको छ उनीसँग भेट नभएको । उनको मानसपटलबाट 'साम्ब' भन्ने मानिसको सम्झना सबै मेटिइसक्यो होला । तर मैले भने जीवनको हरेक क्षणमा घटिरहेका स-साना घटनाहरूलाई मानसीसँग जोडेर हेर्न छोडेको छैन । मेरो यस्तै बहुलठठीपन देखेर होला मेरो परम मित्र नीलाम्बरले प्रायजसो मलाई भन्ने गर्दछ "तिमी जीवनमा मानसी नाम गरेकी युवती जसरी अचानक आएकी थिई त्यसरी नै अचानक उ तिमीबाट अलगिएर गई । मानसी आज आफूले खोजेको वैभव प्राप्त गरेर आफैमा रमाएर जीवनयापन गरिरहेकी छ अरे । तर तिमी भने मानसी नामकी एउटी ठगिनीको प्रेमजालबाट अझ पनि मुक्त हुन सकेका छैनौ । यसरी कति दिनसम्म तिमी एकलो जीवन बिताएर बस्छौ ?" नीलाम्बरका कुरा सुनेर म भन्ने गर्दछु "म कहाँ एक्लो छु र ?" मसँग मेरो सिर्जनाका पात्रहरू छन् । ती पात्रहरू हुँदासम्म म कहिल्यै पनि आफूलाई एक्लो ठान्दिनँ ।"

"लेखकहरू धेरै लम्बा पनि अलि-अलि त मगज खुस्किएकै हुन्छन् भन्ने सुनेकोथिएँ तिमीलाई देखेदा । त्यो कुरो सत्य हो जस्तो लाग्न थालेको छ' । मेरो कुरा सुनेपछि नीलाम्बरसँग परिहास गर्दै भन्नेगर्दछु ।

नीलाम्बरको स्वभाव नै त्यस्तो छ मनमा जे छ भनिहाल्नुपर्ने । उसको त्यही खुला स्वभावको कारणले गर्दा म उससाँग मन पराउँदछु । हुन त नीलाम्बर आफैंचाहिँ कोही सँसदैन, तर कथाको निम्ति नर्मा-नर्मा विषय सोच्नमा चाहिँ उ निकै पोख्त छ । किनै उसले मसाँग फोनमा भनेको थियो "मैले एउटा रोमान्चक कथाको प्लट सोचेको छु । भोलि बेलुका म तिमीकहाँ आउँदैछु मेरो निम्ति पनि खानपानको बन्दोबस्त गरेर राख्नू ।

आज नीलाम्बर आउँछु भनेको छ तर झरी भने यस्तरी अविरल गतिले परिरहेको छ । बादलको गर्जनसहित गड्याङगुडुङ भइरहेको छ । एक मनले सोचें, नीलाम्बरलाई फोन गरेर "आज नआऊ" भनौं कि.....! भनेर । तर मसाँग थाहा छ उसलाई "नआऊ" भनेर उ रोकिने मान्छे होइन । नीलाम्बरलाई यहाँ आइपुग्नलाई करीब डेढघण्टा जति समय लाग्दछ । झरीले बाटो चिप्लो बनाएको हुनाले उसले गाडी वेगसँग हाँक्न पनि सक्दैन ।

नीलाम्बरसाँग आफ्नो कार्यालयको नजीकबाट सरकारी आवास उपलब्ध गराइएको हुनाले उ त्यहीं बस्दछ तर उसका परिवारचाहिँ बिराटनगर आफ्नै घरमा बस्ने गरेकाछन् ।

"मनाको छ तिम्रो जीवनशैली पनि एक धुन एक सुर । यो घर सानो भए पनि सहरदेखि टाढा

कथा

दशैं

✍ गहुरा गौडेल

निर्मल र निशाले बरुणको हात समातेर एकसाथ भने बुबा, बुबा । यसपालि दशैंको सप्ताह गर्न महाराजगञ्जमा नयाँ खुलेको भाटभटेनी सुपरमार्केटमा लाँगिएको न जीज !

अफिस जान लागेका बरुण थापाले छोराछोरीलाई हेर्दै मुसुमुसु हाँसिरहेका थिए, निरु (बरुणकी पत्नी) साडीको टुप्पाले थिसो छात पुछ्दै भान्साबाट बाहर आईन् "बसपालिको दशैंमा त म पनि पौंटा दामी साडी किन्नु । दुईवर्ष अघसम्मा, पुरानैले काम चलाएको । अँ साँच्ची खसी कैले किन्ने ?"

पत्नी छोराछोरीलाई केही जवाफ नदिई बरुण अफिसतिर लागे । मनमा कुरा खेलाउँदै हिँडिरहेका थिए "यो दशैं मनाउने चलन पनि कस्ले चलाएको होला ? त्यतिबेरको जस्तो सस्तो जमाना हो र यी ? महँगीले मान्छेको डाडै सेकाइराख्यो । पोहर लिएको साप्टी अझै तिरिसकेको छैन .....।"

'बरुणजी !' भनेर कसैले बोलाएको सुनेर फर्केर हेर्दा बसभद्र (छिमेकी) रहेछन् । उनले भन्न सुरु गरे "बसपालिको दशैंमा हजुरले पौंटा घण्टीको खसी किन्नुपर्छ । टोलमा सबैको भन्दा ठूलो खसी हजुरकै हुनुपर्छ" ।

बर्षेनी दशैंमा खसी मारसाध्ने शौख छ उनको । जति धेरैवटा ठूला खसी ल्याउन पायो त्यति आफूलाई बहादुर ठान्ने र टोलभरी गफ चुट्दै हिँड्ने बानी छ उनको । त्यसैले भेटेजतिलाई ठूलो खसी किन्न सल्लाह दिनै गर्दछन् । बरुणले उनको कुरा सुनेर मुसुमुसु हाँसेर भने "मलाई अफिस पुग्न ढिलो हुन्छ ऐले जाउँ है !

बरुण थापा टोलकै भद्र भलाद्मी, मृदुभाषी सबैको भलो चिताउने व्यक्ति थिए भने अफिसका पौंटा कुशल इमानदार राष्ट्रसेवक । बरुणले अफिसमा पुगेपछि हाजिर गरेर काम सुरु गर्न फायल पल्टाउँदै थिए, 'नमस्ते सर' भन्दै सुब्बा भित्र पस्यो । बरुणले नमस्ते फर्काउन भ्याएका मात्र थिए । उसले फेरि भन्यो "सर यसपालिको दशैंमा त घण्टीको खसी काट्नुपर्छ नत दशैंको के मजा ? हैन सर ? सरले खसी किनिसक्नुभयो ?" बरुणले सुब्बासाँई हेर्दैनहेरी मनमनै सोचे थिए । "सबैका मुखमा यौटै कुरा छ खसी खसी खसी । हैन खसी नकाटी दशैं मनाउन सकिँदैन ?"

उता चपलादेवी (बरुणकी हजुरमुआ) लाई दशैंको तौरथा लागेरोक्ति नै शरीरमा बिसन्चो हुनेगरेको थियो । मानीसाँई दुख हुन्छ भनेर सधुन्जेल सहेर बसिन् । चपलादेवीका चार भाइ छोरा दुई बोहनी छोरी थिए । जेठो छोरा सञ्जय डाक्टर, माइलो समीर पुलिसमा डि.आई.जी., साहिँलो सन्तोष सोफ्टवेयर, काम्छो सचिन साडीको व्यापारी, जेठी छोरी विमला प्राध्यापक, काम्छी छोरी बिना नर्स, एकले एक पछिसोको उच्च ओहोदामा पदासिन थिए । छोरा बुहारी, नाति नातिनी बुहारी, छोरी ज्वाई पनाति पनातिनी दशैंमा सबैजना जम्मा हुँदा ५२ जनासम्म पुगे । पति मोहनबहादुर थापाको निधनपछि तीनभाइ छोराले आ-आफ्नो परिवार लिएर नयाँ बनाएको घरमा सरे तापनि चपलादेवी जेठो छोरा बुहारीसँगै पुरानै घरमा बसिन् । किनभने जेठी बुहारी बिद्याको शील स्वभाव राखी थियो । डा. सञ्जय नेपालका दुर्गम जिल्लाहरूमा बिरामीको सेवामा जैले कता जैले कता खटिन्थे । तिनलाई पैसाको लोभ थिएन । सेवा नै सर्वोच्च हो भन्ने मूल्य र मान्यता राख्दथे । बुहारी बिद्या सासूआमाकी बृद्धावस्थालाई ध्यानमा राखी घरैमा सेवा गरेर बसिन् श्रीमान्सँग बाहिर जिल्ला जान चाहन्नथिन् ।

एकदिन स्वास्थ्य मन्त्रालयबाट डा. सञ्जयलाई सार्क डाक्टर्स एसोसिएसनको सेमिनारमा भाग लिन जानू भने पत्र आयो । तिनले यसपाली बिद्यालाई पनि संगै लैजाने इच्छा गरे, तर बिद्याले सासूलाई

रसिलो फाँटभरि डुबेर पाठकहरू सहजै विश्वभ्रमण गर्छन्, गरिरहन्छन् निबाबाकार पुढ्ढासैनीसाई पढेर। मीठो माथिक श्रमलामा उनी पहिलो विश्व र नेपाली जनजीवनको तुलनात्मक अध्ययन गर्न छोड्दैनन् र पत्ता लगाउँछन् उनीहरूभन्दा आफू तीन सय वर्षपछि हिंड्नु परेको रहस्य- *पाँच दिनपछिको लागि गरिएको मौसमको भविष्यवाणीसमेत यथार्थमा परिणत हुन्छ। त्यसैले पानी पर्ने भविष्यवाणी भयो भने छाता बोकेर हिंडिहाल्नु अमेरिकीहरू। हिउँ पर्ने पानी पर्ने तापक्रमको फेरबदल हुने आदि सबै किसिमका मौसमका भविष्यवाणी पाँच दिनपछि पनि ठ्याक्कै मिल्नु त्याहाँ!*

हामा प्रिय उखानहरूको प्रयोग गरी निबाबाकार पुढ्ढासैनी 'यात्राका प्रेमिल तरङ्गहरू' भित्र भन्ने रसिला बनेर पोखिएका छन्। जाँगर न साँगर खाने बेलामा आँ गर, दिन उजेली सुती बिताई, रात उजेली बिस्कुन सुकाई, जिन चाउरिन् मरिच आफ्नो पीरले, ठाउँ न ठहर बुढीको रहर, अर्काको आइको जुथा देखे, आफ्नो आइको भैंसी नदेखे, आफू नमरी स्वर्ग देखिँदैन जस्ता उखानहरूलाई अत्यन्नै सान्दर्भिक रूपले प्रयोग गरी निबाबाकार पुढ्ढासैनीले प्रसङ्गलाई ज्यादै तेजिलो र मजबुद बनाएका छन्। यस्ता रसिला उखानका प्रयोग र सन्दर्भले कतिपय बिकट मनस्थितिलाई गतिलो झापड दिन पनि चुकेका छैनन् निबाबाकार पुढ्ढासैनी- *'जाँगर न साँगर खाने बेलामा आँ गर' गर्नेहरूलाई त्याहाँ सुख छैन। दिन उजेली सुती बिताई रात उजेली बिस्कुन सुकाई गर्नेहरू हदैसम्म तल माथिन्छन्। त्यसैले नेपालतिरका काजीहरू अमेरिकामा कान्छा बन्छन् नेपालतिर दिनभर ऐनामा आफ्नो अनुहार चम्के-चम्केको हेरेरै फुर्सद नपाउने रानीसाहेब र मैसाबहरू अमेरिकामा दिनभरमा हजारौं भाँडाकुँडा टिलिक्क टल्काउँछन्।*

यही परिस्थिति टिपेर त उनी आफ्नो जातिय्क सघुआयामको क्षमता ज्याखिदिन्छन् त्यही भीडलाई, तिनीहरूकै रहर र सपनालाई-

कान्छा पाल्ने नै
कान्छा बने तुकेर
अमेरिकामा !

अक्षरसँग खेल्न सक्ने लेखकको शक्ति नै शब्दको उज्यालो अनुहार सृष्टाको चोखो मन भएर कृतिमा फुलिरहने हो सधैंभरि। सर्जकले टिप्ने बिम्बका बान्कीहरू नै साँचो सिर्जनाको आधार हो। 'यात्राका प्रेमिल तरङ्गहरू' मा निबाबाकार पुढ्ढासैनीले कविताको फर्ट ओझ्याएर कविल पस्किएका छन् पाठकहरूलाई। कविताको कहिल्यै नमेटिने उनको सहर निबाबाकमा सुम्पिएका छन् पाठकहरूलाई। त्यसैले उनी सुन्दर लाग्छन्, मीठा र रसिला लाग्छन्। यात्राको यस्तो स्वरूप र स्वादमा कविताका हरफहरू पोइजस्ती लाग्दा बिम्बको रमाइलो बगैंचामा उनीसँगै हराएर घुमिरहन मन लाग्छ - *विद्युतीय प्रकाशले सपनी फूलको डङ्गुरजस्तो बनिरहेको सस्को सहर। हिउँ र विद्युतीय प्रकाशको संयोजनमा मस्को सहर अपर्क बनेको छ। चौध पङ्क्तिका सडकहरूमा पङ्क्तिबद्ध बनेर कुदेका सवारी साधनहरूको प्रकाशले सुषुप्त अवस्थापछि विस्फोटित ज्वालामुखीबाट निस्केको लाभाझैंको नदी बगिरहेझैं लागिरहेछ। एउटा अहम् सत्यमा निरन्तर साधनारत मनीषीजस्तो भेटिन्छ- मस्को नदी।*

यात्राको गति जीवन। जीवनको हिंडाइ यात्राको स्वरूप। हामी यात्राको स्वरूपमा जीवनको गति निर्धारण गरेर अनुभूतिका पाइला रुन्दै छौं। यात्रा, जीवन, बाटो र पाइला भोगाइको अर्थमा भएर गतिहरूमा निरन्तर छन्। गतिको रङ र सिलसिलासँग बिनीहरू पाइलाका रूप बन्दै जान्छन्। 'यात्राका प्रेमिल तरङ्गहरू' यस्ते पाइलाको एउटा रूप हो जसलाई निबाबाकार दामोदर पुढ्ढासैनी 'किशोर' को पाइला र गतिसँगै अनुभूतिको पो रसिलो सिलसिलाले हिंडायो। स्वाद र अनुभूति हाम्रो मनमा पोखियो अनि छरेयो आफ्नो अनुभूतिका तहहरूमा।

अनुभूतिको स्वरूप यात्राको स्वाद भएर भेटिन्छ 'यात्राका प्रेमिल तरङ्गहरू' मा। हामी हामे हरफका अर्थहरूमा यात्रा र अनुभूति ओझ्याएर भोगाइको रङ पढ्दै छौं। हामी जीवन, गति र पाइला ओझ्याएर, भोगाइको स्वरूप बुझ्दै छौं। जीवन र यात्रासँग साटिएर प्रेमिल तरङ्गहरूमा यात्राका स्वादिला पाइलाहरू हिंड्दै छौं निरन्तर-निरन्तर!

एकान्तकुना, ललितपुर।

एउटा तपस्वीको कुटी जस्तो छ। तिमीजस्तो भावुक लेखकको निम्ति एकदमै सुहाउँदो। दिनभरिको व्यस्तता र होहल्लाबाट थाकित भएर यहाँ आउँदा साँच्ची मै आनन्द लाग्दछ, शान्ति लाग्दछ।" नीलाम्बर यहाँ आएको बेला ग्रामजस्तो भन्ने गर्दछ। रातीको साढेसात भइसकेको छ तर नीलाम्बर अझै आइपुगेको छैन। फोन गरेर सोध्ने इच्छा हुँदाहुँदै पनि फोन गरिन 'आटोमा आउँदै होला' मनमनै सोचे।

मैले रातीको खानाको निम्ति खसीको मासु र गहुँको सुक्खा रोटी बनाएर हटकेसमा राखें। त्यसपछि कालो कफी बनाएर थर्मसमा राखें। नीलाम्बरले कफीसँग प्याजको पकौडा खान एकदमै मन पराउने हुनाले पकौडाको निम्ति सबै सामग्री मुछेर राखें। त्यति गरेपछि म फेरि न्यापटपको अघि बसें।

मैले न्यापटपमा काम गर्दागर्दै समय गएको पत्तो पाइनें। अचानक डोका ढकढकाएको सुनें र उठेर गई डोका खोलें। त्यति बेला पौनेनौ बजेको थियो। "कस्तो घनघोर पानी परेकोछ।" लाइराखेले बसोंती खोलेर डोका बाहिर नीलाम्बर झुण्डाउँदै नीलाम्बरले भन्यो।

"तिमी गाडी खोइ त?" मैले प्रश्न गरें।

"बाटोमा आउँदाआउँदै गाडीको स्टेयरिङ्गले अलि राम्रो काम गरेन त्यसकारण एउटा मोटर मेकानिकलाई खबर गरेर उसको जिम्मा लगाएर छोडें। भिजेको जुत्ता मोजा बाहिर फुकालेर राखेपछि भन्यो निलाम्बरले।

"मैले तिमी आउँछौ भनेरै गेटमा भित्तबाट ताला लगाएको थिइन।" मैले कोठाभित्र पसेपछि डोका बन्द गर्दै भने।

"हो मलाई थाहा थियो गेटमा छेकिनी माथ लगाएका छौ भनेर।" नीलाम्बरले भन्यो।

" बस त्यहीं सिटरको छेउमा। म फ्रिट्फ्रिटी पकौडा ताछुं र कफीसँग पकौडा खादै गफ गरौंला" मैले भनें।

नीलाम्बर केही नबोलेर ग्यास सिटरको छेउमा भएको कुर्सीमा बस्यो। मैले लक्ष्य गरें उ आज निकै गम्भीर भएजस्तो देखिन्थ्यो। "तिमी आफैंले सोचेको कथावस्तुमा निकै सोचमग्न भएजस्तो देखिन्छौ नि" मैले पकौडा तारेर प्लेटमा राखेपछि नीलाम्बरतिर हेरेर हाँसें.....भनें। "तिमीसे ठीक भन्यौ, म केही सोचिरहेको छु तर म कुनै कथावस्तुमाई लिएर सोचमग्न भएको होइन। आजको घटनालाई लिएर मनमा कुरा खेलाएको हुँ" नीलाम्बरले उसको अघि मैले राखिदिएको कफीको कप हातमा लिएँ भन्यो। "आजको घटना.....! कस्तो घटना?" मैले उत्सुक भएर प्रश्न गरें। "आज म सधैं झैं...ठीक साढे छ बजे गाडी लिएर निस्केको थिएँ। मुसलधारे पानी दाँकरहेको थियो। बतास पनि चलेको हुनाले गाडी हाँक्नु असजिलो भइरहेको थियो। आउँदा आउँदै बीचबाटोमा गाडी रोक्नु पर्ने कारण, बाटोको बायाँपाइ एउटा ग्राइभेट कार बडेमानको रुखमा ठोक्किएर ढल्केको अवस्थामा देखियो। एक मनले त "भाग नीलाम्बर भाग यो सब झुरामा चाली राखिन् भने बिर्नाभितिमा झमेलामा पर्नेछस्" भन्यो, तर म भागिनें। बस आफ्नो गाडीलाई साइड लगाएर राखें र त्यो दुर्घटनाग्रस्त गाडीमा के भएको रहेछ भनी हेर्न गएँ। गाडी भित्र ड्राइभिङ् सिटमा एकजना मानिस स्टेयरिङ्गमाथि छोप्टो परेको देखें। मैले उसलाई आवाज दिएर बोलाएँ। तर उसले कुनै प्रतिक्रिया जनाएन। यति राम्रो देखें उसलाई बेहोशीको अवस्थामा पाएँ" नीलाम्बरले भन्यो। "अनि.....! अनि तिमीले के गरयौ? उसलाई त्याहाँ छोडेर आयौ?" मैले अधीर भएर प्रश्न गरें। "मैले उसलाई मेरो गाडीमा राखेर अस्पताल पुऱ्याएँ। अस्पताल पुगेपछि मैले उसलाई गाडीबाट भित्रसम्म पुऱ्याउनको निम्ति भनौंला भनेर सोचेको थिएँ तर त्याहाँ पुगेपछि उसले बिस्तारै बिस्तारै आँखा खोल्ने बन्द गर्न थाल्यो। मैले आफैंले उसलाई अस्पताल भित्र पुऱ्याएँ र एउटा बेन्चमा बसाएँ" नीलाम्बरले भन्यो। "ए....उसो भए उसलाई त्यस्तो खास चोट लागेको रहेनछ होइन?" मैले भने। "हो, मलाई पनि त्यस्तै लाग्यो। उसलाई गाह्रो चोट लागेको भए उ बोल्नै सक्दैनथ्यो" नीलाम्बरले पकौडा र कफी खादै भन्यो। "बोल्यो नि?" मैले प्रश्न गरें। "हो, बोल्यो

तर बढो कष्टसाध्य । उनले मलाई तिमीलाई फोन गरिदिनु भन्यो र तिम्रो फोन नम्बर दियो" नीलाम्बरले सहज स्वरमा भन्यो । "मेरो फोन नम्बर ?" नीलाम्बरको कुरा सुनेपछि मैले आश्चर्य मान्दै भने । "हँ...तिम्रो फोन नम्बर । उसको मोबाइल त्यहाँ कारमा छुटेको थियो होला" नीलाम्बरले भन्यो । "अनि तिमीले तिम्रो मोबाइलबाट कुरा गराएको भए पनि त हुने थियो नि ! खो रहेछ ऊ..... !" मैले मनमनै आफूले चिने जानेका परिचित व्यक्तिहरूका अनुसार सम्झँदै "त्यो पो हो कि .....?" भन्दै अनुमान लाउँदै सोच्न लागें ।

मेरो मोबाइल पनि छता परेछ भट्टै भेटिन । खास भनौं भने ऊ तिमीसँग कुरा गर्ने स्थितिमा पनि थिएन । उसले बल्लतल्ल तिम्रो नाम र फोन नम्बर भन्न सकेको थियो । अनि उसलाई जाँचेर डाक्टरले के भन्यो ?" मैले सोधे । "मलाई के थाहा के भन्यो ! मसँग कुरा भन्दाभन्दै ऊ फेरि बेहोस भयो । म आतिएँ अनि मैले उसलाई त्यहाँ अस्पतालको बेन्चमा छाडेर हिँडे ।"नीलाम्बरले तटस्थ स्वरमा भन्यो । "तिमीसँ उसलाई त्यस्तो हालतमा छोड्न नहुने । उसलाई भिर्खे घोट पो लागेको थियो कि ! अब अझैं अस्पताल जाऊँ भने बस्ती मुसलधारे पानी परेको बेला टेक्सी पाउनै गाह्रो हुन्छ । टेक्सी पाइयो नै भने पनि त्यो ठूलो अस्पतालमा उसलाई खोज्ने कसरी ... !"नीलाम्बरले त्यो घायल व्यक्तिप्रति गरेको असामान्य व्यवहारप्रति असन्तुष्टि जनाउँदै मैले भनें । "भैगो । गल्ती भयो । अब त्यस विषयमा तर्क गरेर केही फाइदा छैन । बरु खाना खाउँ आज म फर्किनुपर्छ ।" नीलाम्बरले केही नभएको जस्तो गरी भन्यो । "किन आज नबस्ने ?" अनायासै मेरो मुखबाट प्रश्न फुस्कियो । "हाँ, आज फर्किनै पर्छ ।" उसले दृढ स्वरमा भन्यो । "बस्तोविधि पानी परिरहेको छ । फेरि आज तिमीसँ आफ्नो गाडी पनि ल्याएकाछैनौ ।" मैले सामान्य स्वरमा भनें । "भरी पानिमाथिसकेको छ ।"उसले भन्यो । मैले भ्यूयाल खोलेर हेरें साँचो नै भरी पानिमाथिसकेको रहेछ । "हो त रहेछ ।"मैले भने । "पानी थामिए पनि बति राती टेक्सी नपाउन सक्छौ । बरु आज यहीं बसेर भोलि बिहानै गए त भइहाल्यो नि !" मैले भने । "आज त मलाई जानैपर्छ ।" नीलाम्बरले भन्यो । "अब उसलाई रोक्न सकिन्न" मैले मनमनै सोचें र केही भनिनँ ।

त्यसपछि हामी खाना खान बस्यौं । मलाई साग्रो आजको हामी खाना खुवाई अन्य दिनको भन्दा फरक किसिमको भएको छ । अन्य दिन हामीहरू खाना खान बस्दा खानाको परिकार र त्यसको स्वादबारे खुलेर कुरा गर्थ्यौं । अथवा अन्य अनेक विषयमा कुरा गर्दै खाना खान्थ्यौं तर आज हामीहरू दुवैको माझ मौनताको सानो छाया तैसिएको छ । "बस् पुग्यो अब ।" खान सुरु गरेको केही बेरमै नीलाम्बरले भन्यो । "किन केही पनि नखाने ?" मैले भने । "मलाई जान अबेर भइसक्यो" भन्दै नीलाम्बर उठ्यो र जान तयार भयो । "आज तिमीले कथाको प्लट भन्नु भनेका थियौ त्यतिकै भयो ।"ढोका खोल्दै भने मैले । नीलाम्बरले केही उत्तर दिएन ।

ढोका बाहिर बरान्डामा उभिएर नीलाम्बरले भिजेकै जुत्ता मोजा लगायो र बर्साती ओढ्न थाल्यो । त्यसै बेला भित्र कोठामा फोन बज्यो । मैले "एकछिन है !" भनें र फोन उठाउन कोठा भित्र पसें । फोन हातमा लिएर बोल्न नपाउँदै उताबाट आएको स्वर सुनियो "हैर न । कस्तो फसाद पऱ्यो भरीको आनन्द लिँदै म घरतिर आउँदै थिएँ, बाटोको बीचमा पुगेपछि गाडीको ब्रेक फेल भयो र गाडी एउटा रुखमा ठोक्किन पुग्यो । बीचमा अलिअलि होश खुलेजस्तो लाग्दछ तर जब पूर्ण होसमा आएँ तब मैले आफूलाई अस्पतालको बेडमा पाएँ । धन्य ! कुनचाहिँ दयावान् व्यक्तिले अस्पतालसम्म पुऱ्याइदिएछ र बाँचे नबे त के हुन्थ्यो के । जे होस् तिमी भोलि बिहान अस्पताल आऊ र कुरा गरौला ।"उताबाट आएको स्वर सुन्नासाथ मेरो नौनारी गलेर आयो । निधारमा चिट्चिटी पसिना आएर मेरो सारा शरीर थरथर् कम्न लाग्यो । भय र त्रासले मेरो वाक्य फुटेन र एकाएक मेरो हातबाट फोन छुट्यो । कारण उताबाट बोल्दै गरेको स्वर नीलम्बरको थियो ।

पुनश्च: कथा लेख्सिसकेपछि मैले ल्यापटप बन्द गरिदिएँ ।

❖❖❖

लहरमा समेटिएर पाठकका मस्तिष्कमा छिरिन्छ र उही अनुभूतिको रूप भएर साटिन्छ । भीगाइका यथार्थ रूपहरू साँचो चित्र अँखामा उभ्याउन सफल हुन्छन् । लेखनको निरन्तर बगाइ र घटनाक्रम लेखकलाई छेऱ्याएर हिँडाउन सफल बनेपछि कृतिको विधागत अस्तित्व अनेक कोण र अनेक मुल्यमा सदैव चम्किन्छ । 'यात्राका प्रेमिल तरङ्गहरू' पनि यस्तै यथार्थको उपस्थिति हो जसले पाठकका आँखामा हरेक विषयको सस्तो तस्बिर ऊँड्याइदिन्छ । नियात्राकार पुडासैनी सिलसिलेवार ढङ्गले एकपछि अर्को गर्दै देश र देशहरू हिँडिरहन्छन् र पाठकलाई पनि एक देश र अर्को देशको हिँडाइमा मिसाइरहन्छन् । भूमिकामा डा. गोविन्दराज भट्टराईले भनेजस्तो- ***लेखक आडम्बरहीन भएर अनेक प्रकारका आफ्ना अज्ञानता, अबोधता, निर्दोषिता लुकाउँदैनन् । ती यथारूप राखिदिन्छन् पाठकको उत्सुकतालाई विश्वसनीयता थपिँदै जान्छ ।***

नियात्रा लेखिएर भिजेज निर्माण गरी लेखिएर संस्कृति निकाइने सजिलो माध्यम पनि रहेछ । इतिहास, भूगोल, संस्कृति, राजनीति, समाज र अन्य परिवेशका सम्पूर्ण पक्षहरूलाई तुलनात्मक अध्ययन गरेर लेखिदिएपछि हामी त्यहाँभन्दा भिन्न भिन्न छौं भावै भाषा नभएर हामी भिन्न पछि छौं, किन्तु अघि छौं र के-कसो ? पनि बुझ्न सजिलो पर्दारहेछ । विश्वलाई एउटा कुनामा खडिर चिन्तन गर्नसक्ने क्षमताको वर्तमानलाई आफ्नो हिसाबले अध्ययनको सीमानामा समेटेर बुझ्नुपर्छको वास्तविकतालाई यात्रा-साहित्यको अर्घले पाठकको मनदेखि लेखकको मनसम्मलाई प्रभाव पारेको वर्तमान सन्दर्भ र 'यात्राका प्रेमिल तरङ्गहरू' नियात्राकार पुडासैनीहुँदै हामीसम्म यसैर सबैका अघेहरूमा भिजिदिएको छ र सबैको वर्तमान बनिदिएको छ । त्यसैले यी घरबाहिरको यात्रा ग्लोबल संस्कृति निर्माणका दृष्टिले पाइलाहरूमा एक पाइलो अघि सरेको आम पाठक सहर्ष स्वीकार्छौं ।

नियात्राकार पुडासैनीको लेखनी क्षमतासँग जोडिएको अर्को पक्ष आशुलेखन हो । आफूले देखेभोगेका हरेक विषय, परिस्थिति र अवस्थालाई तुरुन्तै स्वादिलो लेखाइमा समेटेर उनको लेखनमा विशेष क्षमताको नमूना हो । एकातिर सरकारी कामकाजका सिलसिलामा आफूलाई ती मुलुकहरूमा उभ्याएर आफ्नो मुख्य कामबाट बचेको समयलाई जस्तोसुकै अवस्थामा पनि प्रयोग गरेर लेखनको रसिलो स्वरूपलाई उतार्नु उनको लेखन क्षमताको अत्यन्तै उत्कृष्ट र सफल नमूना हो । यसैबाट उनी आशुलेखनको आफ्नो क्षमतामा अग्रसर भएको तथ्यलाई नजरअन्दाज गर्दिन । लेखाइको स्वरूपमा उनले धरेको काव्यात्मक स्वादका कारणले उनको आशुकवित्वको प्रारम्भिक हिँडाइलाई राम्रो अनुमान गर्न सक्छौं हामी । हामीकहाँ आउने व्यावहारिक समस्याका उतारचढावदेखि लिएर सांस्कृतिक पक्ष अनि सामाजिक परिस्थितिलाई समेत तुरुन्तै टिपेर कार्यिक सघुरचनाहरू 'गोजीसाहित्य' मार्फत् सबै साथीहरूका माझमा पुऱ्याउने पुडासैनीको निरन्तरतामा पनि उनलाई आशुकवित्वको क्षमता रहेको जानकारी दिइरहेछ । यति नेपा यो क्षमता 'यात्राका प्रेमिल तरङ्गहरू' भित्र जोडिएको छ ।

सबैं माथिल्ल दिनैपिच्छे दिएमिएका छन् । कोही निजी कामका सिलसिलामा होलान् कोही सरकारी कामका सिलसिलाले पनि । कोही यात्राका रङ्गहरूमा अनुभूतिको मीठो स्वाद चाख्न पनि होलान् तर सबैबाट प्रेमिल तरङ्गका रूप बन्न सकेका छैनन् र सक्दैनन् पनि । नियात्राकार पुडासैनी आफूलाई सबै दिशामा निरन्तर हिँडाइरहने जुझारु खप्टा हुन् त्यसैले उनीबाट यति मीठो र यतिको काम हुन सक्यो जो स्वादहरूमा उत्तम स्वाद हाँकेर पाठकलाई ज्ञान्य समाउन सफल छ । त्यसैले त उनी यात्राका हरेक किसामा जिन्दगी भेट्छन्, जीवनका हरेक मोडमा जिन्दगी समाउँछन् - ***मैले यात्राका हरेक किसामा जिन्दगी भेटेको छु जिन्दगीका हरेक अघाहरूमा यात्रा भेटेको छु । यात्रा नहुँदा जिन्दगी भएन, जिन्दगी नहुँदा यात्रा भएन ।***

रसिले भाषाको मौलिक स्वादमा हुर्किएको नियात्राकार पुडासैनीको भाषाले पाठकलाई एकपछि अर्को उत्तिकै रोचक पढ्नाहरूमाथि हिँडाइराख्छ । घटनाको रोचक सिलसिला एक देशबाट अर्को देशतर्फ सर्दै जान्छ र जैसिरहन्छ स्वादिलो बान्की फिस्काएर । कारलबमा यही घटनाको स्वादलाई पच्छ्याएर पाठकहरू 'यात्राका प्रेमिल तरङ्गहरू' छोड्न मान्दैनन् । भावनाले

जिन्दगी। घाम र जून, आकाश र झरी, प्रकाश र अँधारो त्यसमाथि छेडिने अनन्त यात्रा हो जिन्दगी।

भोगाइको स्वादमा मिसिन आउँने अनेकौं परिस्थिति र त्यस परिस्थितिसँग जोडिने विविध जानपहिचानले निरन्तर सिलसिलाको अनुभूतिलाई हामो मस्तिष्कको तहतहमा मिलाएर सङ्ग्रह गर्दोरहेछ। कुन तह कति निकट हुन्छ त्यो परिस्थिति, सिलसिला र उपस्थितिको रङ्ग तथा त्यसको सघनताले निर्माण गर्ने विषय रहेछ। 'यात्राका प्रेमिल तरङ्गहरू' भित्र निबाबाकार दामोदर पुडासैनी 'किशोर' यस्ता भोगाइका रङ्गसँग आफूलाई मिलाएर साट्न सिपालु छन्। जति भोगाइले रूप र अनुभूति मिलाई प्राप्त छ त्यति त्यसलाई रेकर्ड गर्न सक्ने क्षमता पनि। त्यसैले त्यसको भौगोलिक रङ्ग र शिल्पको स्वादिलो उपस्थिति 'यात्राका प्रेमिल तरङ्गहरू' मा छलिएको छ। एउटै सिङ्गो आख्यानको बत्तीस शीर्षकजस्तो लाग्ने यी यात्राको स्वरूप सिङ्गो उपन्यासका रूपमा उभिएजस्तो लागेर त्यसैको छाप पनि पाठकलाई पार्दै यो यात्राको बान्कीले मीठो स्वाद पाठकलाई चखाउने छ।

यात्रालाई जीवनसँग जंजिर हेर्ने निबाबाकार पुडासैनीले यात्राका मोह, घुम्ती र गोरेटोमा भेटिएका अनुहारहरूलाई नाटकका पात्रहरूजस्तै एउटा कथाभरि संगसँगै रहेर छोडिएपछि अर्को कथामा आफूसहितको कुनै दृश्यको प्रतीक्षा गरिरहेमैं लाग्छ। यात्राको क्रम निरन्तर छ हामी हाम्रो उपस्थिति यात्राको सिलसिलामा नबुझेरै नाटकीय ढङ्गले मिसाउँदै जान्छौं। हाम्रो यात्राका सहयात्रीहरू अनायासै भेटिन्छन्, निकट हुन्छन् अनि छोडिन्छन्। कति फेरि भेटिन्छन् र उस्तै अर्को यात्राको अविस्मरणीय क्षणमा समेटिन्छन् कति अब कहिल्यै नभेटिने बनी स्मृतिको गर्भमा भासिन्छन्। कति हाम्रा सहयात्रीहरू वर्षौं-वर्षेखि हाम्रा आफ्नै बनेर हिँडेकै छन् र हिँडिरहने नै छन्, कहिलेसम्म जवाफ सधैं रहस्यको गर्भभित्रै रहला तर 'यात्राका प्रेमिल तरङ्गहरू' का निबाबाकार पुडासैनी अब कहिल्यै नभेटिने आफ्नो निबाबाको फाँटमा प्रिय पात्रहरूका लागि ज्यादै भावुक बनेर आफ्नो अनुभूति तैर्याउँदा भन्दैनन्- ***यात्रामा भेटिएका कैयौं मान्छेहरू जिन्दगीमा फेरि कहिल्यै भेटिने छैनन् र पनि जिन्दगीभर सम्झनाको मखमलीचारीमा डकमक्क फुलिरहन्छन्।***

यात्रा आफ्नो हुन्छ त्यसैले प्रिय पनि। यात्राले पनि यात्रै नयाँ आफ्नै मौलिक जीवन र परिवेशको रङ्ग ग्रहण गरिसक्दो रहेछ र सर्जक भोगाइका अनुभूतिमा आफ्ना प्यारा र मीठा स्वादहरू चखाउँछ पाठकलाई त्यसैले त्यो मौलिक र जीवन्त बनिदिन्छ। हामी हाम्रो देशबाट बाहिर निस्किन्छौं अनि हिँड्छौं विश्वका रूपहरू-प्रथम विश्व, दोस्रो विश्व, तेस्रो विश्व र अरू पनि तर जतिजति विश्वका रूपहरू हिँडे पनि हामी त त्यहाँ हाम्रो माटो हिँड्दा रहेछौं, हामी त हामै गाउँ हिँड्दा रहेछौं अनि हामी त हामै भन्ज्याङ्, डोबाटो र गोरेटो हिँड्दा रहेछौं। हामी यात्राको गति जतिजति पछ्याउँछौं, हामै मौलिकता पछ्याउँदा रहेछौं। त्यसैले हामीलाई अमेरिकाको सम्पन्न सडक पनि आफ्नै गाउँको गोरेटोजस्तो बनिदिन्छ। यात्राका विविध सिलसिलाले सिर्जना गर्न खोजेको जनौठो झिलिमिलि पनि हामीलाई हाम्रै आँखाले सधैं रम्ने गरेको यारे गाउँको न्यानो र आत्मीय झिलिमिलि लाग्ने गर्दछ। यात्राको निरन्तर पाइलामा हामी हाम्रो आँखा रम्दै हाम्रो प्रिय संसारको अर्थ फिजाउँछौं। हाम्रो प्रिय अर्थ आँखाभरि बचाएर हामीलाई पनि साथै हिँडाउने निबाबाकार पुडासैनी हाम्रा रूपहरूले त्यो संसार बिर्याउँछन्। उनी आफ्नो मनको सम्पो तस्बिर अँखामा सजाएर पाइलाका अनुभूतिहरू चरणबद्ध शृङ्खलामा ओछ्याउँदै बिर्सिदैनन् - ***हलिकट सहर पार गरेर चार मैली मलखसवर्ग पुग्दा दिउँसोको तीन बज्न लागेको थियो। त्यहाँ एउटा योगाटो भेटियो। एउटा बाटो पश्चिमी वासिङ्टनतर्फ र अर्को बाटो आन्नापोलिस दिक्षिमन्डतर्फ लाग्दोरहेछ। हामीहरू वेस्ट वासिङ्टन सडक समातेर लाउब इम्पेटाडै वासिङ्टन बाउन टाउनतर्फ लाग्यौं। त्यहाँ मसाई रामनगर नाघेर जङ्गलको बीच हुँदै नारायणघाट प्रवेश गरेको भान पर्‍यो।***

यथार्थको अङ्कमले नै पाठकलाई कृतिको वास्तविक स्वाद चखाउन सक्छ। यात्रा जीवनको रूप हो। यात्रा भोगाइको अर्थ। त्यसैले सर्जक जीवन यात्राको हरेक अंशहरूसँग यथार्थ स्रोतला र त्यसलाई फिजाउन यथार्थको बाटोबाट सक्षम बन्दछ। स्रष्टाले बाँचेको जीवन जतिजति यथार्थको बाटोबाट कृतिको स्वरूपमा पोखिन्छ त्यति नै यसको स्वाद पनि मीठो

हलोमा अड्किएको कविता

✍ कृष्ण प्रधान

जङ्गलबाट सहर पस्दा
किन सधैं
हलोमै अड्किन्छ ?

सहरबाट
कविता जङ्गलमा पस्दा
किन कविहरू रुन्छन् ?
हलोमा अड्किने पपन्य
न कविता रम्ने
कविले बुझ्नसक्यो,
न कवितासे नै बुझ्नसक्यो।

कविहरू त
बुर्दैखि रचिरहे
सुन्दर कविता,
कविता स्वयम्मा सुन्दर नभए पनि
कविता चैं सुन्दर हुन्छन्,
जङ्गल पस्दा सुखी हुनेहरूका अघि
कविता सधैं दुखी हुनेगर्छ।

घुरा फुटेको रात
सिउँदो पुरिएको दिन

पुत्र विहृवलले छट्पटिएको क्षण
पत्नीले सम्झेको क्षण
कविहरू सधैं सधैं
जङ्गल नपस्ने कविता नै लेख्छन्
आफू दुखी भएर पनि।

हलो अड्काएर गोरु चुट्नेहरू
कहिले कविलाई हेर्छन्
उसका कवितालाई हेर्छन्
कविता माथि हलोको फाली
अड्किएको छ,
कसले पढ्दिउन् ती कविता ?
न त्यसले धानै फलाउँछ।
न त्यसले
नामै कमाउँछ।

बस,
यतिखेर कविता
जङ्गलबाट घर-सहर फर्केको छ।
कविहरू
आफ्ना कविताको रक्षा गर,
सुन्दर रचना गलुट।

- दिलीपचार, मेहेकुली

तपाईंले निजीस्तरबाट प्रकाशित हुने साहित्यिक पत्रिकाहरू पढ्नुभएको छ ?
पढ्नुभएको छैन भने अवश्य पढ्नुहोस्।

रचना, अभिव्यक्ति, जुगी, सुगन्ध, वेदना, हामी पुरूषार्थ, नाद-बिन्दु, शारदा, चैतन्यज्योति, कविता, जनमत, उन्मयन, बगर, तल्लेरी, वैश्वानर वार्ता, मनोभाव, रत्नराशिका, अडान, दोभान, अभिनव, शब्दाङ्कुर, अक्षर, अन्तर्नाद, आँखीझ्याल, साहित्यसागर, नवप्रज्ञापन, शब्दसंयोजन, कौशिकी, ज्ञानगुमका छुरा, निर्झर, कल्पतरू, वैजयन्ती, शब्दसिन्धु, हाम्रो-यात्रा आदि।

कथा

नयाँ जीवनको परिवेश

✍ भागीरथी श्रेष्ठ

कोठामा यसो पल्टिंदै किताब हेर्दै हुन्छु- फोनको घन्टी बज्छ। यस्तै मध्यान्नको बाह्र बजेको हुंदो हो।

फोन उठाउँछु।

एउटा अशक्त र चिरपरिचित स्वर कानभरि गुन्जन्छ।

हेलो सृजना बहिनी! म अनन्त दाइ बोलेको।

म बिरामी भएको थाहा पाइनौ र? कति भयो तिमीसँग भेटघाट नभएको। फुर्सद भए मकहाँ आउ न। मनको बह कति पोख्नुछ तिमीसँग।

"ताताई बिरामी भएको थाहा पाएर पनि आयौं बिरामी भएर आउन नपाएकी हुँ। माफ गर्नु होला दाजु। अहिले ठीक छु। भोलितिर आउँछु।"

भोलिपल्ट म अनन्त दाइकोमा पुग्छु। त्यसलै उज्यालोले चमक्क बलेको अनुहारभरि झल्ली पोतोले छपक्क नै छाएछ। त्यस्तो तन्दुरुस्त स्वस्थ शरीर गनेर हाड्छाला मात्र बाँकी रहेछ। विछ्यौनामा अडेस लाएर बस्नुभएको दाइ चिन्नै नसकिने हुनुभएछ। मार्मी औंठारोले पोतिएको अनुहारमा जीवनको सम्पूर्ण शक्ति त्यरित भएको छ।

मलाई देख्नासाथ आँखाबाट बररं आँसु खसाल्दै भन्नुहुन्छ- "मेरो जीवनका दुःखका कहानी सुनाउन बोलाएको हुँ। तिमी त लेखिका, मेरो कथा लेखेर छापिदिए मनमा शान्ति हुने थियो।"

सृजना! तिमीलाई थाहा छैन वास्तविक कुरा। मेरी जुन गति भएको छ-मेरै कारणले हो। मैले आफ्नो जीवनमाथि घात गरें। मेरो जीवनमाथि मात्र होइन- मेरो परिवार, मेरो धर्म, सत्य सबै सबैमाथि निर्मम प्रहार गरें- अरू कसैले होइन, अपत्यक्ष-अप्रत्यक्ष मान्छेले आफ्नै जीवन र स्वास्थ्यमाथि घोरै अन्याय गरीरहेछ- मनपरि व्यवहार गर्नेरहेछ।

आफ्नै लोभ र तृष्णाले मैले आफ्नै जीवनमाथि विष छन्याइदिएं। आफैंले छन्याएको विषको दलदलबाट म जीवनभर मुक्त हुन सक्तिन। मेरो जीवनको आशाको दीप मरिसकेको छ।

आरबासल दिंदै भन्छु-"यसरी हरेश खानुहुँदैन। रोग कसलाई लाग्दैन र! आत्मविश्वास जगाउनुस्। यो जीवन युद्धभूमि हो। यहाँ बाँचनका लागि हरेकसँग लड्नुपर्छ। कहिले जीत कहिले पराजय यो जीवनकै शाश्वत् सत्य हो।"

"हेर बहिनी! म पछाडातर्फ बस्न परेको छु। मेरो दाहिने हर राम्रो चल्दैन। औंलाले कलम समाउन सक्तीन। दिमागले केही सोच्न सक्तीन। हरक्षण झनझनाइरहन्छ शरीरको दाहिने भाग। आफैंले आफ्नो जीवनलाई तहसनहस गरेपछि म कसरी यो रोगबाट मुक्त हुन सक्छु र? मेरो सुखद अतित यो। दुःखपूर्ण र अभिशापपूर्ण वर्तमान जीवन, असुरक्षित र शंकापूर्ण भविष्य, मेरो अपूर्ण लेखन कार्यहरू सम्झेर निद्रादेवी सक्तिन। सबैले मेरो मनमस्तिष्कलाई प्रहार गरिरहन्छन्।

यही परिवार, यही जीवन मेरो लागि कति सुखालय थियो- कति खुसियालीको सङ्गीत बज्थ्यो। उच्चशिक्षा आर्जन गर्न माईलो छोरा विशाल आफ्नी श्रीमती सुपत्रा र नातिनी श्वेयासँग लण्डनमा सुखपूर्वक जीवन बिताइरहेका छन्। छोराहरूले बोलाउँदा बोलाउँदै यो रोगको घनचक्करमा परें। काष्ठमण्डु दुकान खोलेर बसेका जेठो छोरा राजेश साढे मेहनती छ। कान्छो छोरा रजत सिभिल इन्जिनियर र बुद्धी नीता पनि आर्किटेक इन्जिनियर छन्। दुवै सज्जन र व्यावहारिक। श्रमिती अंशु साढे सज्जन, भलाद्मी, समझदार छिन्। हरपल गृहस्थीको सुखभोग गरिरहन्थे। सब कुरा सन्तोषजनक थिए। सुन्दर

समालोचना

जीवन, गति र पाइला : यात्राका प्रेमिल तरङ्गहरू

✍ हेम भण्डारी

कान्छा पाल्ने नै
कान्छा बने सुकेर
अमेरिकामा!

यो जापानी शैलीको नेपाली कवितालै कवि दामोदर पुडासैनी 'किशोर' को कवित्वसाई जुरुकै उठाएर उनकै यात्राको स्वादिलो प्रेमिल तरङ्गभरि फनफनी घुमाएको छ। यसले हाम्रो रहर र सपना, हाम्रो महत्वाकाङ्क्षा र चाहना, हाम्रो रोजाइ र भोगाइ, हाम्रो वाध्यता, यथार्थ अनि विचार सबैलाई एकैपन्ट चुनै अज्ञात भविष्यको आँगनमा बिस्कुन लगाइदिएको छ। एकपछि अर्को छूटो भाग खोजाइको परिस्थिति र परिवेशसाई पच्छ्याएर रहरका सिलसिला जोड्दै निरन्तर विश्वशताको दलदलमा झोसिंदै हाम्रो वर्तमान शैली र संस्कृतिलाई कवि पुडासैनीले यथार्थ नमुना टिपी हाम्रो अँखामा उभ्याइदिएका छन्। यो नमुना पढ्दा म निद्राबाटे सिङ्गो संसारलाई मेरो आँखामा न्याएर निद्राबाटे पुडासैनीको स्वादिलो हरफ संगसँगै निद्रादेछु। त्यही विश्वमा छरिएको हाम्रो अवस्था र हैसियत चिन्दैछु, जीवन नै यात्रा र यात्रा नै जीवन! को गहिरो परिभाषा बुझ्दैछु!

'यात्राका प्रेमिल तरङ्गहरू' निद्राबाटे दामोदर पुडासैनी 'किशोर' (२०१९) को पाँचौं प्रकाशित सङ्ग्रह तथा पहिलो निद्राबासङ्ग्रह हो। यसअघि पुडासैनीलाई कविका रूपमा बारम्बार पढ्दा कविता यात्राले खुइलिन्ली निरन्तर उकिलएको उनको कवित्वले देखाइदिएको तथ्य हाम्रासामु बार बर्नेतासङ्ग्रह बनेर सुरक्षित रहँदैछन्। आफ्नतका अनुहारहरू (२०४९), आँखाको खोजीमा (२०६२), आकारको खोजीमा (२०६३) र आलोकित आयाम (२०६३) उनको काव्यमोह र कवित्वशक्तिको प्रमाण हो। आलोकित आयाम (२०६३) सम्म हिंड्दा पुडासैनीलाई कविकै रूपमा बढी बुझेर अन्य रूपमा झनै चिनिएको थियो तर यात्राका प्रेमिल तरङ्गहरू (२०६५) ले यिनलाई, निद्राबाटे स्वरूप र स्वादमा कवित्वको सामर्थ्य मिसाएर पस्किने रसिला निद्राबाकारका रूपमा पनि स्थापित गरिदियो। हुन त यसअघि पनि निद्राबाकार पुडासैनीले कविताको स्वरूपलाई यात्रा र यसैको मिठासले स्वादिलो बान्की पेश गर्ने अभ्यासमा उतारिसकेका छन्। यसपालि निद्राबाटै पूर्ण सङ्ग्रह गतिलो र दाहिलो चमेर यसरी उभिएको छ।

जन्मिनु, हुर्किनु र जीवनको मेरो समाएर अघि बढ्नु सामान्य बुझाइमा पनि यात्राकै रूप हो। हाम्रो हरेक सिलसिलाको गति पनि यात्रा नै हो। बालमनोस्थिति र चेतनाले पछ्याउने अज्ञात भविष्यको सामी बाटो, युवावयको विचलित मनस्थितिले समाउने अर्को अज्ञात भविष्यको कठिन गोरेटो अनि बुझेर, नबुझेर बोझिएको बन्दै जाने कठिन सङ्घर्षको पाइला सबै-सबै यात्राकै रूप, स्वाद र रङ हुन्। हामी हाम्रा जर्फेरा र साँझिला संगसँगै अहिलेसम्मका लागि भए पनि हामीलाई गति दिंदै छौं। हाम्रा बाटो र हाम्रा मोडहरूमा सिर्जना हुने अनेक रहर, सपना र चाहनाहरू रूपहरूले नै हामीलाई आशाका स्थान्द्राहरूसंग गाँसेर छोप्याएको छ। हामी हिंडेका छौं अनि हिंड्दै हुनेछौं सुदूर भविष्यको सामी परम्परा र सिलसिला पच्छ्याएर। यसैको सुखद मोडमा आफ्नो गति पच्छ्याउने एक सुखी स्रष्टा दामोदर पुडासैनी 'किशोर' बनेका छन्। सबैलाई सुखको गतिले अघि धकेल्दैन। यस्तो सुखको गति पाउनेहरू त धेरै हुन्छन्। धेरैमा एक पुडासैनी हुन् त्यसैले त उनी यात्रा र जीवनको सम्बन्धलाई जीवनको चुनै ज्यापवाट निद्राबाटे भाग्यवादी भनिएकमा भिन्न उँछन्- *यात्राका सुखानाहरूको आकार हो जिन्दगी। नगएकर रङ्गहरूसँग ताताल्य अपयम गर्दै अघि बढ्छ*

पुगेर पद्मा आमा कहाँ बस्नुहुन्छ ? भनेर सोधिन् । त्यहीं बसेका एक बुढ्ढले पैसा ईशातिर बढाउँदै भने– 'तपाईं ईशा होइन ?' ईशाले हो भनेर टाउको हल्लाइन् ।

बुढ्ढले दर्दनाक स्वरमा भने– 'पद्मा बजै अस्ति बिलुभयो । तपाईंको विवाहमा उपहार दिन छुट्याएको रे यो पैसा, लिनुन् । पद्मा बजैले भने बेलामा दिनुभएको हो ।' यथार्थ बुझेपछि ईशालाई मुटु फुटेझैं भयो । पद्मा आमाको सम्झनामा धेरै आँसु झऱ्यो । विवाहका लागि छुट्याएको पाँच रूपैयाँ उपहार लिएर ईशा फर्किइन् ।

विवाहको कुरो चल्यो, ईशाले कुनै नाईंनास्ति गरिनन् । एउटी कुलीन घरकी छोरीको विवाह जसरी हुनुपर्ने हो, त्यसरी नै भयो । छोरीका मनको पीडा ऐसको होइन भन्ने त थाहा भयो तर केको पीडा हो भन्ने आमाबाबुले अझै बुझेनन् । आफ्नो विवाहको दिन सबैले दिएको उपहारभन्दा पद्मा आमाले दिएको पाँच रूपैयाँको नोट ब्यागबाट झिकेर हेरिन् । त्यही पाँच रूपैयाँ नै बहुमूल्य उपहार लाग्यो ईशालाई । विवाहपछि माइतमा बस आउँदासमेत छोरीको अनुहार उस्तै दुःखमा डुबेको देखेर । अब भने बाबुआमालाई खपिनसक्नु भयो । निकै केरकार गरेर ईशालाई आमाले दुःखिद हुनुको कारण सोधिन् । ईशाले पनि 'सुख बाँड्दा बढ्छ र दुःख बाँड्दा घट्छ' भन्ने लागेर नै होला पद्मा बज्यैसँग भेट भएदेखिको सबै कुरा सुनाइन् । छोरीको कुराले ईशाकी आमा मनमनै भक्कानिन् । अनुकी त्यही कुरो जसताछोलसै लाग्नेलाई सुनाइन् । त्यसबेला विनय आमाप्रति गरेको अत्याचारपूर्ण व्यवहार सम्झेर अबोध बालकझैं ढाँकी छोडेर रोए । ईशाले आफ्नो साथमा राखेको बहुमूल्य उपहार पुनः ओन्टाईपन्टाई हेरिन्, त्यही पाँच रूपैयाँ... ।

❖❖❖

कविता माझ्छ कान्छो

✍ विश्व सिग्देल

सेताम्मे फुलेको तुसारो
बाक्ला पैतालाले माडेर
मिलास माझ्छ कान्छो ।

घिया पिढ्रहेको कबि
फेरि टुकुन्छ/ घिम्कार्छ
कतै टुटीबाट बगेको
हात काढ्ने पानी
त्यस बालकलाई मेरो कविता !
धिक्कार होस् !

कवितामा राप हुन्न
तैपनि
'पैतालाका डोब तल
सभ्यताका धरोहर होलान्
तुसारोले अधमरा'
होसन्छ कविता !

सेताम्मे फुलेको तुसारो
बाक्ला पैतालाले माडेर
कविता माझ्छ कान्छो !
कवि माझ्छ कान्छो !

देहरादून, मसुरी

❖❖❖

अपमान हुने कार्य नगर्दा बेश जीवन
बाग मान्न नपाएकी पाइपौरी अति उत्तम ।

इच्छाको तिर्सना ज्यादै लामो हुन्छ अनन्त नै
भरिन्न चुहुने गागरी प्रयत्न गर जति नै ।

कर्मको गति पकेर हिँड्ने नै पार लाग्दछ
बगेको नदको बेग बेगैमा पुग्छ सागर ।

बागैको मुख छेकिन्न जुँघै लामा भए पनि
व्यासका रचना लेख्न दौड्यो गणेश-लेखनी ।

- 'गीतिका कुरा' बाट

थिए । रमाइला थिए । बहिनी ! यिनै हातहरू हुन् । मैले घरको बरण्डामा माटी बिछ्याएर बर्षौंदेन पुग्ने खुर्सानी, प्याज र लसुन फलाउँथें, रामसामा मौसम अनुसारको फूल फुलाउँथे । म त थाहाको मान्छे । माटोसग खेल्न मन लाग्थ्यो । तरकारीहरू फलाउन मनपर्ने, घरको वरिपरि हरियाली भएको हेर्न मन पर्ने । प्रकृति प्रेमी । निष्क्रिय जीवन मनपराउन्नथें ।

अर्थशास्त्रमा एम.ए. गरेकी मान्छे । विश्वविद्यालयमै उपप्रशासक भएर काम गर्ने । आफ्नो वंश र बसाई सराइ किताब लेखिसिध्याए पनि अर्थशास्त्रको किताब लेख्दै गरेकी थुरुरे भयो ।

आज आफूलाई संयम गर्न नसक्ता अपाहिज जीवन व्यतित गर्दछु । जीवनका सुन्दर कलाहार आफैंसे भेटें । क्रति अस्पमति थियो त्यतिमेला मेरो । अन्धाधुन्द रक्सीमा डुबेर जीवनलाई रङ्गहीन बनाएँ । आफ्नो व्यावस्थाको जिम्मेवार मान्छे स्वयम् हुँदारहेछ । आज म रोगबाट छुट्कारा होइन, झन्झन् त्यसको कठोर बन्धनमा जकडिँदैछु ।

बहिनी रमीलाको छोरोको विहेमा थितबन जाँदा ल्हाउँसरको औषधी खान छोडेर एक हप्तामा रक्सीमै डुबें, रक्सीमै रमें, रक्सीलाई नै साथी बनाएँ रक्सी खाएर विहेको उत्सव मनाएको मैले आज मेरो जीवनले रोगको उत्सव मनाइरहेछ ।

घर फर्केको एकहप्तामा डाक्टरले टेबलमा खाना खान लाएँ थिएँ । मलाई रिङ्गटा लागेजस्तै भयो । टेबलमै ढलेँ, होस आउँदा टिथिङ अस्पतालमा आफूलाई पाएँ । त्यसपछि त मेरो सात संसार टुटिसकेको थियो । सबै कुरा छुटिसकेको थियो । सब कुराबाट बिच्छेद भएको थिएँ म ।

शरीरको दाहिने भागका सम्पूर्ण अङ्गहरू सिथिल भएका थिए । न त म बोल्न नै सक्थें । न त हिँड्न नै सक्थें । न त सोच्न नै सक्थें । न त हातका औंला र खुट्टाका औंलाहरू नै चल्थे । सारा संसारको अन्धकार एउटै अन्धमा समाधि पोल्टिएको थियो । उन्मासी हराइसकेको थियो मेरो जीवनबाट ।

मेरो जीवनको सुख्द र उर्जेर अध्याय एक दिनमै समाप्त भएको थियो । आज मी तनावपूर्ण र दुर्बल मनस्थिति लिएर बाँचु पर्थ्यो मैले ।

महिनौं मेरापी गरेर फेरी बोल्न, हेर्न र हिँड्न सके पनि त्यो पहिलाको शक्ति र सामर्थ्य मलाई पूर्णरूपले प्राप्त भएन । न त म कसैको सहारबिना हिँड्न नै सक्छु, न त टिभी च्यानलहरू हेर्न नै सक्छु, न त पढ्न नै सक्छु, न त लेख्न नै । जीवनका दी आधारहरू भोल्टिएपछि म कसैको लागि बाँचिरहेछु । माथ आफ्नो र परिवारको लागि बोझ बनेर ? यो शरीरको दाहिने भाग हरबखत झमझमाइ रहन्छ । यस्तो स्थितिमा मन कसरी थिर हुन सक्छ ? यो अकर्मण्य र निष्क्रिय जीवन लिएर कसरी बाँचु ? मर्सँगै अपाङ्ग भएका मेरो जीवनका उद्देश्य चाहना र कामहरू अतिखेर रोइरहन्छन् । पागल झैं हुन्छु निरूपाय हुँदै हेरिरहन्छन् मलाई ।

थाहा छ बहिनी ! अस्पतालको डक्टरसँग दुवै हात जोड्दै भनेको थिएँ-"डाक्टर साहेब ! मेरो रोग निको हुन सकोस् र ?" डक्टरले अत्यन्त क्रूर जवाफ दिँदै भने -"यो रोग लाग्यो भने अमेरिकाको राष्ट्रपतिलाई त औषधी छैन भने तपाईंलाई कसरी हुन सक्छ ? यो रोगले तपाईंलाई जीवनभर छाड्दैन ।"

उफ् ! डक्टरको निर्दयी र कठोर जवाफ सुनेर त्यो भन्दा दोब्बर रोगले चाँप्यो । म त हताश्वासी भएँ । भगवान्को स्वरूप सम्झने डक्टर स्वयम्ले एउटा रोगीलाई आश्वासन दिनको सट्टा रोगीको जीवनमा मीठो बोलीले जीवनदायिनी शक्ति भनुको सट्टा यमदूत झैं भएर व्यवहार गर्दा म रोगीको मनस्थिति मरेतुल्य भएको थियो ।

घर फर्केपछि गति घनघोर निराशाले छाको कि सोचे मैले विष खाएर यो अभिशप्त जीवनबाट मुक्ति पाउनुपर्छ । आफ्नो दुःख कष्ट त छँदै थियो । मेरो दुःख र पीडाले परिवारजनलाई महादुःख दिइरहेको थियो । परिवारजनले पनि मबाट मुक्ति पाउनुपर्छ । सारा सोच मेरो रोगमाथि रिङ्गिरहन्थ्यो दिनभरि, रातभरि, बिस्तारै परिवारका सदस्यहरू श्रीमती, छोरा बुहारीप्रति पनि विश्वस्त हुन सकिनँ । शङ्कन र उपशङ्कन आसाहरू बुन्दै गयो । एकदिन श्रीमतीले खाना नल्याउँदा, छोराबुहारी मेरो कोठामा पसेर नबोल्दा, श्रीमती खुलस्त नबोल्दा पनि मलाई यिनीहरूले अघेल्लो सम्झे भन्ने सोचले आफैंलाई भिर्जभिर खान थाले ।

सानो सानो घटना पनि मेरो लागि पहाड़ बन्थ्यो । मेरा विचारहरू यति साँघुरिँदै गए कि मानौं मेरो विचार यो सीमित कोठाजस्तै भइदिएको छ । छोराबुहारी श्रीमतीले सम्झाउँदा पनि नाटकजस्तो लाग्ने उनीहरूका सम्झाइ बुझाइहरू । लाग्थ्यो म परका प्रत्येक सदस्यहरूबाट अपहेलित भइरहेको छु । बेकम्मा भएको छु ।

मेरा कथा व्यथाहरू यिनै हुन् । तिमी त लेखिका, मेरो दुःखका कथा राम्ररी लेखेर छापिदिनू । मेरो बारे लेखेको कथा पढ्न पाए रोग अलि हलुङ्गो हुन्थ्यो कि ? यो झमझम हुने रोग बन्द हुन्थ्यो कि ?

\+ \+ \+

उहाँलाई बचन दिएर घर फर्केको पन्ध्रदिनपछि कथा लेखेर सुनाउन म उहाँको घरमा गएँ । आश्चर्य ! उहाँ त पहिलाको त्यो निराशाले व्याप्त जीवनदेखि थाकेको हारेको व्यक्ति थिएन । उहाँको अनुहारमा तेज देखें । बोलीमा शक्ति देखें । खुसीको सीमा नै भएन । त्यसो सुखद् परिवर्तनको कारण सोधें । दाइ भाउजुले मलाई माथि बरण्डामा लैजानु भयो । पिंजडामा बन्द भएका चराहरू देखाउँदै भन्नुभयो - "यो मेरो नयाँ जीवन यी चराहरूको बरदानबाट प्राप्त गरेको हुँ बहिनी । एकदिन भाइ आएर आफैले बरण्डामा पिंजडा बनाउन लगाए.....। आफैले कहाँ कहाँबाट किनेर ल्याएछ, हुकुर गोल्डेन पिजन, सिल्भर पिजन चराहरू राखिदिए ।

भाइले विश्वासका साथ भने -"दाजु ! अब तपाईले आफ्नो जीवनको नयाँ अध्याय सुरु गर्नुस् । यी चराहरूको रेखदेख गर्नुस् । दानापानी सांझै बिहान आफैले खुवाउनुस् । चिनीहरूलाई साथी बनाएर आफ्नो दुःख बाँड्नुस् । तपाई आफैले चिनीहरूको स्याहार, सम्भार गर्नुस् । यी चराहरू तपाईको स्वास्थ्य जीवनको वरदान साबित हुनेछन् । तपाईको रोग धेरै ठीक हुनेछ । चिनीहरूसँग खेल्न र रम्न सिक्नुस् । तपाईलाई केही हुँदैन । बुझ्न हुनुस् ।"

'चराहरू देखेर एउटा अपार शान्ति र आनन्दको लहर उठ्यो यो अवस्था मनमा । एउटा मृत झइसकेको जाँगर र उत्साह फेरि अनुप्राणित भयो । त्यसदिनदेखि म चराहरूलाई दिनको तीन/चार पटक बरण्डामा आएर उनीहरूलाई दानापानी दिन्थ्यु । मलाई देख्नासाथ फुरफुर गर्दै मेरो अगाडि थिं...थिं गरेर कराउँदा यो झमझमाउने रोग पनि किर्सन्छु । चिनीहरू मेरो वास्तविक जीवन मित्र भएका छन् । चिनीहरूसँग म खुसी हुन र रमाउन सिकेको छु । यी चराहरूबाट जीवनप्रतिको आस्थाको दीप बसेको छ मनभित्र । हुनत म यी रोगबाट पूर्ण मुक्त त सकिन्न तर चिनीहरूको सान्निकटले मेरो गतिहीन जीवनलाई गतिदिएको छ । आफ्नो रोगलाई बिर्सने अभ्यास भएको छ । लाग्छ यी चराहरूबिना म बाँच्नै सक्तिन । मेरो जीवन कथाले यहीसम्मको यात्रा गरेको छ बहिनी ।"

दाजु मुस्कुराउनु हुन्छ । मनमा अपार हर्ष लाग्छ । पहिलेको मानसिकरूपले मृत दाजु होइन, अब त मानसिक र शारीरिक रूपले पनि स्वस्थ दाजु देखेछु । यो विलक्षण परिवर्तन चराहरूकै कारण र आफैंभित्र जागेको आत्मविश्वासबाट सम्भव भएको हो । दाजुको उत्साहयुक्त अनुहारको भाव चराहरूलाई दानापानी खुवाउँदा उहाँको जाँगर, उत्साह, एकाग्रता र तत्परतामा अनौठा दृश्यहरू देखिन्छन् । मानौं उहा स्वयम् आफूमाइ बिर्सेर चराहरूलाई खुवाउन र हेरचाह गर्न दत्तचित्त हुनुहुन्छ ।

खुसी व्यक्त गर्दै भन्थु-"दाजु ! तपाईले यी चराहरूबाट नयाँ जीवन जिउने कला सिकिसक्नुभएको रहेछ । तपाईले नयाँ संसार पाउनुभएकोमा म अत्यन्त खुसी छु । चिनीहरूको संसर्गले तपाईसँ नयाँ शक्ति र प्रेरणा पाउनुभएको रहेछ । यिनै चराहरूले तपाईलाई दिनहुँ आशीर्वाद दिइरहेका छन् ।"

"साँच्चै हो र बहिनी ?"

"हो साँच्चै हो । चराहरू भुरभुर गर्दै उडेर तपाईको नजिक आउँदाको क्षण, तपाईले दानापानी दिँदा जुन उत्साहजन्य र निर्लिप्त भाव देखें । त्यही नै तपाईको स्वस्थ जीवनका लक्षणहरू हुन् । अब म तपाईको कथा दुःखान्त होइन सुखान्तरूपले अन्त्य गर्छु ।"

हामी तिनैजना मनसँगै हाँस्छौं ।

दाइलाई नआई दिँदै म विदा हुन्छु

"दाइ भन्नुहुन्छ " बहिनी ! आँई कथा लेखेर छाप्नु है ।

"हस्.....हस्.....धन्दा नमान्नुस् ।"

◇◇◇

विक्रम मेरो पनि सम्झनामा उनी जिउँदै थिए । म उनको जिउँदो सम्झना कसरी पर्याप्त सक्थें र ! त्यसैले पुनर्विवाह गरिनें । त्यो दुष्ट तिर्थ बीस वर्षको लागि कैदमा पऱ्यो । विभवको विवाहपछि म झनै खण्डित हुन पुगें । मेरो पीडा बिसाउने चौतारीहरू सासू र आमाबाबु नै थिए । मानिस सधैं बाँचिरहने त होइन, ती सबैको एकएक गरी पालो आयो, आफ्नो बाटो लागे । उनीहरूलाई एकएक गरी गुमाएकीले म नितान्त एक्ली भएँ । छोराबुहारी स्कूल पढाउन जान्थे । म घरको र बाहिरको काम गर्दागर्दै टुसुक बस्न पाउँदिनथें । उनीहरूको भातभान्छा र घिमानास्तायको जिम्मा मैं टाउकेमा थियो । सकीनसकी दिन घिसारेकै थिएँ । विभवले छोरी पाएपछि ममाथि नातिको बोझ पनि थपियो । किसीमसमै उठेर बाहिरको काम गर्थें । दिउँसो नाति हेर्दै घरको काम गर्थें । एक दिन समातासमाती अचानक नाति मेरो हातबाट फुत्किएर उसको कलिलो टाउकोमा लाग्दा टुट्नको उठ्यो । त्यो टुट्नको देखेपछि छोराबुहारीले तथानाम गरेर मैंरो साती खाउँलाकै गरे । बुहारी चन्दाले घचेटेर आँगनमा बजारेर भनी- "जाओ एउटा नातिको स्याहार गर्न नसक्ने हालतलाई अगुल्टासे पोल्नुपर्ने हो । लाजसरम नभएपछि कसको के लाग्छ ? टम्म घिच्न दिएकै छ क्यारे !"

बिनयले कुरा थप्यो- "तिमीलाई देख्ता पनि उदेक लाग्छ । म्युलमा कराउँदा कराउँदै थाकेर घर आयो । परमा पनि शान्ति छैन । आफैले यो छोराको हात खुट्टा भाँचिएको भए, टाउको फुटेको भए के हुन्थ्यो हँ ?"

मैले ती छुट वचनहरू साह्रै नसकेर भनें- " हेर मलाई पनि नातिको माया लाग्छ, के गरौं जानेर लडाएकी हुँला त ?"

"थाहा छ, थाहा छ तिमी को हौ भन्ने ! तिम्रो कुपरिवारको कारण मलाई टुहुरो हुनुपऱ्यो । तीर्थ काकासे जेलबाट आएपछि मलाई सबै कुरा राम्ररी बुझाएर भाँसखे । आमा भनेर पो चुप लागेको थिएँ । आज मुख खोल्न बाध्य गराये ।'

बुढा पद्माले झिक्कदिक्क गर्दै र्सँदै भनिन्- 'नानी ! विनयले हानेको त्यो बढ्को चोटले म बहिरे पनि रन्थनिएकै छु । अरू के भनेको भए पनि सहन्थें । त्यो पापीले त मेरो आदर्शमा खोट देखायो । मैले गति मात्र भनें- हेर् पाजी ! सत्यलाई कसैले पनि भस्म गराउन सक्तैन । सत्य चन्द्रसूर्यलाई थाहा छ । कुनै दिन सत्य थाहा पाइस् भने माफ माग्न नआउनू । यो सारा सम्पत्ति मेरो दाइजो र पेवा हो तर पनि तँलाई छोडेर जाँदै छु । हो नानी ! त्यसपछि म काठमाडौं चिप्लिएँ । काठमाडौं आएपछिका कुरा त तिमीलाई भनिहालें । नानी ! वास्तवमै आज मन चङ्गाजस्तो हलुङ्गो भयो । भनिहालें, तिमीसँगको भेट भगवान्संगको भेटभौं लागिरहेछ । तिमी रोयौ ? नरोऊ नानु ! शीतल पनि भयो म बाटो लाग्छु । अनुहार देखाउन कहिलेकाहीं बाटो हिँड्दा पाटीमा आऊ है, मलाई धेरै राम्रो लाग्छ तिमीलाई भेट्दा ।'

ईशाले आफ्नो आँखा ओभानी पार्दै भनिन्- 'आमा ! तपाईले मलाई धुपेपन्ट भगवान् भन्नुभयो । मलाई भने भगवान्प्रति घृणा लाग्छ । यदि साँच्चै भगवान्ले भलो गर्ने भए किन सधैं तपाईजस्ता निर्धाको माथ झाँटी तिमोठ्छ भगवान् ? तपाईको छाती भतभती पोल्दा कहिले मलम बन्थो भगवान् ?'

ईशालाई हेरेर बुढा पद्मा अति मीठो गरी हाँसिन् र भनिन्- 'नानी ! विक्रमसँगको क्षणिक भेटमा मैले सात जन्मको खुसी पाएँ । त्यो विक्रम मलाई भगवान्ले दियो । आज अति गाह्रो हुँदा तिमीले जरुरी मैले पनि भगवान्लाई सराप्रिहेकी थिएँ । तिमी टुप्लुक्क देखा पऱ्यौ र सारा पीर पछ्याल्यौ । म मानौं स्वर्ग पाएजस्तै भएँ । मभित्र भएको विश्वासको सुर्मलाई भगवान्ले निभ्न दिएन । अति कसरी भगवान् छैन भनौं ?'

ईशालाई तर्कवितर्क गरेर बुढा पद्माको आस्थालाई ध्वस्त मन लागेन । पद्माले जिन नम्हाले पनि आफूसँग भएको केही पैसा छोडेर ईशा घर फर्किन् । यता ईशालाई पद्माको अनौठो सम्झनाले सताइरह्यो । ईशाको सधैंको हाँसिलो अनुहारमा एक किसिमको गम्भीरता छाएको जिन्दै दिनदेखि आमाले ठम्याएकी थिइन् । हुकेबेडेकी छोरी कसैलाई मन पराउन थालिछ कि अथवा उनले मन पराएको केटाले अर्कैलाई मन पराएर पो हो कि भनेर सोधिहेरिन् पनि । तर ईशा 'त्यस्तो केही छैन' भनेर चुप लाग्थिन् ।

आखिर आफूलाई थाम्न नसकेर पद्मासँग भेट भएको केही दिनपछि ईशा लगनखेलको पाटीमा

विक्रमले गहभरि आंसु पार्दै भने–" काका ! मनको पीर छर्न नसकेर यहाँ आएको हुँ । "

बुवाले सान्त्वना दिँदै भन्नुभयो– "कस्तो पीर पऱ्यो, स्पष्ट भन न बाबु ! सक्ने भए सहयोग गरौंला । "

विक्रमले सङ्कोच मान्दै कुरा बढाए– "काका ! त्यो तीर्थमा गएर अत्तिएँ यहाँ आएको हुँ । ऊ पद्मालाई बिहे गर्छु भन्थ्यो । पद्माको विवाह बलसंग गरिंदए पनि त्यो तीर्थसंग नगरिंदिनुहोला । उसले धुपे केटीहरूलाई बिगारेको छ । बिहा गर्छु भनेर घर न घाटको बनाउँछ । फेरि पद्माको जिन्दगी पनि त्यस्ते अलपत्र भयो भने... ।"

मैले बुबा र विक्रमबीचको कुरा अगेनामा बसेर सुनिरहेकी थिएँ । बुबाले हाँस्दै भन्नुभयो– "को तीर्थ बाबु ? मैले त अहिलेका केटाहरूलाई के थिन्दैं र ? अनि उसले के भन्यो र तिमी भयग्रस्त भयौ ?"

विक्रमले लामो श्वास फेरेर भने– "त्यो पापीले पद्मालाई जसरी भए पनि आफ्नी बनाइछाड्छु भन्यो । तिमी फन्टने रात्रि काकाको छोरो हो । ऊ पनि फन्टनमै छ । उसको बानी राम्रो भएको भए आजसम्म घरजम गरिसक्थ्यो । फेरि पद्माको र तीर्थको नै पनि जोडी राम्रै मिल्थ्यो । "

बुबाले मायालु पाराले भन्नुभयो–" तिमी पद्माको खुसी हेर्न चाहन्छौ होइन ? पद्माले भोलि दुःख पाउलिन् भन्ने पीरले निस्सास्दिँदै यहाँसम्म आएका छौ । पद्मालाई त्यति धेरै माया गर्ने युवकलाई म कसरी रित्ती हात पठाऊँ ! के चाहन्छ, भाग ।"

विक्रमले हात जोड्दै भने–" पद्मालाई राम्रो घर परिवार खोजेर बिहा गरिदिनुहोस्, भन्न खोजेकी । उनले सुख पाए मलाई केही चाहिँदैन । "

विक्रमको कुराले मेरो आँखा रसायो । बुबा पनि एकैछिन मौन हुनुभयो । विक्रम थप्ति भनेर आँसु पुछ्दै उठेर हिँड्न लागेका थिए । बुबाले विक्रमलाई एक छिन बस्न आग्रह गर्दै भन्नुभयो–" बाबु ! तिमीले आफ्ना लागि पद्माको हात मागेको भए हुन्थ्यो नि !"

विक्रमले अप्ठ्यारो मान्दै भने–" उनी सुखसयलमा हुर्केकी मान्छे । उनले दुःख पाउलिन् भन्ने पीर लागेको छ, म धनबिनाको मान्छे, कसरी सुख दिन सकूला र भन्ने लागेकोले मैले आफ्नो लागि नमागेको हुँ । म गएँ, नसोधीकन आएको, छोरो कहाँ गयो भनेर आमाले पीर मान्नुहुन्छ ।"

बुबाले प्रसन्न स्वरमा भन्नुभयो– "बाबु ! पद्माले धनको लालचा गर्दिन । तिमीलाई छोडेर पद्माका लागि अरू केटो खोज्नु भनेको सूर्यको अगाडि बत्ती खोज्नुसरह हो । जाऊ, घरसल्लाह गरेर आऊ, पद्मा तिम्रै भइन् । तिम्रो घरमा कुरो मिलायौ भने म विवाहको दिन तोक्न आउँला । "

बुबाको कुराले विक्रमको हराएको मुस्कान फर्किंयो । उनी हर्षका आँसु झार्दै हाम्रो घरबाट निस्के ।

मेरी र विक्रमको विवाह हुँदै छ भन्ने सुनेपछि तिमीं ईर्ष्याले जल्यौ । देखनमा राम्रो, हङ्गकङ्ग जवान, धनले सम्पन्न, भारतको देहरादुन फन्टनले पढ्नाएको मान्छेलाई जनार्दनले बास्ता गरेन र एउटा गोठालोलाई छोरी दियो भनेर तीर्थे हाम्रो ठाडाडले भुतुक्क हुँदै प्रतिशोध लिन खोज्यौ ।

हाम्रो विवाह धुमधामका साथ सम्पन्न भयो । यता घरमा पनि हाम्रा दिनहरू हर्षोल्लासमै बिते गए । उता बुवाआमा पनि विक्रमजस्तो सुशील ज्वाई र ठूलीजस्तो मायालु सम्धिनी पाएकोमा ज्यादै खुसी हुनुहुन्थ्यो । समय बीतिएन दुई वर्षपछि मैले बिनयलाई जन्माएँ । खुसीमाथि अर्को खुसी थपियो । दुई महिनाको छुट्टीमा घर फर्केको तिर्थेले हाम्रो खुसी सहन सकेन । एक दिन गोठाली गएको बेलामा विक्रमलाई तिर्थेले ठूलो भीरबाट धकेलेर मार्यो । उनी मरेपछि केही समयसम्म त मैले आफूलाई सम्हाल्न सकिनँ । छोरो बिनयले ताताततु गर्न थालेपछि बिस्तारै आफूलाई सम्हाल्न थालें । विक्रमको सम्झनामा झर्ने आँसु नसुकीकन बिनयको बिवाहको कुरा चल्यो ।

ईशाले बीचमै कुरा काट्दै भनिन्– 'हजूरले किन पुनर्विवाह गर्नुभएन ? त्यो अधर्मी तीर्थलाई जेल सजाय भयो या भएन ?'

पद्माले आँखामा उसैको आँसु पुछ्दै भनिन्– 'नानी ! मलाई बोल्न त विक्रमको मायालु सम्झना नै काफी थियो । स्वर्ग मेरी सासूले बीस वर्ष बैंसलाई बेर नफाले, बुढेसकालमा गाह्रो हुन्छ भन्नुभएको थियो । आमाबुवा र छिमेकीहरू पनि त्यसै भन्थे ।

विज्ञापन

© रामेश्वर जलन

किन-बेचको यो बजारमा
सस्तो- अति नै सस्तोमा
'म' बिक्रीको लागि तयार छु
मलाई किनेर लानुहोस् न हजुर
होमसेलको भाउमा किनेर लानुहोस् न हजुर ।

सिसैमा किन्न खोज्नुहोला ।
सिसैमा किन्न पाइँदैन हजुर
किनकि
मर्सेग एउटा कुम्भपेट पनि छ
आफूलाई बेची अरूलाई खुवाउनु छ
यही पेटको लागि आफू बेचिँदैछु
छिटो गर्नुहोस्, छिटो किन्नुहोस्
सुवर्ण मौकाको फाइदा उठाउनुहोस्
मेरो मूल्य अत्यन्त न्यून छ
यो विज्ञापनको युग हो
त्यसैले आफ्नो विज्ञापन
म आफै गर्दैछु ।

म हुबहू रूप-रङ्ग भएको मन्छे
हजुरहरूको सेवामा अहोरात्र खट्न सक्ने मान्छे
किनो-मसिनो गाह्रो सानो काम गर्नसक्छु
यो महँगीमा म अति नै सस्तोमा बिक्छु ।

मेरो मूल्य बेसायती कुकुरको मूल्यभन्दा सस्तो छ
मैले गधाले भन्दा बढी बोझ बोक्न सक्छु
मलाई फलामको सिकीले बाँध्न जरूरी छैन
मर्सेग भएको विवेक र नैतिकता नै कमजोरी छ
हजुरको नजर कता ?
हेर्नुहोस् न बता
मलाई किनेर लानुहोस् न हजुर
मलाई किन्न कुनै बार पनि बाँधिएको हुन्न
धन्दा नमान्नुहोस् हजुर
शनिबार पनि फालिफाप हुनेछ

यो मान्छे-मान्छेको भीडबजारमा
यो बेरोजगारको हाटबजारमा
म अति सस्तोमा बिकिन्छु
सौ सौमा गरिमिनुहोस् न हजुर ।

हजुरहरूले किनेपछि,
चाहे यहाँको कार्यालयको भरेङ बनाउनुहोस्
मेरो कपड़ चढ़ेर माथि-माथि पुग्नुहोस्
श्रमको कोसमा तोरी भौं पेल्नुहोस्
मेरो पसिनालाई खुट्टामा दल्नुहोस्
या मलाई
फुटबल ठानेर श्रमको मैदानमा
फाइदाको गोल हान्नुहोस्
मलाई घिच्चेर, घोटेर
हजुरले छतीमा तन्मा थाप्नुहोस्
या मलाई,
बिजुलीको बल्ब बनाएर, स्वीच हातमा लिई
बाल्न मन लागे बाल्नुहोस्
निभाउन मन लागे निभाउनुहोस्
खेल्न मन लागे
क्यारिमको गोटी बनाएर खेल्नुहोस्
म जस्तो मान्छे विरलै पाइन्छ हजुर
हजुर कुर्सीमा बसेर आदेश दिनुहोस्
आदेश सिरोपर गर्न मञ्जुर हुन्छु म ।

घरको लागि, कार्यालयको लागि
जहाँ जे कामको लागि पनि फिट हुने
खाली पेटमा हजुरको गाली सहन सक्ने
हजुरको खुसीमा फिस्स-फिस्स हाँस्न सक्ने
यो भाग्यले ठगेकालाई थोरै मूल्य हानेर
आज मलाई किनेर लानुहोस् न हजुर ।
एक गासको खातिर म आफूले आफूलाई
सधैं-सधैं बेचिरहन्छु
प्रत्येक कार्यालयको छोका-छोकामा
सहरको फुटपाथमा अनि सडकमा ।

चाहे मलाई हजुरले पाइतालमा सम्झनुहोस्
चाहे मलाई शो-पिस बनाएर सजाउनुहोस्
तीन यो मान्छेको भीडमा छाम्नुहोस् न हजुर
मलाई आजै किनेर लानुहोस् न हजुर ! ! !

कुथमती-४, ललितपुर

हास्यव्यङ्ग्य

सुधारको बाटी

✍ नरेन्द्रराज पौडेल

पुरानो नेपाल । नयाँ गणतन्त्र गाउँ गाउँ पुगेर गुरु योजना गोब्याउन थालेपछि राष्ट्र निर्माणका हरेक किसा हराभरा बन्न थालेछन् । शहर श्यामला बनीभ्याएछन् । सुख्खा डाँडायान किताहरू हरियो रसिया देखिन थालेछन् । हेर्दै काडकुती लाग्ने रङ्गीचङ्गी तथ्याङ्क सङ्केतहरूले राष्ट्र निर्माणका कार्यहरूमा जसार पन्थको चटारी चर्किएको देख्न पाइन्छ । छोरी, गण्डकी, महाकालीका पुराना बाँध झत्कने क्रम एकाएक बढेछ । यसलाई निर्माणको प्रथम चरण भन्दा के विश्वास पर्ला त ? आखिर विनाश पछि निर्माण हुने हो क्यारे । अझ निर्माणभन्दा पनि सुधारतर्फको सकितले बाइपइले धोडाको फर्दवास गति लिएर पैंया ठोकेको दृश्यलाई अँध्यारोमा भुत देखे जस्तै गरी दीव्य चक्षुले ठम्याउन सकिन्छ ।

त यस पली नेपाली राष्ट्रिय जीवनका अनगिन्ती क्षेत्रहरू निर्माण र सुधारतर्फ उन्मुख भए । परम्परागत खडेरीमा सुधार आयो । दुई/चार महिने खडेरीले आठ/ दश महिने भूख हुर्कायो । जङ्गलबस्तीमा ढढेलो दन्किएर बगर पछेरामा मानुषा र धुँयाको साम्राज्य जम्यो । भोकमरीमा सुधार आयो । सुधारमा विस्तार आयो । हिमाली क्षेत्रका वासिन्दाको जीवनस्तर खस्किने क्रम बढ्याबढ्दै भयो । दुई/चार जिल्ला र दश/बीस गाउँमा पर्ने भोकमरी बिर्सी जिल्लामा विस्तारित भयो । दुर्गम क्षेत्रको महँगी र अनिकालले राष्ट्रिय स्वरूपको विस्तार पायो । सुरसाको मुख बनेर विदेशी तमासेहरूलाई हँसायो । निमुखा असहाय र पराबलम्बी नेपाली सन्ततिलाई सातो लिएर तर्सायो । खडेरीको प्रतापले अनाज बाली फुल्ने पाको क्रम ओरालोमा खुम्रिंयो । परम्परामा झैं सुन्दर क्रमभङ्गता पाँपिएको । अलि दिन अघि मर्ग पानीको बाढीमा सुधार आयो । केसीले पुरानो बाटो छाडेर नयाँ मार्ग निर्माण गऱ्यो । हजारौं घर बगे/भत्किए । लाखौं मान्छे विस्थापित भए । प्लास्टिक टहरा बाँपिए । खेतबारी पुरिए । तिनाउले लाने भए पनि लान देखायो । माडी फाँटको उपज र जाँमन दुवै साहमुह पाऱ्यो । यसै गरी मेलो, महाकालीको बाढीले प्रलयङ्कारी रूप लिएर प्रगतिको नमुना दर्शायो । हजारौं घरबास डुबायो । लाखौं विस्थापित गरिँदियो । यसै मेसोलाई आँप विध्याउन बाढी निरीक्षण कार्यमा सुधार आयो । तेल साङ्कट झेल्दै हेलिकोप्टर उड्याउन्दै गर्न थाल्यो । मन्त्री प्रशासकका भत्याम्टा, सहनाई, क्रनोस भिरेका पगरीधारी जन्तीहरूको जमात ओईरियो । निरीक्षण कार्यले परीक्षण पास गरेर सम्पन्नारूप लिँदै गयो । भाषण कार्यले अर्को सहा वर्षको छनक दिँदै गयो । भनौं भाषणमा सुधार आयो र उदारतापूर्वक जे बोले पनि हुने भयो । जति बोले पनि सीमा रहेन । जे बोल्न जरूरी बोल्न पनि छूट भयो । मर्यादाका बाँधिएनीहरू कोसीको किनार बनेर टुटे । भाषणका लवजहरूमा आश्वासनको बाढी पस्यो । कुइरीले इलाम छोपे जस्तै सारगर्भित आश्वासनले बाढी छोप कुइरीमण्डल देखियो ।

बाढीमाथ होइन बाढीपीडितलाई माँडिने राहत सामाग्रीमा सुधार आयो । प्रक्रियामा सुधार आयो । क्रियाकर्ममा सुधार आयो । राहतले सबैतिर पुग्नु परेन । निहुँ पिहुँ पार्नेले पाए । पीडित जति थिए पाऊनेभन्दा नपाउने बढी भए । कसैले पाए, कसैले

हजुरका छोराबुहारी मरे पनि नाति-नातिना त थिए होलान् नि ! कहाँ छन् त अघेल उनीहरू ?'

ईशाको प्रश्नले थतिएर भने बुढा मुसुक्क हाँसिन् र भनिन्– 'नानी ! उनीहरू मरेका त छैनन् तर मेरा लागि भने मरेजस्तै भएका छन् । त्यसैले पो मरिसके भनेकी हुँ त, छोराबुहारी आफूले गरेको भूल कबुलै पश्चात्तापले आँसु झार्न यहाँ आएका थिए रे, मलाई निकै खोजी गर्दै थिए रे पछि मतै कतै घर बनाएर बसेका छन् रे, भन्नेसम्म सुनेकी हुँ । अब त मरी भनेर खोल्न पनि छाडे होलान् । म त खोजी पनि गर्दिनँ, भेटे भने पनि तिनीहरूको मुख हेर्दिनँ । जाऊ नानी, अब तिमीलाई धेरै बेर अल्मल्याएँ मैले । तिम्रो मन बिथोलेर आफू हसुहे हुन खोजिछु कस्तो म पनि ।'

ईशाले बुढाको हात समाउँदै अति मायालु पाराले भनिन्– 'आमा ! आफूभित्रको प्रचण्ड ताप ओकल्नुस् । साँच्चै मलाई केही हतार छैन । मैले राम्रो बुझें । हजुरले भीषण आँधीबेहरीको सामना गर्नुभएको छ । हजुरको जीवनमा पक्कै पनि बस्ता बेगवान् छालहरू उर्लिएका छन् । किन उर्लिए ती छालहरू ! सुनाउनुहोस् !'

बुढाले ओठमा मुस्कान ल्याइन् र थमिनो आँखाहरूले ईशाको अनुहारतिर हेर्दै भनिन्– 'अति धीर छयौ तिमी ! बर्षौंदेखि चिनेझैं अति घनिष्ट भएकी । तिम्रो मधुर बचन काट्नै नसकेर भएँ ।'

'म कस्तो उडने चसाले गरी दुखको यो महासिन्धुमा डुबें, त्यो पनि सुन ।' बुढा अतीतका पानाहरू एकएक गरी पल्टाउँदै जानिछन् । ईशा बुढाको अतीतमा एकोहोरोरिन्छिन् ।

एक दिन गाउँमा मेरो विषयमा चर्चा चल्यो । चर्चाका पात्रहरू तीर्थ र विक्रम थिए । तीर्थ मोतर हेर्दै भन्छ–" होइन विक्रम ! यो सुन्दरी आँखि को हो ? साहुरघाट आएदेखि उँधोउँधो गर्दा दुईचार पटक देखिसकें, यसो कर्के नजरले पनि हेर्दिन । "

विक्रमले हाँस्दै भने– "ए साउरे ! आँखा चिम्नेर हिँड् । तैंले सोचेजस्तै साहुरे भनेपछि भुतुकै सुने खालकी छैनन् चिनी । साहु जनार्दन काकाकी छोरी पद्मा हुन् । ककाकलाई चाउको रोग लाग्ने र तराई फाप्ने भनेर यहीं बस्न आएको चार-छ महिना भयो । "

"ए, पद्मा यी ! सानैमा त कालीकाली भएकी लाग्थ्यो, अहिले त अप्सरा नै बिसाउने भइछ ! अब चाहिँ साउरेले जास ज्याँकियो-ज्याँकियो–" भन्दै तीर्थले जुँगा मुसाऱ्यो ।

विक्रमले दुखिल स्वरमा भने–" ए गुईठे ! आलसालको कुरा नगर है । तैंले धेरैको भाग्य बिगारिस्, पद्माको भाग्य नबिगार् । बरु एउटी अर्कै केटी खोजेर बिहा गर्, अनि राम्रोसँग घर गरेर खा, नभए दुख पाऊलास् बुझिस् ! तेरो जस्तो अर्कोलाई बिगार्ने धेरैले दुख पाएका छन् । "

तीर्थले आश्चर्य मान्दै भन्यो–" होइन त अकस्माथि त त्यति चासो देखाउँथिनस्, आज एकाएक के भयो हँ साँसाई ! यदि पद्मालाई माया नै गर्छस् भने पनि उनलाई पाउन तैंले जुनी फेर्नुपर्छ बुझिस् ? कल्पना गर्दा पनि नफस्न हुने खालको कुरो पो कल्पना गर्नुपर्छ मोरा ! तैंले पद्मालाई पाउँछु भन्ने चिताउनु भनेको त मुसाले राजकुमारी ताक्नुसरह हो । त्यो शीत चुहिने छाप्रोमा पद्मालाई ल्याएर कहाँ राख्छस् ? के खान दिन्छस् ? प्रेम अन्धो हुन्छ भनेको यही हो । आफ्नो औकात-सौकात हेर्नुपर्छ, मलाई सिकाउने भएको । बरु जून टिप्ने गफ मुखले गर्न छोडेर आँ मेरो जस्तै धेरै कमा त । अलि पाऊलास् एकसे एक पद्माजस्ता राम्रा केटी, बाटो सिकाउने भएको मूला ! "भन्दै तीर्थ बाटो लाग्यो ।

मामाको जाल फ्याँकी युवतीलाई फँसाउने र स्वार्थ पूरा गरेपछि भुमरीमा पार्दै अलपत्र छोड्ने तीर्थको बानी सम्झेर विक्रमलाई फनफनी पृथ्वी नै घुमेजस्तै लाग्यो । आफूले पद्मालाई नपाए पनि पद्माको जीवनमा औंसारो पौलिएको हेर्न चाहिनन् विक्रमले । रात रहे अराम्रो फस्याउँछ भन्ने उखान सम्झँदै बसेको ठाउँबाट जुरुकी उठेर उनी हाम्रो घरमा आए । बुबा फलैंचामा बसेर चिया पिउँदै हुनुहुन्थ्यो । नमस्कार गरेर विक्रम टुसुक्क पिँडीमा बसे । बुबाले विक्रमलाई हेर्दै–" तिमी बिरोधनको छोरा हौ ? यो गोधुली साँझमा यहाँसम्म किन आयौ बाबु ! आमासाँई त सन्धै छ । दुवाकै बाबुको अनुहारका रहेछौ । उनको मृत्यु भयो भन्ने सुन्दा दुख लाग्यो । तिम्री किन उदास देखिन्छौ, साँझमा सन्धी छैन कि ?" बुबाले पहिले नै चिनेजस्तै गरी विक्रमसँग धेरैबटा प्रश्न एकैपटक सोध्नुभयो ।

कथा

बहुमूल्य उपहार

✍ नलिता दोषी

कुरा बीसौं वर्षअगाडिको हो । चैत-वैशाखको महिना, टन्टलापुर ग्राम लागिरहेको थियो । बाटोमा हिंड्नेहरू प्रायः छाता ओढेर हिंडेका थिए । त्यो भीडमा ईशा पनि थिइन् । कसैले 'नानी !' भनेको सुनेर आफ्नो मुरमा हिंडेकी ईशा आवाज आएतिर फर्किन् ।

वृद्ध महिलासँग आँख डराएको स्वरमा भनिन्– 'घाम खाने नसकेर आलसतालस परें, छाता देखेर बोलाएकी हुँ, मैगे जाऊ ।'

ईशाले पछाडि सरेर वृद्धालाई छाता ओढाउँदै भनिन्– 'हो आमा ! छातामित्र त म यति धेरै बेचैन छु हजुरलाई भन् कति गाह्रो भयो होला ! दम पनि बढेजस्तो छ । एकैचिन्ह सडकको छेउमा बसौं, दम केही घटेपछि कहाँ जाने हो, म पुऱ्याइदिन्छु नि ।'

वृद्धा चुपचाप स्वाँस्वाँ गर्दै बसिन् । ईशाले छाता वृद्धातिर बढाउँदै भनिन्– 'आमा ! हजुरले छाता समाउनुहोस्, म कपीले हम्किंदिन्छु । बुढीपाकी मान्छे, यी घामगा, फेरि दमको रोगी पनि हुनुहुँदो रहेछ ।' भन्दै वृद्धालाई हम्मान गालिन् ।

वृद्धा धेरैबेर मौन रहिन् । आँखाबाट बरबरी आँसु चुहाउँदै भनिन्– 'नानू ! भगवान् साथ्द तिमीजस्तै होला । कसैले देख नपाएको भगवान्ले कहिल्यै पी आँखाका आँसु पुछेनन् । आज तिमीलाई भेटदा भगवान् पनि मान्छेको रूपमा हिंड्दा रहेछन् जस्तो लाग्यो । पन्धबीस वर्षको अन्तरालमा आजै हो मैले दोहोरो कुरा गर्न पाएको । गार्ड छोडेर सहरमा आईकन आफ्नोपन भएको मान्छे देख्न पाएकी थिइनँ । यी मान्छेहरू मसँग बोल्न त परै जाओस् मेरो छायासम्म देख्ने पनि पनिहिँ हिंड्छन् । अरू ठाउँको त कुरै छोड, स्वयं भगवान्को मन्दिरमा पनि गरिब र धनीसाई हेर्ने आँखा फरक हुनुहन् । तिमी यति शान्त र माया लाग्दो सुहार देख्दा मैले साक्षात् भगवान् नै पो भेटें कि ! लागिरहेछ । साँच्ची तिमी कताबाट आयौ, कहाँ जाँदै थियौ, मैले पो जन्मन्याएँ । जाऊ, म काम नभएकी मान्छे बिस्तारै आउँला ।'

ईशाले वृद्धाको आँखाबाट आफ्ना आँखा अकसीतर हटाउँदै भनिन्– 'आमा ! म खासै ठूलो कामले हिंडेकी होइनँ । हजुर अघि एकाछिन यहाइ मानौंस् आँन सँगै जाउँला । हजुर घुम्नुभने चाहिँ कहाँ हो नि ?'

'कहाँ हुन्थ्यो र बा ! त्यही मगनखेलको पार्टीमा हो । त्यहाँ पनि सुखले निद्राउन दिँदैनन् । लफङ्गाहरू पहिलेपहिले जिउ सुख्खल आउँथे तर हिजोआज भएको दुईचार पैसा लुट्न आउँछन् । असीनब्बे वर्षकी भइसक्ता पनि अघमहरूसँग अस्तित्वका लागि भीख माग्नुपर्छ । साह्रै कष्ट छ बा ! गरिबदुखी भएर बाँच्न ।' वृद्धाले अनाहँदगको व्यथा पोखिन् ।

'पन्धबीस वर्षअगाडि कहाँ हुनुहुन्थ्यो ?' ईशाले जिज्ञासा राखिन् ।

'काठमाडौंमा माउनुअगाडि आफ्नो गाउँ तेह्रथुम्मा थिएँ । छोरानुहारी भनाउँदाहरू मरेपछि काठमान्डू भारें । सत्तरी वर्षसम्म त अरूको जुठ भाँडा माझेर पेट पालें । अब तिँसे काम गर्न सकिनन् भनेर घरबाट निकालिदिएपछि कतै बस्ने ठाउँ नपाएर पार्टीमा बस्न आएकी हुँ । पार्टीमा आएकै दिन अघोंको भाँडा माझेर लीगाएको दुईचार पैसा पनि राति नै लुटेर लगे पापीहरूले । दुईचार दिन त भोकै अलपत पर्दै । एक दिन तेह्रथुम्कै गोतामे दाइसँग भेट भयो । मलाई यस्तो अवस्था देखेर उनले सय रुपियाँ दिएर गएका थिए । माइतीमा गएर दाजुभाउजूलाई मेरो पीडा सुनाइदिएछन् । त्यसपछि दाजुभाउजूले केही पैसा पठाउन थाल्नुभयो । त्यही पैसाले मैं दिन टार्दै आएकी छु । ठाउँ फेरिए पनि कर्म फेरिएन । त्यसवेदनाले छाती चिरिएकै छ बा ! नराउँ भन्छु आँत भरे पनि आँसु निर्सिँदै निर्सिँदैन ।

भेटटाए । छुट्नेहरू धेरै रहे । तैपनि वितरण कार्य पूरा भयो । कर्मकाण्डको विसर्जन भयो । हत्यौडी सकियो । त्यस्तै बाढीको साथ सीमानामा सुधार आयो । जङ्गले पिसर कति बगे, कति हराए । अरू सानातिना त्यसै बिलाए । विश्वव्यापीकरणको अभियानमा सामेल भयो बाढी पनि । बारिपट्टिकासे राहत सामग्री पाए पाएनन् । बास्ता भएन । तर बारिपट्टिका भने चाहिने भन्दा बढी नै ओइरिए । उदारतापूर्वक राहत सामग्री पनि उती ओइरो लाग्यो । बाउने बाँकी रहेनन् । अनि बारिकामाथि पनि जसले पाए तिनले अभरमा ज्यान जोगाए । जसले पाएनन् तिनले पनि पुलिसका गाली लाठी डण्डीसम्म अवश्य भटटाए । चौकी बसेर पनि कुटाइ खप्न सक्ने आफ्नो शारीरिक प्रतिरक्षा प्रणालीमा प्रशस्त सुधार गरे बाढीपीडितहरू ।

राजनीतिक पार्टीमा सुधार आयो । घाउ र झुत्काउवादी पार्टीहरू खुल्लाखुल्ली भए । यी पार्टी, त्यो पार्टी । यस्तो पार्टी, उस्तो पार्टी । हिँमतालदेखि भाडीसम्म अनन्त पार्टी खुसे । तिनका शिरमात्र होइनन्, सिङ, जुरा, भुत्ला, पखेटा र पुच्छरलाई पनि सुधारसे छोडेन । पहिले पुच्छरहरू हल्लाउने र छोप्ने कार्यमा सीमित थिए । अहिले आए तिनै पुच्छरहरू काट्ने टोक्ने कन्याउने घिरोल्ने डराल्ने हल्लाउने आदि कार्य व्यापारहरूमा पौलिए मैगा सुधारका गामा सङ्केतहरू देखाउन थाले । पार्टीका भातृसङ्गठनहरूमा सुधार आयो । सम्बन्धनमा, क्रियाकलापमा, सङ्गठनमा सुधार आयो । अनि पिटपाट ठोकठाकजस्ता सरल क्रियाहरूले काटकुट मारमुरजस्ता जटिल चरणहरूमा पदार्पण गर्न पुगे । करड आँचे टाउका गिड्ने, लडाउने, बगाउने, दबाउने, पुर्ने, डढाउने आदि इत्यादि नव सिर्जनातर्फ भाइ-बहिनी जमातले पाइला बढायो । इतिहासको कुनै कालखण्डमा दसैंको पुच्छर नालीमा लुगा सिउने वर्गको भाग लाग्दथ्यो । त्यही पुच्छर आज पार्टीको टाउकामा बेरिन पुगेको छ । कतिले पसैमा सिउर उमारे । कल्की सवारे । जुल्फी झारे । कतिले त्यसैमाथि ढबल पुच्छर जोडे । कतिले पोटा बेरेर सिउर लुकाए । शिखा चुँडाले । कतिले कन्यनी छिनाले । पुच्छर जोड्ने भन्दा काट्ने पार्टीहरू अझ बढी विस्कुन बनेर बयेलौ छाँटए । फलस्वरूप गाउँ घर, सहर बजार सबैतिर शान्ति र अमन चैनमा सुधारको बाढी उर्लियो ।

सामान्य प्राणीशास्त्रको हिसाबले हेर्दा पशुपन्छी पाछा कीरा भ्यागुता गाही सपसम्मले पाँच पुच्छर टोक्छन् । चुच्चा नङ्गाले कन्याउँछन् । जुम्रा टिप्छन् । सिङ्गा उखिन्छन् । भुसुना भगाउँछन् । मासिक खुसी पार्न हल्लाउँछन् । यो स्वाभाविकै कुरा हो । तर यहाँ एउटा अचम्मको कुरा भैदियो । ठूलाठालु भईखाक आकाशमा उड्ने, पजेरोमा गुड्ने, पुम्ने भेचमा रिड्ने मानौं वर्गसा सूचीकृत प्राणीहरू नै पुच्छर उमार्न थाले । अझ मान्छे वर्गको उत्थानदेखि पतनसम्मको पराकाष्ठामा पुगेका नेता प्रणेताहरू नै पुच्छर टोक्न थाले । कतिले त अलिअलि टोक्ने मात्र होइन, छिनालेरै छोड्ने जठोट सर्मेत गरिसके । सहयात्रीको लक्ष्यभेदन गर्न कम्मर कसेका वीर योद्धाहरूलाई पुच्छरको स्वादले छिन यति सारो लट्टयायो भन्ने बुझ्न दैया चसेन बिचरा जनताधरीको । आफ्नो पुच्छर टोकेर घरेर भुत्ल्याएर चपाएर टिप्याटिप्या पारिसके । यसलाई पनि सुधारकै बाढीभन्दा के बिन्यास पर्सा त ?

चियामा सुधार आयो । पारकी पुर्खादेखि चल्दै आएको चियापानमा सुधार आयो । घर परिवारको भेट बिछोडमा चियापान चल्न थाल्यो । इष्टमित्र भतखरी, जन्मी, नसामीमा चिया पान चल्न थाल्यो । मलामी हुँदै राजनीतिक पार्टीका भरियाहरूमा चिया प्रथा घुसियो । दाइभाइ भन्जा भतिजा पार्टीहरू जम्मा गरेर चियापान गर्ने गराउने मेलमिलाप नीतिले दार्शनिकरूप लिन थाल्यो । समाजवादी दर्शनको नयाँ अध्यायजस्तो लाग्ने चियापान दर्शनले जातभेल फकाऊ फुल्याङ्ग मिलाउन र फुम्याङ्ग देश बुझाउजस्ता अनेक आशामहरूमा चमत्कार र व्यायाम गर्न थालेको स्पष्ट देख्न पाइन्छ । भाइचारा सद्भाव

र मेलमिलाप बढाउने हेतुसँ सुरुमा सञ्चालित चियापान सस्कृतिमा सामान्य सुधार मात्र आएन नयाँ सहस्राब्दीको उदयसँगै प्रलयङ्कारी बाढी नै आयो । यसपालिको दसैंमा त भन् के भयो के भएन । चियापानमा आमन्त्रित तिथिसँग हात मिलाउने क्रममा हात जुधाउने कार्य थपिए । पाहुनाहरूको स्वागतमा हात जोड्ने चलन थियो । मुङ्कीं उज्याउने आइटम थपियो । हात मलेर ठाउँमा हात बटार्ने प्रवृत्तिको प्रक्षेपण भयो । गर्धन झुकाउने कार्य व्यापारमा जोर्नी खुस्काउने सिस्टम प्रचलनमा आयो । बिदाइमा 'बाइबाइ' गरेर हात हल्लाउने ठाउँमा धारेहात लगाउने क्रम थपियो । मुलाकिजाको मोलमोलाई गर्दै हात मलेर ठाउँमा पसर पसारेर सीप्मा वर्षाउने गतिविधिहरू थपिए । निम्छाडु कटुवासे झैं फल्लेउली हुलाकी लगायत नवआगन्तुक वर्गका हात बुट्टा भाँचे, जोर्नी खुस्काउने, दन्तपङ्क्ति छिरोल्ने पोशाक परिधान च्यातचुत पार्ने, प्रवृत्तिहरूको प्रादुर्भाव भयो । अनि 'अतिथि देव भव' भन्ने परम्परागत बुढ्यौली बखानको केन्द्र मन्जन गरेर नौरो उज्याएर पाउना लघार्ने उत्तराधुनिक सस्कृतिको उदय भयो । विदेश भ्रमणमा सुधार आयो । सत्तारुढ हुनुको मूल मक्सद बोइङ्ग सवार हुनु भन्ने नवपरम्परा कायम भयो । पाउने र भ्याउने जति उड्याउड्यै भए । लघस्तरी बनेर उडे । लोभी पापी बनेर पखेटा फटफटाउँदै साज पचाउँदै कम्मर नचाउँदै उडे । विदेशबाट निम्ता आए/तबाए पनि 'मै तेरा मेहमान' भन्ने हिन्दी उखान चरितार्थ गर्दै उडे ।

भ्रमणमा मात्र होइन भ्रमणभत्तामा पनि सुधार आयो । सत्ता सम्हाल्दै आफै बजेट बनाउने भए । आफै पास गर्ने भए । अनि आफैले त्यसको भारबन्धन चुडाल्दै धूलो उडाएर राष्ट्रिय ढुकुटीमाथि कौरानाथ गर्ने असल परिपाटीको सूत्रपात गरे । मन्त्री नेताका सवरसपाटसँ वार्षिक बजेटका खुड्के तोरफोड मात्र भएनन् थुप्रिएर सखाप बने । बोइङ्ग सवार भएपछि वारिपारिका होचिआर्चैसी बिर्सिए । सोध मिल्ने छिमेकी असली सँधियार बने । पाउना बन्दै धाउन पुगे । बोइङ्ग चढ्दा क्रमश सन्ततिका स्याहार सम्भारमा समेत सुधार आयो । शाखासन्ततिका लाखासरका अपपछि लगाउने क्रान्तिकारी सस्कृतिको नयाँ आयाम थपियो । भारभुक गर्ने, बुटी बाँधे, दुध चुसाउने, कम्मरमा झेलाउने, फोको हल्लाउने, तेल घस्ने, धाइना धरा धोइपखाली गर्ने भृत्यपन्दका बगालका बगाल उड्याउड्यै गर्ने नयाँ नमूनाहरू थपिए ।

विदेश भ्रमणसँगै विदेशमा गर्ने भाषणमा समेत सुधार आयो । पहिले मुखको भाषामा भाषण हुन्थे । अहिले भाषण बढी ल्याङ्गेजमा समेत पौँसियो । हाउभाउ कटाक्षमा मीलायो । बढी ल्याङ्गेजकै लममा आसयले अभिव्यक्ति पाउने भयो । इसारासे सिवाय बार्ता मेलमिलापको काम तमाम पार्ने भयो । भोली थाप्ने सेसन सत्रहरू चल्ने भए । बढीले नै बोल्ने बुझ्ने र त्यसैको भरमा आश्वस्त बन्ने, मस्त्र पर्ने उच्चस्तरको मानसिकता र उदात्त मतिमा समेत यसपाला सुधारको बाढीले छपक्कै डाकिदियो । फलस्वरूप विभिन्न आकार प्रकारमा प्रकट हुने इसाराहरूले कुटनीतिक खुराकको रूप लिन पुगे । वार्ताटेबिलमा बसेका विदेशी मालिकले 'इस् खा' भनिदिया भने 'हस् हजुर' बुझ्न सकिने भयो । 'पुइक्क पाजी' भनेकोलाई 'क्या बात नेताजी' सम्मिलन गाह्रो पारेन । 'हरामी खुसी' भनेकोलाई 'हामी छौं खुसी' बुझ्न मिल्यो । 'अल्छी साइदुबा' भने पनि 'अनुदान लैजाऊ' भनेको बुझ्न तसबितल परेन । यसका साथै विदेशी विशिष्ट वर्गसँगका वार्ता टेबिलमा बसेर नाक कोट्याउने, औंला चाट्ने, नढ टोक्ने, कान कन्याउने, कपाल छोर्ने छुसी जैरे उखेन्दै खलपत्र पर्नेजस्ता जोगरका क्रामजुराहरू भेटवार्तासँगै चल्दै जानेभएकाले नेपाली नायकहरूले विदेशीसँगको हिलिडमा जङ्गबहादुरलाई त झता झता उछिनेको देख्न थालियो । बढी ल्याङ्गेजमा सुधारको बाढी आएन त अब ?

यी सबैलाई उछिन्दै र पछाडि पर्दै गणतन्त्र नेपालमा खाँटीखाले सुधारको बाढी चाहिँ प्रशासनको

रहेछ । साँच्चै भन्नुपर्दा एउटा पुरानो बौद्ध पुस्तकालय हो सेतो दरबार । यहाँ तान्त्रिक मतका आधारमा राजा आउने खाडा खसाले परम्परा इन्द्रजात्रा जस्तै छ रे । राजाले लगाउने पुराना पोशाक सार्वजनिक रूपमा दर्शन गराउने भोटोजात्रा जस्तो परम्परा पनि यहीं रहेछ ।

सोधाधारको गुम्बा यस क्षेत्रको सबैभन्दा पुरानो र आस्थाको केन्द्र रहेछ । यहाँका पपुलुसका स्थहरू टुना, पुराना र बुढा देखिन्छन् । ठाउँ-ठाउँका खेतीयोग्य जमिनले उच्च मरुभूमि बिसाउँछ । वरिपरिका धरि धरिका पर्दे र बलौटे पहाडहरू हावा, पानी झिउँले छिइँदैछन् । यसबाट प्राकृतिक बनावट अनौठो देखिन्छ । साना-साना धुपीका स्थहरू चाङरी परेका छन् । धनाजङ्गलबाट यी दिन आएका रहेछन् । बस्ती नजिकको पुरानो बस्तीका गुफा मानिसका लागि आज भोलि किम्वदन्ती भैं भएका छन् । बाटो नभएका बैरा, गता, अनौठा, आकृतिका अगाडी अनेकौं भपहरू देखिन्छन् । नमूना छ प्रशस्त । अकल्पनीय छ पढिनो पटक देखेलाई ।

मुस्ताङगी राजाको दरबार र कम्पाउण्ड आजभोलि भिन्न छ । अन्य बस्ती पनि वरिपरि छरिएका छन् । दरबारको क्षेत्र घट्न गएको छ । संरक्षण भएमा संचालकको दरबार कम छैन । नेपालको राष्ट्रिय झण्डाको व्याच लगाएको, बुद्ध चित्रको माला जपिरहने राजाको व्यवहार सरल छ । प्रत्येक घरहरूको इज्जत छानाको किनारमा वरिपरि ठाडराहरू राखिएका छन् । लोमाङ्गाड पर्वतभीरको लोमाङ्गाड जातिको बसोबास गर्ने स्थल सोल्थानको अपभ्रंस भएर लोमाङ्गाड बनेको बुझिन्छ । लोकोक्ति र इतिहास अनुसार यहाँ गताब्दीतिर यसको विकास भएको तथा सामेगुम्बाको किम्वदन्तीले पनि यही कुरा बुझाउँछ । जसरी मोरोक्कर पद्मसम्भवले धर्म प्रचारको केन्द्र बनाए, त्यसैगरी २६० मि. भन्दा लामो मढी निर्माण पनि भएको छ । लोमाङ्गको पर्खाल राजा आमेपालले १४४० तिर निर्माण गरेको भन्ने विभिन्न विद्वान्हरूको भनाइ छ । हालका राजा आमेपाल वंशको पचिसौं राजा भएको १९८४ मा जिपिज्याक्सनले लेखेको आमेपाल वंशावलीबाट पनि खुल्न आएको छ ।

लामोङ्ग पर्खाल २७० मि. लामो फोण अनुसार १४४, १७४, ४९, ११६, ९१ मि. रहेको तथा उचाई ११०४० मि. अग्लो रहेको बुझिन आउँछ । चारदेवता बनसाधु गुम्बाङ्ग डोल्मा गुम्बाङ्ग, ज्यारेसी, पोतानिङ्को नामघाट चार टोल र सैतीप गुम्बा यहीं छ । यस्तो नेपालको नमूना क्षेत्र राष्ट्रिय मात्र नभएर विश्वसम्मा मूलीमा राख्नुपर्ने देखिन्छ । तर कमजोर भौगोलिक धरातलमा मोटर बाटो र सवारी साधनहरूको प्रयोग हुन गएमा विनष्ट छिट्टै देख्न सकिने हुन्छ । यसर्थ प्राकृतिक चिडियाखानालाई प्राकृतिक रूपमै जोगाई राख्नसके यो सम्पति रहिरहने र शान्ति छाइरहने पनि देखिन्छ ।

विभिन्न देशका, अन्वेषक सैलकहरूले यस क्षेत्रको प्राकृतिक भूनोट, जनावर, रहनसहन, जनजीवन, धर्मगुम्बाका बारेमा धेरै सेकेका छन् । प्रतिबन्धित क्षेत्रमा प्रतिबन्धित गुम्बाभित्रका सबै मूर्ति र सामग्रीहरूका तस्वीरहरू ड मास्ट फर्बिडेन किंगडम मुस्ताङ, तिब्बत ल्हासा अफ बुद्धिजम- दलाइलामा, पेटर म्याथइसन, फ्रट अफ सोमाङ्गाङ इन ड ल्याण्ड अफ मुस्ताङ, थोमस लैरिड लगायतका पुस्तकहरूमा देख्न पाइने पनि रहेछ ।

नेपालमा पाइने ८४४ प्रकारका चराहरू मध्ये यहाँमा सिन स्नाइपर, मरुनी कपाँपेडेड, परिडेड, प्यासेरिडेड, फिङ्गोलिडेड, गोल्डफिंच कुकुली फर्मिंज, कीलम्बीफर्मिंज, आसिपीरेड लगायत समूह जातिके ६२ प्रकारका चराचुरुङ्गी तथा बहराल, हार्मेट माउस, बघट, मरमोत, उल्लीहेयर पिका, टोले लगायतका ७ प्रकारका जनावरहरू देख्न पाइने स्थान पनि रहेछ । यसरी विश्वमै खतराको सूचीमा परेको चराचुरुङ्गी जनावरहरूको वासस्थानका साथै प्रकृतिको मोह भण्डार पनि रहेछ । यसलाई हुन्छ किजो भैं जीवन्त राख्नु सबै नेपालीको स्वाभिमान पनि हुनेछ । यशस्वर कीर्तिको मान पनि मिसिरहने छ

❖❖❖

गीता हो कृष्णको वाणी पढ गीता निरन्तर
बने अर्जुन भैं शिष्य मिल्ने छन् सब उत्तर ।

धमण्ड गर्नु व्यर्थ हो धनको मातमा परी
आखिर सब छोडिन्छ धनको के हुने छडी ।

- 'गीतिका कुरा' बाट

जाति, भेषभूषा, समुदायको संस्कृति, कृषि आदिका रमणीय सुन्दर झल्का छन् । मौलिकताको शिखर छ । मुक्तिनाथको प्रवेशद्वार, लोकसंस्कृतिको भण्डार, दामोदर कुण्ड, लोमाङ्ग र अन्य दरबार तथा गुम्बाहरूले देशी-विदेशीलाई लोभ्याइरहन्छ ।

८०१६, ८००० र ८०१९ मि. का यहाँका अन्नपूर्ण, धौलागिरि, नीलगिरि हिमालको काखमा अवस्थित पदयात्रा अग्रणी स्थानमा रहेको छ । लोकप्रिय गुफा १३००० फि.मा अवस्थित मुक्तिनाथ, १८००० फि.मि रहेको दामोदरकुण्डले धार्मिक र प्राकृतिक मोह बटुलिदिन्छ ।

मुस्ताङ्गी राजा आमेपालबाट १४ औं शताब्दीमा निर्मित प्राचीन लोमाङ सहर प्राचीन राज्यको राजधानी रहेछ । हिमाली भेगमा अवस्थित थकाली समाजको पुरातन संस्कृति जनजीवन र परम्पराप्रति अभिरुचि राख्नेहरूका लागि र नेपाल आउने पर्यटकहरूमध्ये झण्डै ५० प्रतिशतले पदयात्रा गर्ने यसै गरि यहीं रहेछ । पुस्तकालय नै हो यो क्षेत्र । उपल्लो मुस्ताङको परिचयमा ४७ प्रकारका बोट बिरुवा, ४० प्रकारका स्तनधारी, ४१ प्रकारका चरा, १ प्रकारको विषैले जीव, १३ वटा मुख्य गुम्बा माथि ५ वटा रहेको स्पष्ट पारेको छ ।

अर्धसुखा मरुभूमिको यो क्षेत्र तिब्बत, भारत लद्दाख, भुटानबीचको मार्ग रहेछ पहिले । व्यापारी धार्मिक गुरुहरू यसै क्षेत्रका मार्गहरूबाट आवत जावत गर्दा रहेछन् । सम्भोतको सङ्कलनमाथि प्राकृतिक श्रोतको संरक्षण, सांस्कृतिक सम्पदाको संरक्षण, सामुदायिक विकास, पर्यटन विकास नैकालिक ऊर्जाको विकास कार्यहरू भएका छन् ।

सयौं शताब्दीमा तिब्बती लद्दाखीले पत्ता लगाएको यो क्षेत्र लद्दाखीहरूले सोह्रौं शताब्दीमा जुम्लामा दुख दिएपछि यो ५ पृथ्वीनारायण शाहले एकीकरण गरेको स्थान हो यो । ई.स. १९५१ देखि एउटा जिल्लाको नामकरण गरिएको खम्बाहरूको प्रवेशमाथि निषेधित क्षेत्र रहेको मुस्ताङ १९९३ मा मात्र यात्रुहरूले प्रवेश सुरु भएको हो ।

यसै २६७० मि. उचाइमा रहेको मार्फोगाउं छायाबर्षा क्षेत्र, थकालीको गाउं, अन्नपूर्ण राङ्ग्रुङको बाबाको प्रसिद्ध केन्द्र पनि हो । यी दुवै क्षेत्रमा अन्नपूर्ण संरक्षण क्षेत्रको गरीबुति विदेशीहरूका लागि आवश्यक छ । यहां तासी लाखाङ गुम्बा छ । यहीं १०८ कंगुर, २२० टेंगुर, २२५ लाटुटेन टेंगिदुरजस्ता धार्मिक पुस्तक पनि छन् । रिगिम गुम्बालाई दीर्घजीवन स्थल पनि भनिंदो रहेछ । यहींबाट विश्वको अग्लो उचाईको तिलिचो लेकको घांटी पनि देखिन्छ । तीरभेडा, मृग, मुदुले मृग, खरायो हिंडीचतुवा पनि यस क्षेत्रमा पाउन सकिने रहेछ ।

झोङ र कालीगण्डकीको तीरमा रहेको कागबेनी २८०० मि. मा अवस्थित छ । शाक्यपा युक्तेन लामटेनिङ (महाकाल) गतो गुम्बा, पिण्ड दिने त्रिवेणी, मुक्तिनाथको द्वार, अन्नपूर्ण सर्किट ट्रेकको ४४१६ मि. को थोरोङपास भएर जोमसोम जाने बाटो हो । ढण्डा, गाटंड, फागिमालजस्ता पर्यटक मनाइने स्थल हो यो ।

दी भए प्रमुख स्थानहरू, जोमसोमको पाँचतारे होटल, पिच भएको विमानस्थल, माटोका छाना भएका आधुनिक घरहरू तराईमा जन्मेर तराईमै बुद्धत्व प्राप्त गरेको बुद्धधर्म संसारभरि फैलिए पनि उच्च मरुभूमि, पहाड गुफा-गुफामा गुम्बाहरूमा लुकेको छ बुद्धधर्म । वैशाख पूर्णिमाको तिजीपर्व, तीर हान्ने उत्सव, गुरु रिम्पुछेलाई शिवजी मानेर राक्षसलाई मारेको आधारमा पिठोको राक्षस बनाई काटकुट गरेर मिल्काउने परम्परा, फागुपूर्णिमाको दिन दुई-दुई वर्ष मनाइने घोडादौड जात्रा, समर पार गरेपछि रहेको राङछेन गुम्बा, गुफामा रहेको मूर्ति तस क्षेत्रका गरा भएको गुरु रिम्पोछेले तीनवटा ज्ञानपारेको भन्ने स्थानमा तीज पर्वजस्तै व्रत बस्ने चलन पनि रहेछ । सरक्षणको अभावमा दरबार प्रायः जीर्ण भएको छ । पानी पर्ने क्रम बढ्दासे, माटो बगाउने क्रम बढ्दै गएको पाइन्छ । यो क्रम प्रायः मुस्ताङ भरि नै रहेको छ । थेङ्गा संस्कृतिमा भएको ४५ कैंचीले सुनले लेखिएको अङ्क अक्षर र चित्र भएको पुस्तक अनमोल

क्षेत्रमा आयोभन्दा त्यति फरक नपर्ला । झट्ट हेर्दा साज सागर आयो भने तथाइं मुख छोप्न सक्नुहुन्छ । तर मन ढाक्न सक्नुहुन्न । राणाकालीन चाकरी प्रथामा सुधार आयो । सुधारले भित्ता किनार ढाँढिएका भत्काउँदै हुनहुनाएर बाढीको रूप लियो । फलस्वरूप सार्वजनिक प्रशासनको नाम लिएर अत्याधुनिक भृत्यतन्त्रले खुट्टा टेक्यो । घिरैंघिरै गर्दै र बेलाबखत बामे सर्दै परालका पाङ जमायो । उडिसेका झुरा खुइलिए । पुराना हुक्के बैठके छतहरूले गच्छेअनुसारै पहिचान पाए । पन्चकालीन नौकरी प्रथामा सुधार आयो । सरसैमनास फित्ताशाहीमा सुधार आयो । पहिले पोशाकदेखि मान्छे डराउँथे । प्रशासकदेखि मान्छे डराऊथे । आश गर्थे । भरोसा बिसाउँथे । भूत र कानूनप्रति बफादार साँचै अस्तव्यस्त प्रशासक पनि भेटिन्थे तर अहिले सुधारको बाढी पसेर कलेजाको पात बनाईदियो शासन प्रशासनतन्त्रलाई । प्रशासकहरू पीपलपाते बनेर हावासँगै नाचन थाले । भक्ति सम्प्रदायका प्रवर्तक बनेर नायक खलनायक ज-जस्को पायक पर्छ, त्यसैको महिमा गाउन थाले । कान्तिपुर नगरीमा जाबामेलामा औडाउने झल्लरी छताले सिरुपाते रूप लिएर गाउँबस्ती समेत फैलिने अवसर पायो । त्यसै गरीमा छतहरूका पद, पोशाक रूप आकारले पनि नीला नयाँ दर्ज्यानी पाउन थाले । सुकिलामुकिला, सुटेडबुटेड, चुस्त, दुरुस्त तबमा दर्ज्यानी चिन्नाहरूले जहिंत गणतन्त्र नवभृत्यहरूको भमार किसिमले बढीतरी हुन थाल्यो । कारिन्दा भौंसिन्दा अमिनी तहसिल्दार आदि इत्यादि सबैका पदवी फेरिए । कुर्सी अस्थिए । दाना बढ्यो । यसका साथै मालिकलाई मुलाहिजा मसलासे मसमास पारेर स्वादिष्ट परिकार खुवाउने पियाउने र पदको सदुपयोग गर्ने किताबा पनि सुधारको बाढी आएकोआयै छ । यसै रफ्तारमा भव नेपालको नयाँ अनुहार देखाउन पनि सुधारको बाढीले सिंगारपटार भन्ने छ, मलजल भर्ने छ भन्दा के फरक पर्ला त ?

❖❖❖

युगबोध

✍ नीलमकुमार न्यौपाने

मान्छे बाँचछन् दिन दिन यहां आपसी नागबाट
मान्छे हाँसछन्, सुखरत भई लोकमा छलबाट ।
भन्छन्, आफैं अमर युगको फैलियो कीर्ति आज
मान्छे मान्छे फरक हुनुले लोकमा लाग्छ लाज

॥१॥

नाङ्गै आयो उस बखतमा जान्नु नाङ्गै सबैले
के क्रस्तो हो नियम यमको बुझ्छ मान्छे कमैले ।
बुढा बच्चा सकल सम छन् क्रमका लोकबोध
किनें जस्ले नियम जगको सृष्टिको राख होस ॥

॥२॥

गिर्ला झाँगो शिखर हिमको बन्छ आगो समान
बन्ला आफैं शिखर तर त्यो लोक भन्ला महान ।
मान्छे भन्छन् पथिक युगको खोज्छ माटो उसैले
आफैं गिर्ने नगर अब है कर्म त्यस्तो कमैले ॥

॥३॥

आमा बाबा सम छ घर यो राष्ट्र चोखो छ माया
हावापानी जलथल सबै कर्म देखेछ कपया ।
के क्रस्तो हो अब पथ बुझी लम्किए हुन्छ बेश
चाहे आउन् सुगम अथवा नाग डस्नेछ शेष ॥

॥४॥

मान्छे मान्छे फरक किन भो ? किसिई क्रामकाज
प्यूने माथै रगत पसिना सुन्न नै हुन्छ लाज ।
किसी सारा अब सकलले सम्झ कर्तव्य के हो ?
माटो सोध्ला नवयुग भनी सोच दायित्व के हो ॥

॥५॥

भरतपुर, दुवाकोट न्यौपानेगाउं

आकाङ्क्षा

✍ शङ्कर शाह 'अशियाना'

माथि पुग्ने आकाङ्क्षा हुन्छ सबैको
कोशिस सकी नसेकी हुन्छन् गरेको ।

माथि पुग्ने प्रयासमा उड्दै
बादलहरू सित लड्दै
चित पार्दै, कुल्चदै
स-साना लाई समेट्दै
बढ्दछ अगि फैलिंदै
माथि माथि सुनीला हुंदै ।

माथि जतातते फिजारिएर
दिउँसै पनि खोज्दै अन्धकार ।

बगैंचा माझको पोखरीमा
देखिन्छ त्यहाँ पानी छ्वांमा
उतारिएमरि चित्त ऐनामा
सूर्य ढाक्ने बादल आकाशमा
आकाशिएको आकाशिएकै
भीतिएर हराएको जस्तै
आकाश पी झान् गाडिएर
कता कता अथाह देखिएर
एकन्दम नीलो न नीलो
कहाली लाग्ने जस्तो ।

- रङ्गशोक, गल्कीपाखा

नीलो फूल

✍ रामविक्रम थापा

नीलो-नीलो आकाश जस्तै
नीलो-नीलो समुद्र जस्तै
फूलको संसारमा
एउटा नीलो फूल फुल्यो
माईगुई पनि चल्यो
धेरैको मन भुल्यो
फूलमा आँखा लाग्यो
एउटा कवि परे बसेर
फूलको गीत गाथो,
हेर्दा-हेर्दै
एउटाले टपक्क टिप्यो
पपक्क टोपीमा सिउन्यो
हात पसार्दै
अगेनाको छिलमा बस्यो
अनायास झिरकाट
त्यो फूल अगेनामा खस्यो
आगोमा डढ्यो
एउटा सूर्यास्तसितै
फूलको अन्त्य भयो
सूर्य त भोलि उदाउँछ
तर त्यो फूल
सदाका लागि अस्तायो

उसलाई त वास्ता भएन
कविले एउटा गीत बनायो
नीलो फूलको पीडामा
कविले शोकगीत गायो
आजीवन गाइरह्यो ।

- फाक्टाङ-२ बीटाङ

गुफामा पुगिन्छ । बीचमा चढ्दा टाँगिएको र सो मुनि गुरुहरूको मूर्ति रहेकोछ । पश्चिमपट्टि गुम्बाको भित्ता रङ्गको समायोजन र सलिलकलाको नमूना छ । बाहेमी लिपि, धार्मिक चिन्ह, मूर्ति र अवशेहरू अति मनमोहक र सुन्दर छन् । अति विकट पहाडको हिम्बोमा कन्दरा भीतर त्यसमित्र सजाइएका पुरातात्विक ऐतिहासिक धार्मिक तथ्यहरूले जो कोहीलाई पनि लोभ्याउँछ । त्यसताकाको वास्तुकला चलितकला र अन्य कलाका अतिरिक्त रङ्ग चित्र र लिपिहरूको प्रयोग आजसम्म पनि उस्तै छन् । भर्खरै लोखिएका झस्ता पवित्रता परिश्रम र अति सुरक्षित स्थानको छनोट हो त्यस समयको ।

वारिपारि हिमालले वेष्ठित दामोदर कुण्ड जाने बाटो नजिक रहेको यो गुम्बाभित्रको स्तूपमाथिका बाउटा मूर्ति र भित्तामा लेखिएका मूर्ति अन्य अष्टमङ्गल सिपिहरूले अँकाउँछ र आङ् जुङ्ग ने पाउँ । यस्तो दुर्गम प्रविधान बोकेको यो गुफेगुम्बा सबैको साझा सम्पत्ति हो । गुफाको पश्चिमी तल्लाको करिब ५ फिटको ढोका, सो ढाकारको १२ खुड्किला भएको सिस्नुले विगतका शताब्दी बिताएको छ । पछिका अन्य ढोकाहरूभन्दा तीन/चार गुणा ठूलो स्तूप तीनतला जाँचिकै अगली रहेको करिब ७-८ मि.को गोलाई र १५ फिट अति उचाइको वरिपरि घुम्न मिल्ने र स्तूपभन्दा माथि बिसाइसिनको छतमा र वरिपरि भित्तामा चित्र, देव र गुरुआकृति तथा अन्य साङ्केतिक आकृतिहरूको पूर्णता छ । रङ्ग कला र स्थापित्यको जसले त्यस विकट र कठिन समयमा कठिन सामग्री जुटाएर कलाकृतिको सङ्ग्रह र कला पारखिको उच्चतम नमूना कोरेका छन् । त्यहाँका वासिन्दाहरू शिर निधार र जेठो सन्तान सोनाम (भगवान) लाई छुट्याउँछन् । डाँडा देढरासीमा बुझा र छाजापताका सुम्नु त्यहाँको परम्परा र धर्म हो । नेपालका १२५० जति रहेका गुम्बाहरूमध्ये लाग्छ ८५ प्रतिशत तिब्बत सम्प्रदायको पद्मसम्भव अर्थात् गुरु रिम्पुछेलाई मान्नु रहेछ । गुम्बाहरू शाक्यमुनि बुद्धका भन्दा ठूला पद्मसम्भवका मूर्तिहरू भेटिन्छन् ।

गाँड, बेसी, पाखा, उपत्यका र सामुन्नेमा उभिने धौलागिरि, नीलगिरि, दुधुपे आदि हिमशृङ्खलाले वेष्ठित छ । साग्छु, चारैतिर हिमाल पच्छ्याइरहेछ । हिमाल चिहाइरहेछ । छुक्नाम (छुक्साङ) नजिकै नरसिङ्खोला तुन-पानी अविरल बगिरहेछ । साग्छु, नुनको साझो गनेहरूका लागि अमृत हो । सम्भृद्धिको मुहान र स्वावलम्बनको शिखर हो । सोयोति भन्छ- पद्मसम्भवको टाउकोको डोल बसेको पवित्र स्थलबाट मूल फुटेको नुनधारा हो । आफ्नै धर्म, संस्कृति, परम्परा र भूगोल हो । उथलो मुस्ताङ तथा मुस्ताङको प्रति टिंकरसम्मका उपत्यका, धौलागिरि, नीलगिरि, दुधुपे आदि हिमशृङ्खलाहरू वेष्ठित शृङ्खलाहरू सिद्धिदैलन् यहाँ ।

सुरिको याङ्ग झण्डै दश घण्टा पानीको मुहानबिना उकालो ओरालीका अप्ठेराहरू झण्डै डगुरिएर पाइला चालेर माथ बाममा पुगिन्छ । अन्धकार छ प्रति । बस्ने गरी देढरासी पाखा, गाउँ थार गर्दै छिंदमाखोला तर्दै ४२०० मि. उचाइमा निसा शृङ्खलाको १४० डिग्रिमा उकालो चढिन्छ । सुरीतपाको याङ्गले जिज्ञासाको धरहरा घुम्छ । समयमा धेरै यथार्थतः पद्मसंभवको नाम चलिरहन्छ ।

१३ सय वर्षअघि आठौं शताब्दीको सुरुमा हालको पाकिस्तानी क्षेत्रका रचित कुलमा (राजघराना) पद्मसंभव जन्मेको मानिन्छ । पिता राजा इन्द्रबोधि थिए । बौद्धमा पठन-पाठन गरी विश्वप्रसिद्ध नालन्दा विश्वविद्यालयका प्राध्यापक थिए । जसका बारे पद्मसंभव जन्मनु ८० वर्षअघि अर्थात् ६३० मा नालन्दा क्षेत्रमा १४,००० विद्यार तथा १८०० भिक्षु रहेको भन्ने चिनिया यात्रीको यात्रा वर्णनमा उल्लेख छ । यी पद्मसम्भव तिब्बती राजाको निमन्त्रणामा तिब्बत लोसाइएका थिए । उनैको सम्मान सृजनाको भरिभरपट छ मुस्ताङ । धर्म संस्कृति परम्पराको सांस्कृतिकको नमूना छ मुक्तिनाथ ज्वालादेवीको मन्दिर । प्रकृति मुस्कुराइरहन्छ तर आधुनिकताले घेरिंदै रहेछ मुस्ताङ ।

२०४८ फाल्गुण देखिमात्र पर्यटकीय स्थलको रूपमा स्वीकारिएको पाइन्छ । धार्मिक, ऐतिहासिक,

काठमाडौं-पोखराहुँदै हवाइयात्राले जोमसोम र पैदलयात्राले कागबेनी पुगिन्छ। कागबेनी पवित्र पितृतीर्थ मानिन्छ। रामोतर्फ बस्तैटेडाँडोको फोटोमा देखिंदाखाड गुम्बाको गुफा सिन्नो चढेर प्रवेश गर्न सकिन्छ। छुक्लाड ढोङ्लाघाससम्मै चैमे पुगिन्छ। ४००० मि.को वस्ती र ४०५० मि.का नौमाको उकाली यात्रा गुर्गयाइ। लामागाउँका थिलिङ गुम्बा नमूना नै छ। देउराली हल तोरम र डुङ्गाको सङ्गम राम्रै देखिन्छ। छुक्लुङ, ढाकिमार (रातो पत्थरको चट्टान), घमी र छमी नदिकाको छेउमा मुस्ताङ भरिको सबभन्दा लामो मानै र पर्खाल देखाइँ।

चराङको थोर्जे थिनगुम्बा, खर दरबार आदि संरक्षणको पर्खाडमा छन्। बुद्धदर्शन धर्मको विकासक्रममले यो क्षेत्र ढाकेको छ। डिरकाहरूमा घरका भग्नावशेषजस्ता प्यालहरू धुप्रै ढाउँमा छन्। जो देखिनेमात्र हुन्। त्यस स्थानमा पुगेर ती गुफाहरूको दृश्य झन् दुर्लभै छ। यस्ता दुर्लभ गुफाहरू झुरुक्सलले छेरै नाखिंदै रहेछन्। आज भोलि ती पहरा बनेका छन्।

तक्षशिला-नालन्दा-विक्रमशिला विश्वविद्यालयहरू विकसित-सम्बद्ध-सुसंस्कृत र ज्ञानका केन्द्र थिए। नवौं शताब्दीको यो सुवर्णकालमा मुस्लिम धर्म सम्प्रदाय पनि अघि बढ्दै थियो। महाविद्यालयहरूमा रहेका प्राचीन वैदिक-संस्कृत र बुद्धदर्शनको ख्यातिले नाम चलेको थियो। जसले गर्दा मुस्लिमहरूको आक्रमणको तारो बन्यो। आगो लगाइयो। सारा अमूल्य ग्रन्थ, वेदभूषा, धर्ममूर्ति, अमूल्य संस्कृत अन्य भाषाका शास्त्रहरू बले, खरानी भए। खरानी हुने क्रममा नालन्दा विश्वविद्यालयमा छ महिना आगो बलिरह्यो। कसैले संरक्षण पाएनन्, पाउन सकेनन् भनिन्छ।

विक्रमशिला तथा नालन्दा विश्वविद्यालयसँग आबद्ध पद्मसम्भवले यही क्षेत्रको (मुस्ताङ) सामेगुम्बा (मोराही) ८४७ मा निर्माण गराएको मानिन्छ। ब्राह्मण नरनाथ तिलनाथ नै नरोपा-पैनपाका नामले ख्यातिमा आए। तिब्बतियन प्रथम गुरु मापां मिलेरप्पाले संस्कृतलाई आफ्नो भाषामा अनुवाद गरे। रिन्चेन जाम्पो तिब्बती भाषाका ज्ञाता र विक्रमशिलाका महापण्डित शान्तरक्षित तिब्बती राजा ठिसोङ देचनले तिब्बत बोलाइए पनि लोन सम्प्रदायको जगजगीमा सफल हुन नसकी फर्किंदै (नेपाल) मा आएर बसे। तर पद्मसम्भवले तान्त्रिक मतवाला बोन्पो सम्प्रदाय भए पनि बुद्धधर्मको प्रचार गरे। मिलेरप्पाले गुरु मापांसँग बाह्र दिशा (ज्ञान) सिकेका थिए। पछि मिलेरप्पा विष खुवाई मारिए।

कर्णिका निमाषा, डुङ्गुनिबोचो, प्रभोनरिङ्, सुन्दराचौंन, सोठ्राकरको मिमाषा, निमागुम्बा आदि प्रसिद्ध छन्।

कालीगण्डकीको तीर ताङ्बे, चराङखोला र दामोदर कुण्डबाट आउने खोलाहरू पार गर्दै उपल्ली मुस्ताङको राजधानीबाट सुखाङ गारा, धारांडि पार गर्दै लुरिगुम्बाको बाटा हुन्छ। शालीग्राम फल्ने नदी तर्दै केलङ, केलाङ बाखखोलाहुँदै छुक्लाम ४०५० मि. पहाड चढ्नुपर्छ। सिमा माथिको हिमशृङ्खला छिकर तिब्बत जाने बाटाहरू स्पष्ट आँखामा कोरिन्छन्। याङ्बेसी गाउँ प्रत्येकबस्ती नजिकै गुफाहरू टाटा छन् माथि छन्। गुम्बाको पोताङले सम्प्रदाय छुट्याउँछ। लुरिगुम्बा नजिकको मान्थागुम्बा छ। लुरिगुम्बा तीन तलाको रहेछ। २९-३० मि.को उचाईमा भक्तिरहेको सानो डाँडोमा अवस्थित छ। डाँडो खोपेर कोठाहरू निर्माण भएका छन्। उकाली चढ्दै सानदे धुम्बेमा ढुङ्गाको तह-तह (माने) बनाइएको छ। के सत्यले आजसम्म टिकेको छ थाहा छैन।

माथ्र र गन्धको साथमा विभिन्न प्रकारको वैदिककलाको संगम छ। चक्राकार कमल फूलको ६४ र ११२ वटा पातको घेरा छ। घेराको बीचमा ५ वटा चित्रहरू छन्। मिलेरप्पा, तिलपा, नरपा काम्बो, घोर्बे, (ठोड्रामा चढेको देवीको मूर्ति) छ। बाह्रौं शताब्दीतीर निर्मित यो गुम्बा भू-स्खलनले भरकने क्रममा रहेको छ।

संरक्षण जिनाको भविष्य अन्धकारमा हराउँनेछ। तीनवटा ढोका पार गर्दै स्तुप भएको

समालोचना

ऋग्वेद: साहित्यिक मूल्य र अनुवाद

डा.देवीप्रसाद सुवेदी

वाराणसी हिन्दू विश्वविद्यालयको विद्यार्थी जीवनदेखि नै संस्कृत वाङ्मय र अझ वैदिक संस्कृति एवम् दर्शनका गम्भीर अध्येता रहेका मदनमणि दीक्षितले आफ्नो जीवनको उत्तरार्द्धदेखि सुरु गर्नुभएको वैदिक वाङ्मयसम्बन्धी चिन्तन र लेखनको शृङ्खलाको यो दसौं कडी हो 'ऋग्वेद केही प्रमुख सूक्त' शीर्षक ग्रन्थ। यस लेखनयात्रामा उहाँले वैदिक युगका सामाजिक सांस्कृतिक पक्षहरूलाई लेख-निबन्धात्मक स्वरूप पनि दिनुभयो। त्यही शृङ्खलाको हालसम्मको पछिल्लो कडीका रूपमा प्रस्तुत भावानुवादमूलक कृति प्रकाशमा आएको छ।

वैदिक वाङ्मय पूर्वीय लौकिक संस्कृत साहित्यका कविता-काव्य, निबन्ध-प्रबन्ध, नाटक, आख्यान (कथा -उपन्यास) आदि सबै विधाहरूको मूल स्रोत हो र वर्तमान भारतीय उपमहाद्वीपमा विकसित विभिन्न आध्यात्मिक चिन्तन-मार्गहरूको प्रारम्भिक उद्गमस्रोत पनि हो। चिन्तन पक्षमा विश्वकै दर्शनमध्येको अग्रणी रहेको वैदिक दार्शनिक चिन्तनलाई साहित्यमा विविध विधाहरूका माध्यमबाट प्रस्तुत गर्ने क्रममा मदनमणिजीका 'माधवी' (२०३९ र 'भूमिसूक्त' (२०५८) जस्ता बृहत्काय उपन्यासहरू, 'त्यो युग'(२०४७), 'विदुषी गार्गी' (२०४९), 'हामा प्राचीन नारी' (२०५०), 'विश्वका प्रथम वैज्ञानिक उद्दालक आरुणि' (२०५३), 'अमृतत्व र कार्यनिकता' (२०५३), 'हिन्दु संस्कृतिको परिशीलन' (२०५९) आदि दार्शनिक-आध्यात्मिक चिन्तनपरक निबन्ध-प्रबन्धात्मक कृतिहरू यसभन्दा अघि नै प्रकाशित भइसकेका हुन्। यो पछिल्लो 'ऋग्वेद केही प्रमुख सूक्तहरू' कृतिचाहिँ ऋग्वेदका सूक्तहरूलाई भावानुवादद्वारा सरल नेपालीमा बुझाउने प्रयत्नस्वरूप लेखिएको हुँदा यसको पृथक् चिनारी र वैशिष्ट्य रहेको छ।

ऋग्वेद सबैभन्दा सर्वप्राचीन एवम् उत्कृष्ट ग्रन्थ हो। महर्षि कृष्ण द्वैपायन व्यासले वेदलाई चार भागमा विभाजन गर्ने क्रममा यसका ऋक्, यजु, साम, अथर्व गरेको बुझिन्छ। ऋक् संहिताको वैशिष्ट्यचाहिँ यसको काव्यात्मकता नै हो र यहाँ त्यही साहित्यिक वैशिष्ट्यबारे चर्चा गरिन्छ।

'ऋच्' स्तुती धातुबाट बनेको 'ऋक्' शब्द समस्तपद ऋग्वेदको पूर्वपदका रूपमा रहेको छ। यसरी 'ऋक्' वा 'ऋचा' शब्दले स्तुति वा छन्दनिबद्ध स्तुतिपरक रचना भन्ने अर्थ दिन्छ र ऋग्वेदको अर्थ ऋचा वा स्तुतिहरूको ज्ञान भन्ने हुन्छ। ऋग्वेदका पाँच शाखाहरू शाकल, बाष्कल, आश्वलायन, शङ्खायन र माण्डूकेय मानिन्छन्। तर पछि पौराणिक कालमा आएर शाकल, बाष्कल र माण्डूकेय शाखाको मात्र चर्चा भएको पाइन्छ।

ऋग्वेदको रचनाकाल काव्यिक सिर्जनात्मक काल हो। त्यस कालका ती स्रष्टाका स्वाभाविक मानसिक अभिव्यक्तिका रूपमा प्रस्फुटित भएका स्तुतिपरक पद्यरचनाहरूको संङ्कलन नै ऋग्वेद हो। जम्मा १०१७ वटा सूक्तहरूले त्यस कालका देवता वा मानवका जीवनसँग सम्बन्धित दैनन्दिनीसँग अत्यन्त निकटरूपले जोडिएका यैयन् वस्तु, विषय एवम् प्राकृति तत्त्वहरूको स्तुति गरेको पाइन्छ। अग्नि, वायु, सूर्य, आप, पर्जन्य आदि प्राकृतिक शक्तिहरू, सोम, पृथ्वी र नदीजस्ता नामसहित र प्रकृतिका रूपहरू, विश्वामित्र, यम, मित्र अत्रि आदि मनुष्य शक्तिहरू, अश्व, गौ आदि पशुहरू, सुपर्ण, श्येन आदि पक्षीहरू, रथ, दुन्दुभि, वर्म, ज्या, धनु आदि युद्धसामग्रीहरू, मौलो, ओखल, लोहरो, सिलौटो आदि यज्ञपात्रहरू, मन, ज्ञान, मन्यु (क्रोध), दक्षिणा, श्रद्धा आदि

भावतत्वहरू, इन्द्र, बृहस्पति, वरुण, पूषा, विष्णु, अश्विनीद्वय, मायाभेद, देवपत्नी आदि देवता र दैवी शक्तिहरू नै ऋग्वैदिक ऋचाका स्तुत्य विषय हुन्। अझैले हामीले दैवीशक्ति वा देवताका रूपमा स्वीकार गरेका मानिस, पशुपन्छी, जड पदार्थ, यज्ञसामग्री र युद्धकालमा प्रयोग गरिएका वाद्य, रथ र आयुधहरूसाई पनि यस वेदमा स्तुत्य विषय मानिएको हुँदा ऋग्वेद दैवीशक्तिलाई मात्र नभई तात्कालीन मानव जीवनसँग सम्बन्धित महत्वपूर्ण मानव जीवनोपयोगी सामग्री र विषयको समेत स्तुतिग्रन्थ रहेको पाइन्छ र ती सामग्री र विषयवस्तुहरू नै त्यस काव्यका वर्ण्य विषय थिए। तिनलाई आधुनिक काव्यका बिम्ब र प्रतीकका रूपमा प्रयोग गर्ने परिपाटी अद्यापि प्रचलित नै छ। वास्तवमा ती स्तुतिपरक विषयहरू ऋग्वेदकालमा सर्वप्रथम बिम्ब र प्रतीकका रूपमा समेत आएका थिए र काव्यमा बिम्ब र प्रतीकहरूको महत्तालाई प्रमुख स्थान दिने उक्त परिपाटी ऋग्वेदका मधुच्छन्दा, दीर्घतमा लगायतका कविहरूले नै प्रथमतः आरम्भ गरेका थिए।

स्तुतिहरूको सङ्कलनका रूपमा रहेको ऋग्वेदका नासदीय सूक्त र पुरुषसूक्तजस्ता ऋचाहरू बाहेक प्रायःजसो सूक्तहरू तात्कालीन मानवजीवन र तिनले अंगालेका स्वतन्त्र याज्ञिक क्रियाका, परिधिअन्तर्गत रचिएका हुन् भन्ने बुझिन्छ। ती याज्ञिक क्रियालाई पछि आएर यजुर्वेदको रचनाकालमा पौरोहित्य विषय बनाई तिनलाई कर्मकाण्डीय पद्धतिका रूपमा अगाडि बढाइयो र उपनिषद्कालमा आएर दार्शनिक चिन्तन र मननको विषय बनाइयो। तर ती सबै पद्धतिको मूलस्रोत भने ऋग्वेद नै थियो र ऋग्वेदले देखाएको धर्मको मार्ग एउटै थियो। र, ईश्वर पनि एउटै थियो। पछिल्ला वैदिक कालहरूमा भने बहुईश्वरवाद देखापर्यो र ऋग्वेदमा वर्णित कतिपय तत्व र शक्तिहरू पनि यजुर्वेदकालमा आएर देवताका रूपमा स्थापित भए।

कल्पनाशक्तिले सम्पन्न ऋग्वेदकालीन ऋषि-महर्षिहरूले आ-आफ्ना रचनाहरूमा मूलतः प्राकृतिक शक्तिहरूको वर्णन गरेका छन्। अग्नि, वायु, पर्जन्य, आपः, जस्ता प्राकृतिक शक्तिहरूमा मानवीय स्वरूपसाई स्थापित गरी तिनको आराधना गरेका छन्। अग्नि उज्ज्वल ज्योति भएका, स्वर्गिय रङ्गका र प्रकाशमय रथमाथि आरूढ देवताका रूपमा प्रस्तुत भएका छन्। तीनवटा घोडाले तान्ने अग्निदेवको रथ देवताहरूलाई यज्ञस्थलमा लैजान ल्याउनका निम्ति तयार भएको छ भने उनी रथका सारथि बनेका छन् (६.१६.४३)। समिधा र घिउ उनको भोजन हो र पगालिएको नौनी उनको पेय हो। यसरी ऋग्वेदको पहिलो मन्त्र "अग्निमीले पुरोहितम्.....बाट सुरु भएको अग्निदेवको स्तुतिले ऋग्वेदको ठूलै भाग ओगटेको छ। ऋग्वेदका झन्डै २०० वटा सूक्तहरू अग्निको स्तुतिका निम्ति रचिएका छन् र अग्निको आराधना इन्द्रपछिका स्तुतिदेवका रूपमा भएको छ। त्यस्तै प्रकृतिलाई सजीवता दिने क्रममा पर्जन्यको स्तुति पनि यसमा पाइन्छ, जहाँ पर्जन्यलाई साँढेका रूपमा चित्रित गरिएको छ। ओट-विरुवाहरूमाथि बीजाधान (वीर्यदान) गर्ने पर्जन्यलाई बाँझी गाईमा, सृष्टि (वीर्यदान) गर्ने साँढेका रूपमा कल्पिने प्रस्तुत गरेको पाइन्छ (७१०१.३)।

ऋग्वेदका मुख्यतः तीन सूक्तहरूबाहेक प्रायःजसो सबै सूक्तहरू स्तुतिमूलक पाइन्छन्। स्तुतिपरक नरहेका मुख्य सूक्तहरूमा मण्डल १ को १६४ औं विश्वेदेवा सूक्त (ऋषि दीर्घतमाद्वारा रचित), पुरुषसूक्त र नासदीय सूक्त छन्। नासदीय सूक्त विश्वब्रह्माण्डको सृष्टिकालको स्थितिको दार्शनिक विश्लेषण गर्न प्रवृत्त छ भने पुरुषसूक्तले सृष्टिपश्चात्को विराट् ईश्वरीय स्वरूपको चिन्तन गरेको छ। यस विश्वब्रह्माण्डको सृष्टिका विषयमा नासदीय सूक्तले तीन दार्शनिक प्रश्नहरू उठाएको छ -१. यो सृष्टि कसरी भयो ? यस सृष्टिको कर्ता को हो ? र मृत्युपश्चात्को जीवनको स्वरूप के हो ? पुरुषसूक्तले चाहिँ विश्वब्रह्माण्डरूपी विराट् एवम् व्यापक रूपमा अवस्थित परमात्माको वर्णन गरेको छ। ऋग्वेद मण्डल १ को १६४ औं विश्वेदेवा सूक्त आदित्य देवतासँग सम्बन्धित पहेलीका रूपमा दीर्घतमा ऋषिबाट रचिएको पाइन्छ। जस्तै यो आदित्यरूपी घराको

सस्कृति

लुरिगुम्बाको लिपि र मुस्ताङको गौरव

✍ शिव अपरिचित

लिपि सभ्यताको सार हो। मुहान र मुहार हो। प्राक् वैदिक र वैदिक सारोचनाको प्रयोग निकास हो। आजभोलि सार असार हुँदैछ। लिपि लिपिदैछ। जसरी बिन्दु ·.· △६।। ৩।।ট आदि।

विश्वभर चल्छ। तर सुपठन-बिपठन लेखन र वकलेखन तथा तार्किक कल्पनाशील लेखनहरूले लिपिलाई पछ्याउँदैन। पन्छाउँदै छ। तथापि लुरिगुम्बाभित्रका कला, लिपि, र वास्तुकला, वास्तुशास्त्रले भास्वरदैछ। सानो झरकाइमा धरे म पनि निगाविज्ञता कुर्लनुमात्र ठानिन्छ। प्रयत्न कुटाकरी ब्राह्मीलिपिको नमूना टिपेको हुँ।

अप्रचलितलाई प्रचलित बनाउन सजिलो छैन। यसमा पनि अप्ठेरो दतिन सक्छ। तर पनि

"ॐ मणि पद्मे हुम्" ॐ मणि पद्मे हुम् - ॐ आदि।

लुरिगुम्बाको लिपि



लिपिटकका विशुद्धि मन्त्रहरू -संस्कृत पाली (मागधी) सिंहली, सार, ब्राह्मी सबै भाषा लिपिहरूका सङ्कलन अनुवाद आ-आफ्नै पाटा छन्। विवादरहित भन्न नसकिने छैन। तथापि निकाय (जति) शाखा, काण्डाँदिले भिँगारिएका छन्। गोठको स्वीकार्य अवस्था र बुद्धधर्मको विशुद्धि मार्ग The Paht of Puri Fication अङ्कित पिटकहरू अमर छन्।

अन्तो जटा बाहिजटा जटाय जटिया पजा
तं त गोतम। पुच्छामि, को इमं विजटये जटं.....।

अर्थात् भित्र जटा (जञ्जाल) छ। बाहिर जटा छ। जटाले प्रजा जकडिएको छ। त्यसैले हे गौतम! कसले जटालाई सुल्झाउन सक्छ ?

भन्ने उक्त वाक्यलाई

सिले प्रतिष्ठाय नर सपञ्ञो, चित्त पञ्ञञ्च भावयं

आतापि निपको भिक्खु, सो इमं विटये जटं।

अर्थात् "जो व्यक्ति प्रज्ञावान्, वीर्यवान्, पण्डित हुन्छ संसारमा भयलै भय देख्ने (भिक्षु) हुन्छ। उ शीलमा प्रतिष्ठित भएर चित्त (समाधि) र प्रज्ञाको साधना गरी यस जटालाई सुल्झाउन सक्छ।" भनी व्याख्या गरिएको छ।

यस्तै दोषहरूमा मठविहार, नयाँ आवास, पुरानो आवास, मार्ग नरोध, पानीझुवा, पौखरी नजिक, पात्द्वारायुक्त, फूलयुक्त, फलयुक्त, खेतहरूले घेरिएका, जनमोल व्यक्तिहरू भएको, बन्दरगाह, चौरस्ता, दोबाटो-निर्जन, प्रदेश, राज्य सीमा, प्रतिकूल ध्यान, कल्याणमित्रको अभाव भएको स्थान त्यागोस् आदि.....।

"महावास नवा वासं जरावासञ्च पन्डितं
सोण्डिं पण्णञ्च पुप्फञ्च फलं पत्थितमेवच"।

यिनै आधारहरू लुरिगुम्बाका सागि सुवर्ण अक्षरमा लेखिएका छन्। यिनै अक्षरहरूबाटमा लास्थाले पुजिए। देखिए-बुझिएसम्मका स्मृतिका बाँधालाई अक्षरमा बटुलिएको छ। नमटुलिएका र नयाँ विषय पुनः पुनः बटुलिदान्। ज्ञानको मार्ग चलिरहोस्.....।

लघुकथा

आफ्नो अस्तित्वको अर्थ

✍ अंगिर बनपाली

"नारीको जय होस्, सदा सुख होस्, लक्ष्मीले वास गरून्" आश्रमका वृद्धावृद्धीले मलाई आशिष दिए । म देखेछु, अझ सबैभन्दा बढी वृद्धवृद्धाहरू ।केही पाउने आसले पखिँरहेका थिए । तिनीहरूको त्यो आस नानामज पनि थिएन । आफैले जन्माएका छोराछोरी अनि परिवारले निकालिएका नि सहायहरूको आस नै वृद्धाश्रमको दुई छाक खाना, अरूले दिन ल्याइएका उपहार, दान अनि केही आत्मीयता नै हो ।

"नानी, हामीले त दुःख पायौं । धरु खोले पछाएर पाली राख, स्वर्गे साथ हुन्छ बा, आफ्नो आमाबाबुलाई । घरबाट निकाल्ने काम कसैले नगरोस् ।" गहभरि आँसु राखेर एक वृद्धाले भनिन् ।

त्यहाँ बसिरहेका वृद्धवृद्धाहरूको दयनीय अवस्था र पुरा सुनेर मेरा आँखा धमिलो भएर आए । बगेको आँसुसँगै आफ्ना स्वर्गीय आमाबुबाको सम्झना आयो । शायद त्यसैले होला की वृद्धाश्रमले मलाई त्यतैत्यतै तानिरहन्छ । आफूले कमाएकै केही आय ती वृद्धवृद्धाहरूसँग बाँड्दा मन नै चङ्गा हुन्थ्यो मेरो । आफ्ना अभिभावकहरूले यतैकतै बसेर हेरिरहेकै सान्त्वना मलाई । सबैलाई एकएक ओटा ओप बोहिर पाकेर लान्या एउटा कुनाबाट निस्किएको स्वरले मलाई झस्काइदियो ।

"छन्ने ः ज्यहिजन्याइगु, प्यन्हुलिपा ल्यासिय थालिगु, वन छन्ने ज्यबइगु, प्यन्हुलिपा ः स्वर्ग बिइगु....नारायोन....धुगुसि न स्वर्गे मखान क.....!"

त्यो स्वरले मलाई किचेर लग्यो वृद्धाश्रमको एक कुनातर्फ । किनभने त्यो मेरो मातृभाषा मेरो माटोको आवाज थियो । उफ्, भक्तपुर पनि यति बिहुलिसक्यो कि यो वृद्धाश्रमको एक अंश बनिसकेछ । मेरो शिर झुक्यो, थुप्रुक्क बसें ती वृद्धाको सामुन्ने ।

"लम्सं, छिगु छे खनम्.?" मेरो जिज्ञासा थियो त्यो ।

वृद्धा केही बोलिनन् । बिलकुल चुप । आँखाको कुनै छाँयामेत देखाइनन् उनले । धरु आफ्नो परिचय दिँदै दिइनन् उनले । धन्य छन् ती छोराछोरीहरू, जसका बिनौजस्ता आमाबाबु हुन्छन् ।

❖❖❖

लघुकथा

स्वागत कार्यक्रम

✍ कपिल नामिछाने

भरखर सरुवा भई आएका प्रहरीप्रमुखको भव्य स्वागत कार्यक्रम सम्पन्न भयो । तिनलाई टीका लगाइयो, माला लगाइयो, प्रशस्ता औंडाइयो, भोज खुवाइयो, प्रशंसाको पुल बाँधियो ।

शान्ति सुरक्षाको स्थिति भने लाजुक थियो ।

कार्यक्रम सकेर निकलँदै गर्दा एक मित्रले मुख बिगाँदै भने- 'जमाना पनि कस्तो आयो ! पुलिसलाई स्वागत गर्ने, फूलमाला लगाइदिने, पूजा गर्ने, छि.'

मानिसहरूमा निराशा छाएको थियो ।

मैले भनें- 'हामी कुकुर बिरालो, सर्प, गाई, गोरुको पनि पूजा गर्छौं भने यी त शान्ति-सुरक्षाको जिम्मा लिएका कर्मचारी न हुन् ।'

❖❖❖

स्थानबारे कसलाई थाहा छ ? जिनका किरणलयी गाईहरू तेजलाई दुहुन्छन् र तिनीहरू पानी खान जान्छन् (१.१६४.७) । त्यस्तै अर्को मन्त्र-'द्वा सुपर्णा सयुजा सखाया समानं वृक्षं परिषस्वजाते । तयोरन्यः पिप्पलं स्वाद्वत्त्यनश्नन्नन्यो अभिचाकशीति' (दुई समान रूपका मित्रतुल्य चराहरू संगै स्वमा बस्छन् । तिनमा एउटाले पिपलको फल खान्छ र अर्को केही नखाई हेरेर मात्र बस्छ ।' (१.१६४.२०)

उपर्युक्त सूक्तहरूका अतिरिक्त ऋग्वेदमा भएका कैयन् सूक्तहरूले नीतिपरक विचारका साथै प्रकृति र परुसमुदायको वर्णन गरेका छन् । तापनि मुख्यतः यो स्तुतिप्रधान ग्रन्थकै रूपमा रहेको छ । खास गरी ऋग्वेदका उषा, पर्जन्य, मरुत्जस्ता स्तोत्रहरू प्रकृतिको चित्रण र वर्णनका सुन्दर नमूना नै हुन् । यहाँ उषासूक्तको अत्यन्त चामत्कारिक वर्णन भएको एउटै मन्त्र पनि उदाहरणका लागि पर्याप्त छ, जस्तैःएषा शुभ्रा न तन्वो विदर्शावेव स्वाति दृशये नो अस्थात् । अप द्वेषो बाधमाना तमस्युषा दिवो दुहिता ज्योतिषागात् ।' (५.८०.५) ।

(स्नान गरेर सुन्दर गहनाहरूले सजिएकी रूपसी रमणीसमान सौन्दर्य प्रदर्शन गर्दै पूर्वमा उषा प्रकट हुन्छिन् । सूर्यकी छोरी उषा आफ्नो बैरी अन्धकारलाई भाग्न बाध्य तुल्याउँदै प्रकाशसँगै आउँछिन्) ।

त्यस्तै वर्णनको चमत्कार मरुत् देवताको स्तुतिमा पनि निम्नप्रकार देखापर्दछ 'वरा रथेषु सत्रा महासि चकिरे तनूषु (५.५७.४) । (विवाहको इच्छा गर्ने वैभवशाली युवक जसरी सुनका गहना पहिरिन्छन्, त्यसै गरी मरुत् सर्वोत्कृष्ट तथा पराक्रमी रथमा चढेर आफ्ना तेजले सुसज्जित हुन्छन् ।।

आलङ्कारिक एवम् चामत्कारिक भाषाशैलीमा रचिएका साथि उल्लिखित सूक्त र ती अन्तर्गतका मन्त्रहरू जस्ता अन्य असङ्ख्यक मन्त्रहरू ऋग्वेदमा यत्रतत्र पाइन्छन् र तिनले ऋग्वेदको साहित्यिक गरिमालाई उत्ततर तुल्याएका छन् ।

ऋग्वेद संहिताका जम्मा दश मण्डल अन्तर्गतको सूक्त सङ्ख्या १०१७ र ऋचा वा मन्त्रहरूको सङ्ख्या १०५४२ रहेको छ । उपर्युक्त सूक्तहरू मध्ये ऋग्वेदका प्राचीनतर भागहरूमा पाइने देवताको आह्वान एवम् स्तुति तिनको प्राकृतिक स्वरूपमा गरिएको छ । तर पछिल्ला समयमा भने तिनीहरूमा क्रमशः देवत्वको आधान गर्दै तिनलाई शक्तिशाली र सर्वोच्च देवताको रूप प्रदान गरियो । ती देवताहरूको सङ्ख्या कहीं तीन हजार तीन सय उनन्चालीससम्म पाइए पनि प्रायःजसो सूक्तहरूमा तिनको सङ्ख्या तेत्तीस मात्र उल्लेख भएको पाइन्छ । ऋग्वेदका स्तुतिकारहरूले ती तेत्तीस देवताहरूको वर्णन मानवदेहधारी जीवतुल्य रूपमा गरेका छन् । ती देवताहरू प्रायःजसो युद्धका निम्ति कवच-मुकुट पहिरेका र हातमा आयुध लिएर ज्योतिर्मय रथमा चढ्ने भएका पाइन्छन् । देवताहरूका प्रमुख रहेका इन्द्रलाई विभिन्न ऋचाहरूमा बज्रबाहु वा वज्रहस्त नाम दिइएको छ । सूर्यकिरणहरूका सातस्रोतका देवताका रूपमा चित्रित छन् भने अग्निदेवताको लपलपाउँदो ज्वालालाई कहीं जिब्रो त कहीं सिङ्गका रूपमा वर्णन गरिएको छ ।

वस्तुतः मानसभ्यताको विकासका प्रारम्भिक चरणमै मानिसले बाँच्नका लागि अनिवार्य ठानेकाएका प्राकृतिक तत्त्वहरू (जो जीवन जगत्का मूलभूत तत्त्वहरू हुन्) लाई नै ऋग्वैदिक ऋषिहरूले शक्तिका रूपमा आराधना गरेका हुन् र वरुण (जलतत्त्व), अग्नि र सूर्य (प्रकाशतत्त्व), मरुत् वा मरुद्गण (वायुतत्त्व वा ठरमाग्दो आवाज गर्ने तूफान), रुद्र (भगङ्कर आवाज भएका देवता), अदितिनी (वनस्पतिका देवता) आदिको स्तुतिलाई तिनले महत्व दिएका हुन् । त्यस्तै ऋग्वेदकालका देवी-शक्तिका रूपमा उषा र अदितिका साथै वाक् वा वाणीशक्तिका रूपमा सरस्वती अनि वनदेवीका रूपमा अरण्यानीको स्तुति पनि ऋग्वैदिक सूक्तहरूले गरेको पाइन्छ ।

उपर्युक्त देवी-देवताहरूलाई नै पछिल्लो वैदिक युग र खास गरी यजुर्वेदको रचनाकालमा आएर यज्ञका प्रमुख देवताका रूपमा कर्मकाण्डीय

पद्धतिको अनिवार्य अङ्ग मानियो । यज्ञकलशमा वरुण देवता (जसलाई जल-शक्तिका अधिष्ठाताका रूपमा ऋग्वेदले स्वीकारेको थियो) लाई आह्वान् गर्दै पूजा गर्ने गरियो र दीपलाई प्रकाशशक्तिका देवता मानी यज्ञको प्रारम्भमा पूजा गर्नुलाई याज्ञिक क्रियाको आवश्यकता ठानियो । ती देवीदेवताहरूको शारीरिक संरचना, तिनका वाहन एवम् अलङ्कारहरू आदिको परिकल्पना यजुर्वेदको रचनाकालभन्दा पछि आएर अझ विशेषरूपमा भयो र तिनका मूर्तिलाई मानवीकरण गरियो, जुन अद्यापि मूर्तिपूजकहरूले गर्दै आएका छन् । वस्तुतः पौराणिक ग्रन्थहरूले वैदिक देवी-देवता र तिनका स्वरूप एवम् कार्यलाई आधारमा नै कैयन् कथानक एवम् घटना-परिघटनाहरूको व्याख्या गरेका छन् र तिनले लौकिक संस्कृत साहित्यको विशाल भण्डार समेत भरिएको छ ।

ऋग्वेद वैदिक साहित्यको मात्र नभई परवर्ती लौकिक संस्कृत साहित्य र आधुनिक भारतीय आर्यभाषामा रचित काव्य, नाटक एवम् आख्यान साहित्यको आदि स्रोतसमेत हो । यम-यमी, पुरुरवा-उर्वशी, अगस्त्य-लोपामुद्रा, इन्द्र-इन्द्राणी र वृषाकपि, विश्वामित्र र नदी आदिका बीचको संवादमा पाइने संवादात्मक कथन र तिनभित्र अन्तर्निहित कथानकबाटै प्रेरित भएर ब्राह्मणग्रन्थ, उपनिषद् र पुराणहरूका साथै आधुनिक भारतीय नाटक र आख्यानपरक साहित्यको रचना भएको उल्लेख पूर्वीय (संस्कृत वाङ्मयका विशेषज्ञहरूले गर्दै आएका छन् । ऋग्वेदमा उल्लिखित उपर्युक्त संवादहरू नाटक र आख्यानका आदिस्रोत मात्र नभई ती ऋग्वैदिक सूक्तहरूमा निहित भावप्रवणता, नैतिक सन्देश, भावगाम्भीर्यजस्ता काव्यात्मक विशिष्टिताका उत्तम नमूना पनि हुन् । विश्वामित्र र नदीका बीचको एउटा काव्यात्मक संवादको उद्धरण तल दिइन्छ :-

प्र पर्वतानामुशती उपस्थादश्वे इव विषिते हासमाने
गावेव शुभ्रे मातरा रिहाणे विपाट् छुतुद्री पयसा जवेते ।
(३:३०:१)

(जलले भरिएका विपाशा र शुतुद्री नदीहरू पर्वतबाट निस्किएर समुद्रलाई भेट्ने इच्छा गर्दै अश्वशालाबाट छुटेका घोडा भौं स्फूर्तिवानहुँदै संता गाईहरू भौं वेगका साथ समुद्रतिर जान्छन् ।)

यसरी पर्वतका कन्दराहरूबाट वेगपूर्वक बगेका विपाशा र शुतुद्री नदीलाई अश्वशालाबाट छुटेर दौडिएका घोडाको सुन्दर उपमा दिएको पाइन्छ । त्यस्तै अर्को आलङ्कारिक चमत्कारयुक्त ऋचा पर्जन्य सूक्तबाट लिइन्छ, जस्तै

रथीव कशयाश्वाँ अभिक्षिपन्नाविर्दूतान् कृणुते वर्ष्या अह ।
दूरात् सिंहस्य स्तनथा उदीरते यत् पर्जन्यः कृणुते वर्ष्यं नभः (५:८३:३)

(जोरसँगै प्रहारले घोडालाई उत्तेजित तुल्याउने रथी भौं पर्जन्य (मेघ) वर्षाका दूतहरूलाई प्रकट गर्दछ । जब पर्जन्य आकाशलाई जलपूरित बादलले आच्छादित गरिदिन्छ अनि डाडैबाट सिंह गर्जे भौं आवाज उत्पन्न हुन्छ ।)

गाई, घोडा, सिंह, श्येन (बाज) आदि पशुपन्छीहरूका साथै कैयन् प्राकृतिक वनस्पतिहरू ऋग्वेदका ऋचाहरूमा बिम्ब र प्रतीकका रूपमा प्रयुक्त भएका छन् । तिनमा पनि यहाँ प्रयोगमा आएका मुख्य पशु घोडा र गाई हुन् । घोडालाई सीधै चढ्ने प्रयुक्त रूपमा नलिई रथ तान्न जोतिने प्रमुख वाहनका रूपमा लिएको पाइन्छ । इन्द्र, अग्नि, वरुण, आदि देवताका रथमा जोतिएका शीघ्रगामी घोडाहरूको अवस्था र गतिसँग तात्कालीन समाज परिचितमात्र नभई तिनको जीवनोपयोगितालाई समेत त्यस समाजका मानिसहरूले आत्मसात् गरेको कुरासमेत उपर्युक्त ऋचाहरूबाट स्पष्ट हुन्छ ।

ऋग्वैदिक मन्त्रहरूमा पाइने संवादात्मक कथनहरूले त्र्यशैलीमा तात्कालीन युगका मानवीय मनोभावहरूलाई निकै संवेदनशील किसिमले व्यक्त गरेका छन् । पुरुरवा-उर्वशी संवादको एउटा नमूना यहाँ दिइन्छ :-

कदा सूनु पितरं जात इच्छन्त्यकन्मातु वदयद्विजानन् ।
को दम्पती समनसा वि युयोदध यदग्नि रयमुरेषु दीदयत् । (१०:९५:१३)

(हे उर्वशी, तिम्रो छोरो कसरी मसित बस्छ, मसित त्यो रमेछ । पारस्परिक स्नेहको बन्धनलाई

दृष्टिले गीता केशरीका यस सङ्ग्रहका अधिकांश कथाहरू छोटाछोटा अजटिल संरचनामा आबद्ध छन् । घुमाउरो पाराको नभएर सोझो, सरल र अभिधात्मक भाषाको प्रयोगमा रुचि राख्ने गीता केशरीका कथामा मानक नेपाली भाषाको प्रयोग पाइन्छ । यिनले आफ्ना कथामा किबोर्ड, स्क्रीन, सफ्टवेर, इमेल, कम्प्युटरजस्ता प्राविधिक शब्दको पनि प्रयोग गरेकी छन् । कतैकतै सङ्गतिमत त्रुटि भए पनि यिनी शुद्ध एवं मानक नेपाली भाषाको प्रयोगमा अत्यन्त सचेत देखिन्छिन् ।

यदाकदा वार्तालापीय र एकालापीय शैलीको प्रयोग पाइए पनि वर्णनात्मकता नै गीता केशरीको कथा लेखनको शैलीगत पहिचान हो । समयमा भन्दा मानक भाषिक विन्यासका साथ सरल भाषा र वर्णनात्मक शैलीको प्रयोग कथाकार गीता केशरीको लहर कथा सङ्ग्रहको भाषाशैलीय विशेषता हो ।

३. उपसंहार

आफ्नो साढेचार दशक लामो साहित्ययात्राका क्रममा धुपै आख्यानात्मक कृतिको सिर्जना गर्नाका साथै नेपाली आख्यानका क्षेत्रमा आफ्नो पहिचान बनाउन सक्षम कथाकार गीता केशरी प्रायः छोटा छोटा अजटिल संरचनाका कथा सर्जक हुन् । युगीन यथार्थका विविध पाटालाई कथात्मक संरचनामा प्रस्तुत गर्न कथाकार गीता केशरीका लहरमा सङ्कलित कथाहरू विविध प्रकारका वैचारिकताको प्रस्तुतिमा केन्द्रित देखिन्छन् । यिनले आफ्ना अधिकांश कथाहरूमा उद्देश्यपूर्ण ढङ्गले आफ्ना धारणाहरूलाई प्रकट गरेकी छन् । युगीन यथार्थका विविध पाटालाई वैचारिकतामा सन्निहित गरेर आदर्शोन्मुख यथार्थवादी ढङ्गमा प्रस्तुत गर्न सिद्धहस्त कथाकार गीता केशरीलाई यस सङ्ग्रहका कथाहरूले वर्तमान समयकी उल्लेखनीय कथाकारका रूपमा स्थापित गरेका छन् ।

पुस्तकको नाम- लहर
विधा- कथासङ्ग्रह
लेखक- गीता केशरी
मूल्य- १४०
वितरक- रत्नपुस्तक भण्डार/
हिमालय बुक हाउस/साझार्थ प्रकाशन ।

❖❖❖

सालु

✍ हेमन्तप्रसाद दाहाल

धुली चम्कन छडेरीले
जरंकर भए सालु
जलिरहेको दीप पलमा
दिपदिप भए सालु ॥१॥

बसन्तमा पल्लएनन्
मञ्जरी ती सालु
कथाभित्र व्यथा लुक्या
पोखिएनन् सालु ॥२॥

जसले सृष्टि रच्यो त्रिजो
उसकै मृत्यु सालु
पहाड़ पनि भत्किदैछन्
धर्ती कम्यो सालु ॥३॥

चम्किरहेछ सूर्य पलपल
घुम्दै पृथ्वी सालु
रानुबिहीन छटपट
भएझैं भो सालु ॥४॥

दुइगासमेत रोइरहेका
मरुभूमि सालु
लजाएकी लज्जावती
निष्ठुरी ती सालु ॥५॥

चन्द्रमाका जोडी नाच्दा
आकाश हाँस्छ सालु
कंडैकंडा बीचमा फूल
फति बाँच्छ सालु ॥६॥

स्वप्नका स्वर्ग पनि
भताभुङ्ग सालु
उडिरहेको जहाज खस्दा
भूकम्प गो सालु ॥७॥

मनुभन्दा पहिला नै
मलामी नै सालु
धुकधुकी मारा छुई
चिता बन्यो सालु ॥८॥

भोरपाटी

यसरी आदर्शवादी एवं मानवीय दृष्टिकोण राखे विविध प्रकारका सहभागीहरूको माध्यमबाट कथालाई अघि बढाई कथात्मक संरचना निर्माण गर्नु यिनको चरित्रगत वैशिष्ट्य हो ।

२.४ परिवेश

परिवेशअन्तर्गत स्थान, समय र वातावरण पर्छन् । गीता केशरीका कथामा विभिन्न स्थान, समय र वातावरणको प्रयोग भए पनि परिवेशगत विविधता भने त्यति देखिँदैन । यिनका यस सङ्ग्रहका केही कथामा स्थानको उल्लेख स्पष्ट रूपमा गरिएको पाइन्छ भने केही कथामा स्थानको सङ्क्षिप्त एवं सङ्केतात्मक प्रस्तुति भएको छ । प्रायः काठमाडौँको निम्नमध्यम र मध्यमवर्गीय सहरिया परिवेशको चित्रण पाइने यिनका केही कथा ग्रामीण परिवेशमा पनि लेखिएका छन् । यिनका अधिकांश कथाहरूमा समयको स्पष्ट उल्लेख त्रुटि नपाइने हुँदा त्री खास समयविशेषका नभएर सार्वकालीन गुणयुक्त पनि मानिन्छन् ।

गीता केशरीका अधिकांश कथामा प्रयुक्त वातावरण आन्तरिक एवं बाह्य दुवै पक्षबाट सुखद रहेको छ । यिनको सम्झनाको चिनोबाहेक अन्य सबै कथाको सुरु र अन्तमा दुखद वातावरणको प्रस्तुति पाइए पनि सुखद वातावरणमा अन्त्य गरिएको छ । यिनका कथामा पाइने समग्र परिवेश वर्णन कृत्रिम र अस्वाभाविक नभई सहज र स्वाभाविक रहेको छ । यसरी समय र स्थानसाँग त्यति सरोकार नदिई प्रायः सुखद वातावरणमा सार्वकालिक गुणयुक्त कथाहरूको सिर्जना गर्नु कथाकार गीताको यस सङ्ग्रहमा समाविष्ट कथाको परिवेशगत प्रवृत्ति रहेको देखिन्छ ।

२.५ उद्देश्य

हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङ्गले गरिने हुँदा साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै उद्देश्य अन्तर्निहित हुन्छ । उद्देश्यविना कुनै पनि साहित्यिक कृतिको रचना हुँदैन । गीता केशरीको सङ्ग्रहमा समाविष्ट कथा सिर्जनाको मुख्य उद्देश्य विविध सन्दर्भमा आफ्ना धारणाहरूलाई प्रस्तुत गर्दै वर्तमान युगीन सामाजिक यथार्थको प्रकटीकरण रहेको देखिन्छ । जीवनमा सम्झनाहरूको साथ अघि बढ्दै पारिवारिक एवं सामाजिक सुधारका साथ सुखद समाज निर्माणको चाहना यिनका कथामा अभिव्यञ्जित छ । यसरी नविन सन्दर्भ र प्रसङ्गबाट युगीन यथार्थको प्रकटीकरणका साथै मानव कल्याणकारी सकारात्मक विचारहरूलाई प्रत्यक्ष-परोक्ष ढङ्गले प्रस्तुत गर्नु यिनको यस सङ्ग्रहका कथाहरूको खास उद्देश्य रहेको देखिन्छ ।

२.६ दृष्टिबिन्दु

कथाशिल्प विश्लेषणको एउटा महत्वपूर्ण घटक/तत्त्व दृष्टिबिन्दु पनि हो । कथाकार गीता केशरीका यस सङ्ग्रहका अधिकांश कथाहरूमा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ भने केही कथाहरू प्रथमपुरुष दृष्टिबिन्दुमा संरचित छन् । यिनका सुरक्षा, आशा, नर्मा मासी प्रभाव, अठोट, अन्तर्दृष्टि, बाध्यता र आशा, प्रतिफल, धन्यवाद, जिज्ञासा, मान्छेको कथा, सम्झनाको चिनो, माया र शान्ति गरी तेह्रवटा कथाहरू तृतीयपुरुष दृष्टिबिन्दुमा लेखिएका छन् भने साँच्चीकै हो ?, त्यो दिन, अर्थसुख, चिचिकलामिश्रको चित्र गरी चारवटा कथाहरूमा प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग पाइन्छ ।

जीवनप्रतिको सकारात्मक सोच तथा सुखद एवं समाधानमूलक समाजको चाहनाका साथै आफ्ना धारणाहरूलाई प्रस्तुत गर्ने प्रयासका कारण गीताका यस सङ्ग्रहका अधिकांश कथाहरू तार्किक एवं विचारमूलक हुन पुगेका छन् । यसरी अधिकांशतः तृतीयपुरुष दृष्टिबिन्दु र अंशतः प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोगका साथ सकारात्मक एवं सुधारोन्मुख वैचारिकताको प्रस्तुति यिनको कथागत वैशिष्ट्य रहेको देखिन्छ ।

२.७ भाषाशैली

अभिव्यक्तिको माध्यम भाषा हो भने अभिव्यक्तिको तरिका शैली हो । भाषाशैलीय विन्यासका

क्रम सङ्गृहस्य पृष्ठान्त चाहन्छ । तिमा ससुराका घरमा श्रेष्ठ ज्योति बसिरहेको छ) ।

पति क्वाणि चर्तवते अक्षुधकन् न कन्दाश्चो शिवाये प्रतत् ते शिक्षा यत् ते अस्मे परे ह्यरत न हि मुरमाषः (१०:९५:१२)

हे पुरुरवा मेरो उत्तर सुन, तिमी नजिकै आएर तिमी छोरो रुने छैन । त्यसलिनिमित म सङ्गसक्षामना गर्नेछु । अब तिमी मलाई पाउन सक्ने छैनौ । त्यसकारण आफ्नो घर फर्कर जाऊ । तिमी छोरालाई म तिमी छेउ पठाइदिनेछु ।

छन्द र लयका दृष्टिले पनि ऋग्वेद महत्वपूर्ण प्राचीन ग्रन्थ रहेको छ । ऋग्वैदिक ऋचाहरू बीस प्रकारका छन्दहरूको प्रयोगद्वारा रचिएको मानिन्छ । ती मध्येका प्रमुख छन्द गायत्री, उष्णिह्, अनुष्टुप्, बृहती, पङ्क्ति, त्रिष्टुप्,जगती, शक्वरी, उष्ण, जगति प्रयोजित छन् । उपर्युक्त वैदिक छन्दहरू पछिल्ला लौकिक संस्कृत काव्यमा प्रयोजित छन्दभन्दा तिनै फरक पनि छन् । प्राचीन वैदिक छन्दका चरणमा वर्णहरूको मात्राको निर्धारण भए पनि लौकिक छन्दहरूको जस्तो गुरु र लघु मात्राका आधारमा छन्दोविधान भएको पाइँदैन । वैदिक छन्दहरू खास गरी ८, ११ र १२ वर्णका चरणमा विभाजित थिए । १५ वटावर्णका चरणमा विभाजित वैदिक छन्दहरूको सङ्ख्या भने ज्यादै सीमित थियो ।

वैदिक काव्यमा प्रयोजित छन्दहरूमध्ये चार पाउको अनुष्टुप् छन्द र तीन पाउको गायत्री छन्द प्रमुख हुन् । ऋग्वेदमा भने अनुष्टुप्भन्दा गायत्री छन्द नै बढी प्रयोजित रहयो । ऋग्वेदको अग्निस्तुति भएको प्रथम मण्डल, प्रथम सूक्तको पहिलो मन्त्रलाई गायत्री छन्दको उदाहरणका रूपमा लिन सकिन्छ, जस्तै:

अग्निमीले पुरोहितम् (प्रथम चरण)
यज्ञस्य देवमृत्विजम् (द्वितीय चरण)
होतार रत्नधातमम् (तृतीय चरण)

गायत्री छन्द अनुष्टुप् छन्द झैं ८/८ वर्णका चरणमा विभाजित रहेको पाइन्छ । तर यी दुई छन्दका बीचको भिन्नता चरणसङ्ख्या र चरणमा रहेका वर्णमात्राहरूको भिन्नता हो । जस्तो अनुष्टुप् छन्दमा-

प्रकम्पिता मही सर्वा (प्रथम चरण)
सशैलवनकाननाः (द्वितीय चरण)
युगान्त नष्टचन्द्रार्क (तृतीय चरण)
ज्योतिष तपकाशते (चतुर्थ चरण)

प्रकम्पिता मही सर्वा सशैलवनकाननाः
गगनं नष्टचन्द्रार्क ज्योतिष तपकाशते ।
(खिलसूक्त, परिशिष्ट)

वैदिक छन्दहरू मौखिक संस्कृतकालमा आएर प्रायःजसो लुप्त भएर गए र पछि कैयन् नयाँ छन्दहरूले जन्म लिए । ती लुप्तप्रायः भएका र वेदमा मात्र सीमित छन्दहरू भने अध्ययन अन्वेषणको विषय बन्दै आएका छन् ।

मदनमणि दीक्षितद्वारा भावानुवादका रूपमा रचित 'ऋग्वेद: केही प्रमुख सूक्त' शीर्षकले नै यसभित्र ऋग्वेदका सबै सूक्तहरू समाविष्ट भएका छैनन् भन्ने सङ्केत मिल्छ । यसका दशवटा मण्डलमध्ये केतिपय मण्डलहरू पनि अनुवादको वृत्तभित्र परेका छैनन् । तापनि यसका प्रायःजसो महत्वपूर्ण र चर्चित सूक्तहरू भने यसमा नछुटेको जानकारी पाइन्छ । अनुवादकर्ता दीक्षितज्यूको सूक्तहरूको रोजाइ विषयक कथन अनुसार भने यस ग्रन्थमा समेटिएका सूक्तहरू नमूना सूक्तका रूपमा नभई अनायासै रोजिएका हुन् । ती मण्डल र सूक्तहरूमध्ये यस ग्रन्थभित्र समाविष्ट गरिएका सर्वाधिक सङ्ख्याका सूक्तहरू १० औं मण्डलभित्रका ७४ वटा सूक्तहरू रहेका छन् ।

अन्ततः

आफ्नाई आर्य भन्ने पश्चिमतिरबाट आएको एक समूहले सिन्धु सभ्यतामाथि गरेको आक्रमणका कारण ई.पू. १७५० को वरपरमा उक्त सभ्यताको अन्त्य भएको धारणा पुरातत्वविद् एवम् समाजशास्त्रीहरूको पाइन्छ । भौतिक उत्कर्षमा पुगेको सिन्धुसभ्यता (जुन असुर जातिको सभ्यता थियो) माथि आर्यहरूको सभ्यता बलपूर्वक स्थापित हुन पुग्यो । सैन्यसम्बन्धी केही प्राविधिक ज्ञान पनि भएका र गाई, घोडा आदि पशुहरूको पालन गरेर जीवनयापन गर्ने यी जातिका मौखिक गीत एवम् स्तुतिहरूको सङ्कलनका रूपमा ऋग्वेदका मन्त्रहरू देखापरे । ती मन्त्रनिर्माता र स्तुतिकारहरूमा केही असुरजातिका ऋषिहरू पनि रहेको बुझिन्छ । यसका सूक्त एवम् ती अन्तर्गतका ऋचाहरूमा पाइने रय,

दुन्दुभि, आयुध आदि सैन्य सामग्रीहरूको स्तुतिका कारण ती गीतकारहरूमा प्राकृतिक जीवन-जगत्देखि बाहेक युद्धविषयक केही ज्ञान र अनुभवसमेत भएको थाहा हुन्छ । त्यसबाहेक ऋग्वेदका पुरुषसूक्त र नासदीय सूक्तले तिनमा केही दार्शनिक ज्ञान पनि भएको झल्को दिन्छन् । तापनि यसका प्रायजसो सूक्तहरू प्रकृतिको विलक्षण सौन्दर्य र त्यस क्रममा सामाजिक क्रियाहरू अनि मानवजीवनसंग तिनका सम्बन्धमा आधारित विषयका उन्मुक्त एवम् मौलिक अभिव्यक्तिहरू हुन् । यस क्रममा गरिएका यज्ञकार्यहरू भने पौरोहित्यसंग सम्बन्धित थिएनन् । यजुर्वेदको रचनाकालमा ती आर्यहरू पूर्वतिर बढ्दै गङ्गा नदीको उपत्यकासम्म आइपुग्दाका क्रममा वैदिक मन्त्रहरू पौरोहित्य कार्यसंग सम्बन्धित हुन पुगे । त्यसको विकासचाहिँ ई.पू. १००० देखि ८०० बीचको ब्राह्मणग्रन्थकालमा भएको मानिन्छ । अतः यजुर्वेदभन्दा पूर्वको ऋग्वेदको रचनाकाल मूलतः स्तुतिसाहित्यकै काल हो । ऋग्वेदका तिनै प्रकृति र मानवजीवनजगत्संग सम्बधित उन्मुक्त र मायुक साहित्यिक सिर्जनाबाट प्रभावित रहँदै आएको मदनमणि दीक्षितको क्रममले तिनलाई नेपाली भाषामा रूपान्तरित गर्ने छुरामा रुचि देखाएको पाइन्छ । दीक्षितको यस कार्यले वैदिक साहित्यको अध्ययनका साथै नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेख्य रूपले सघाएको छ ।

सन्दर्भ ग्रन्थ

१. जयदेव विद्यालङ्कार (डा.)
वैदिक साहित्यका आलोचनात्मक इतिहास, भाग १
(चण्डीगढ: हरियाणा साहित्य अकादमी), ई. १९९१
२. देवीप्रसाद चट्टोपाध्याय (मूल सं.), सुशीला डोभाल (अनु.)
दर्शनशास्त्र के स्रोत, (दिल्ली: राजकमल प्रकाशन प्रा.लि.), ई. १९९२
३. मदनमणि दीक्षित, ऋग्वेद: केही प्रमुख सूक्त,
(काठमाडौं: पैरवी प्रकाशन), वि.सं. २०६४
४. राधाकृष्णन् (डा.), नन्दकिशोर गोभिल (अनु.)
भारतीय दर्शन, (दिल्ली: राजपाल एन्ड सन्स), ई. १९९५ ।

❖❖❖

शुभकामना !

✍ पूर्णानन्द ओझा

नयाँपनको नौलो मगज लिई आउन् दिन सबै,
निशा आकोस् द्वेषी फगत मनकुण्ठा जति सबै ।
बिलासी मैलो त्यो क्षण असुरको लामस जती,
शिखा-ज्योति बन्योस् दनदन दिवा दीपक बनी ॥

॥१॥

बिहानीको झुल्मा झलमल परोस् हिमशिखरमा,
सधैं त्यल्ले छाओस् नव नविन आभा जगतमा ।
निराशाको खाल्डो भल-भात पुरी आशाचरुले,
स्वधा-स्वाहा पाऊन् नरगति, वनैका मनुजले ॥

॥२॥

बिरामी, वृद्धाको, विकट, दुखको, दीन-जनको,
खुलोस् पर्दा कानी धरबर हटी क्लेश मनको ।
मुसेली हालेको वनकुसुम खिलेको ऋतुसँगै,
भिरी नौसी आन्धी क्षुधित मन पल्लोस् पल यसै ॥

॥३॥

कलाको शैलीमा सबल रचना फुर्दछ भने,
नहोस् साँच्चै बिर्ता, कलम, दल, यष्टा नमनले ।
सफल् राष्ट्रेप्रेमी खटिनुछ वितृष्णा भुलि सबै,
नहोस् बारी किन्ला लटन छ रगत् वीरहरूकै ॥

॥४॥

सदा फुल्ने हामी विगुल जनभाका रहरको,
रही प्यारो माया विनिमय खुसी चाहहरूको ।
बिना मुस्लानी नै हरपल रहोस् मातृ-ममता,
फलोस् माटो हाम्रो बिलमपथ सागून् जथनता ॥

॥५॥

गीता केशरीका कथामा समाजमा घट्ने र घटुनसक्ने घटनाहरूलाई विषयवस्तु बनाइएको छ । समाजमा व्याप्त रोग, भोक, गरिबी, अन्धविश्वास, शोषणजस्ता विविध व्यक्तिगत, पारिवारिक र सामाजिक पक्षहरूको यथार्थमूलक प्रस्तुति पाइने यिनका कथाहरूमा नारीका विभिन्न समस्याहरूलाई विशेष स्थान दिएको पाइन्छ । विभिन्न उमेर, अवस्था र वर्गका नारीहरूले भोग्नुपरेका दुरावस्था, अन्याय, अत्याचार, दुराचार, पीडा, अभाव, असन्तुष्टि, विवशता, कुण्ठा, निराशा, तनाव, विसङ्गति आदि पक्षहरूको चित्रण यिनका कथामा गरिएको छ । त्यो दिन, प्रभाव, धन्यवाद, सम्झनाको चिमोजस्ता कथाहरूमा नारीहरूप्रति हुने व्यक्तिगत र सामाजिक शोषणहरूको प्रस्तुति पाइन्छ । विविध खाले नारीशोषणका विरुद्ध आवाज उठाउनाका साथै समस्या समाधानको खोजीतर्फ विशेष रुचि देखाइएका यिनका कथामा युगीन परिस्थितिअनुसार नारीहरू आफ्नो अस्मिताप्रति केही मात्रामा भए पनि सचेत देखिन्छन् । दस महिनासम्म कोखमा राखेर आफ्नो रगत चुसाई हुर्काएका सन्तानहरूले आमाको नामबाट नामकिता पाउनुपर्ने भाव अभिव्यञ्जित यिनका कथामा नारीप्रति घृणा र अपमान नभएर सम्मान र श्रद्धा प्रकट गर्नुपर्ने दृष्टिकोण अघि सारिएको छ । विज्ञानको उपलब्धिले गर्दा निर्दोष नारीहरूले न्याय पाउने धारणाको प्रस्तुति भएका यिनका कथामा महिला सशक्तीकरणको भाव पनि अभिव्यञ्जित छ ।

मातृत्व नारीहरूको शाश्वत् पक्ष हो र पुरुषको कमजोरीका कारण नारीहरूलाई असहाट सम्मित गर्न नहुने धारणाको प्रस्तुति पाइने यिनका कथामा वैज्ञानिक उपलब्धिले दिनसक्ने सुविधाहरूको प्रयोगबाट नारीको आमा हुने अधिकार सुरक्षित हुनुपर्ने भाव मधुरित भएको छ ।

नारी समस्याका अतिरिक्त गीता केशरीले काम र मामको खोजीमा स्वदेश छोडेर विदेश जान बाध्य नेपालीहरूको समस्या, दिनहुँ भोग्नुपरेका लोडशेडिङ, बढ्दो महँगी, अव्यवस्थित यातायात प्रणाली, मानव तस्करी, देशमा भएको सशक्त इन्द्रबाट उत्पन्न पीडा र परिणाम, वर्गीय विभेदजस्ता विविध प्रकारका सामाजिक विकृति-विसङ्गतिका अनेक सन्दर्भ र प्रसङ्गलाई कथात्मक संरचना प्रदान गरेकी छन् । आफ्नो जन्मभूमिप्रति सम्मानभाव प्रकट गर्नुपर्ने धारणा पाइने यिनका कथामा शान्तिको चाहना अभिव्यक्त भएको छ । उचित अवसर पाए अघाडिहरूले पनि अन्य मानिस सरह सिर्जनात्मक काम गरी सम्मानित जीवन जिउन सक्छन् भन्ने भाव मुखरित भएका यिनका केही कथामा बालमनोविज्ञानलाई पनि देखाइएको छ ।

गीता केशरीले अधिकांश कथाहरूमा जीवनसम्बन्धी आफ्ना धारणाहरूलाई प्रत्यक्ष रूपमा अभिव्यक्त गर्नाका अतिरिक्त अधिकांश कथामा विचार वाक्यको पनि प्रयोग गरेकी छन् । वैचारिक पक्षको प्रबलता पाइने यिनका कतिपय कथाहरूमा रहस्यको सिर्जना गरिनाका साथै प्रकृतिका विविध पक्षको चित्रण पाइन्छ । यस आधारमा यिनलाई आदर्शोन्मुख यथार्थवादी एवं स्वच्छन्दतावादी कथाकारका रूपमा लिन सकिन्छ ।

गीता केशरीका कथामा इन्द्रको प्रयोग सशक्त रूपमा नभएर कतैकतै साठो रूपमा भएको छ । जीवनका हरेक क्षेत्रमा आपसी समझदारीका साथ अघि बढ्नु नै उचित हुने धारणा प्रस्तुत गर्न खोजिएको हुँदा इन्द्र विधानमा अभिव्यक्त कथालाई लम्याउने पक्षमा कथाकार नरहेको स्थिति प्रस्ट देखिन्छ । यसैले यिनका कथामा इन्द्रविधान सशक्त रूपमा देखानपरेको हो ।

२.३ सहभागी

कथाका घटनाहरूलाई अगाडि बढाउने वा गीत प्रदान गर्ने काम पात्र वा सहभागीहरूले गर्छन् । बिनासहभागी कथाको निर्माण हुँदैन । पुरुषभन्दा नारी सहभागीको आधिक्य पाइने लहरमा समाविष्ट कथाहरूमा विभिन्न स्थान, वर्ग, उमेरका सहभागीको उपस्थिति रहेको छ । शिक्षित, अशिक्षित, स्थिर, गतिशील, व्यक्ति, वर्गीयजस्ता विविध प्रकारका सहभागीको प्रतिनिधित्व पाइने यिनका कथाहरूमा असत्भन्दा सत् सहभागीको उपस्थिति पाइन्छ र सत् सहभागीका सत् विचारको विजयलाई देखाइएको छ ।

२.१ शीर्षक, संरचना र विभाजन

सबबटा कथाहरूको मँगालो गीता केशरीले प्रस्तुत कथा सङ्ग्रहको शीर्षक सहर राखिएको छ। कथाकारका दृष्टिमा जीवन नदीजस्तै हो निरन्तर अगिरहने। बगाइको क्रममा नदीका लहर भएजस्तै जीवन पनि विभिन्न लहरमा तरङ्गित हुनपुग्छ र केहिलेकाहीँ विविध प्रकारका भुँवरीमा फस्न पनि सक्छ भन्ने दृष्टिकोण राखेर प्रस्तुत कथाको शीर्षक लहर अघन लहरिएको पाइन्छ। यस दृष्टिले हेर्दा यिनका प्रस्तुत सङ्ग्रहको शीर्षक प्रतीकात्मक रहेको देखिन्छ।

विषयवस्तु एवं भाषका आधारमा शीर्षकीकरण गरिएका यिनका यस सङ्ग्रहमा सङ्कलित कथाका शीर्षक छोटाछरिता देखिन्छन् र शीर्षकबाट कथाको अनुमान गर्न नसकिने खालका छन्। अधिकांश कथाका शीर्षकहरू अभिधात्मक देखिने यस सङ्ग्रहमा समाविष्ट कथाका शीर्षक सहज र स्वाभाविक रहेको पाइन्छ र ती कथ्यअनुरूप सामञ्जस्यमूलक छन्।

गीता केशरीका सहर कथा सङ्ग्रहमा समाविष्ट कथाहरू तीनदेखि दश पृष्ठसम्मको सरदर मझौला आयामका संरचित छन्। अधिकांश कथाहरू चित्रात्मकित रूपले अविभाजित रहे तापनि यिनको अन्तर्दृष्टि कथाहरूमा ××× चिह्नद्वारा विभाजित देखिन्छ। चित्रात्मकित रूपले अविभाजित कथाहरूमाहिँ सन्दर्भ एवं प्रसङ्ग परिवर्तनका आधारमा विभाजनको रेखा कोर्न सकिने खालका छन्। यिनका कथाको सङ्गठनात्मक व्यवस्थापन प्रचलित परिपाटीबद्ध ढाँचाको देखिन्छ र सबैजसो कथाहरूमा आदि, मध्य र अन्त्यको क्रमिक वितरण पाइन्छ। प्रायः वर्णनात्मक ढङ्गबाट कथाको प्रारम्भ गरी लगभग उही तरिकाले कथानकको विस्तार गर्दै समापनको बिन्दुमा पुऱ्याउने परिपाटी यिनको यस सङ्ग्रहका कथामा देखिन्छ। यिनले अधिकांशतः वर्णनात्मक पद्धतिबाट कथा सुरु गरेर मूल कथा वा सम्भावित समस्यामा प्रवेश गरी मध्य भागमा त्यसको विस्तारका साथ अनेक सङ्केतावस्थाहरू पार गराउँदै प्रायः सुखद् ढङ्गले कथालाई अन्त्य गर्ने तरिका अपनाएकी छन्। यसर्थ उपर्युक्त विभाजनका साथ प्रचलित परिपाटीबद्ध ढाँचामा कति र वस्तु दुवैको क्रमिक सङ्गठनात्मक व्यवस्थापन गरी कथा सिर्जना गर्नु कथाकार गीताको शीर्षक एवं संरचनागत विशेषता हो।

२.२ विषयवस्तु

विषयवस्तुलाई कथ्य वा वस्तु पनि भनिन्छ। वस्तु कथा संरचना निर्माणको लागि अनिवार्य घटक हो। गीता केशरीका कथामा प्रयुक्त वस्तुको सङ्क्षिप्त विवरण यस प्रकार रहेको छ :

१. मान्छेको हो ?	प्रतिपल अवसरको खोजीमा विक्षिप्त बाध्य पुरुषको अवस्था, स्वरोजगार योजनाको माग पुरुषको विरुद्धिले गरेको छल।
२. त्यो दिन	सर्वथम बालकका माध्यमबाट नेपाली महिलाप्रति पुरुषहरूको सोचको प्रस्तुति।
३. बुनाइ	रैथाने कढिएहरूको जानेर तरकारी, आफ्नो सुरक्षाका लागि आफ्ति स्वयंले पनि चाखा राख्ने कोशिश गरेको प्रयत्न प्रारम्भ अभिव्यक्त।
४. सपनाले	पुरुषको कमजोरीका कारण पत्नीलाई मानुषबाट पशुमा परिणत गरेको, सुखद दाम्पत्य जीवनका लागि कमजोरीको आवश्यकता।
५. आशा	वर्तमानमा गिरी नागरिक अवस्थाको प्रस्तुति, भावनाको कोरी।
६. यही मानी	प्रतीकात्मक रूपमा मानिसको पहचान।
७. पुनर्जन्म	स्वेच्छाचारी एवं अपर हुने प्रकारका पुरुषबाट पीडित महिला, महिला सशक्तीकरणको आवश्यकता।
८. सहर	विकासको नगरीकरणमा, मानवको भागदौड़ मानवीयता तिरुपुर्ण भएको। तर यो केवल अधिकांशतः एक सतीले मात्रैको होरी हुने।
९. जलवृष्टि	वृष्टिविहीनहरूका किसानहरू एवं प्रकृतिका माध्यमबाट प्राकृतिकरूपमा जलवृष्टि सकिएमा भएका आशा प्रस्तुत।
१० बाइपास र आमा	सहरको विभिन्नताको पीडा बाट महिलाका पीडाको प्रस्तुतिबाट दयनीय अवस्थाको प्रकटीकरण।
११ विधिका लिखा चित्र	महिलाजन्मलाका माध्यमबाट रैथाने किसी परिस्थिति, तरकारी, सुङ्गलाको विविध गुणाको प्रकटीकरण।
१२. दोसाँध	स्थानीय राजनीतिक प्रवृत्ति, द्वेष र दम्भीमाथि प्रकाश विस्तारबाट आयुक्तका मन विलुप्तपूर्ण आशयको प्रस्तुति।
१३. अपहरण	नारीमाथिको शोषण अनेक तरह वैज्ञानिक उपचारि डी.एन.ए.को महत्वपूर्ण।
१४. विश्वास	नगरीय विकास, राजनयनीतिमाथिको प्रस्तुति, हरेक मानव अवस्थाका दुःख उजागरको अवस्था दुःख भनी चाल गुकीएस
१५. मान्छेको कथा	विवेक, बुद्धि र आफ्नाका आगन मानवी सुविधाको सम्पर्कमा जगाएर मानवी आशा।
१६. अपमानको चिनो	आमा र मानवी कोरीमा विरोधिपूर्ण व्यवहारी निकोल, विवेकमा पर्यावरणमा पनि अपहार, मानवको सामान्यतासि गुलामको भनाउँदाहरूबाट हने मुक्तबाट।
१७. आशा र साँझ	मानवमूल्य उपेक्षाका, आशा र आफ्ना देख्न भन्ने आशाको प्रकटीकरण।

युवाएकता र समृद्ध नयाँ नेपाल

✍ धर्तिचन्द्र 'यात्री'

रगत रगतमा मेरी आमा
तिम्रा युवाहरूलाई खोजेर हेर त
प्रत्येक युवाछातीहरूमा
समृद्ध नयाँ नेपालको रगत भरिएको छ
नपत्याए सीधैर हेर त
आला हिमाल, होचा पहाड र तराईका
मैदानहरूलाई
कति अगम्य साहस छ युवाहरूमा,
त्यसैले त युवाहरू भन्छन्
युवाएकता हाम्रो सपना हो
युवाएकता हाम्रो अभिन्न मुद्दा हो
छमेर हेर त युवामन/मस्तिष्कहरूलाई
कति रगत बगेको छ, कति पसिना बगेको छ
युवाजोशहरूमा, युवा जोगिरहरूमा
त्यसैले त मेरी आमा !
तिम्रा गोद्धाहरूलाई
विशुद्ध रगत चाहिएको छ
राजनीतिक दर्शनको, चिन्तनको, मननको
जहाँ भोलि नयाँ विहानसँगै
कठिन जोधार तर्नुछ युवारगतहरूले
समृद्ध नयाँ नेपालको रेखाङ्कन कोर्नुछ
त्यसैले त मेरी आमा
तिमी साइतको टीका लगाइदेऊ निधारमा
ऊ अक्षरहरूको विहान लिएर
बह्ममुहूर्तको बस्ती बस्तीबाट
तिमीलाई भेट्न आउने छ
ऊ हातमा गुरास फुल्ने लेख र
शिरमा सुनगाभाको विहान लिएर आउने छ
प्रत्येक युवाहरूमा नयाँ सपना साट्न आउने छ
साङ्गठनिक संरचनाहरू कोर्न
सपना सपनामा नयाँ नेपाल सेल्न
तिम्री युवा सन्तानहरू आउने छ
सूर्योदयको विहानसँगै
समृद्ध नयाँ नेपाल सेल्न ऊ आउने छ
हो आमा जरुर ऊ भोलि
नयाँ युगबोधको सन्देश लिएर आउनेछ।

बानपति-९ सुर्याकोट

तीन थुँगा शब्दका

खड्गबहादुर कौशिक

(क)

राम्रो भएछ, बुढ्गाको नबोल्ने देउता पुजेर
बोल्ने पिए भनै, देउतालाई पनि
कति हाँस्ने पिए होलान् ?
यी मान्छे ! जिउँदै सूलीमा चढाएर।

(ख)

दोहोरिँदा दोहोरिँदा खिइएर,
नपत्याउने भएको अर्धाङ्ग सत्यलाई
च्यापेर हालकेसामा,
विश्वास र अविश्वासको दोबाटामा पुगेछु,
आम ! किन हो तिमीलाई पनि आज
म त सन्देह गर्न लागिरहेँछु।

(ग)

एक बतीले साथी !
लाख बत्ती बाल्न सकिन्छ,
त्यसैले जरुरी हाम्रा हुन्डरीमा पनि
बत्ती हामीले बाल्नैपर्छ,
बत्ती यहाँ बाल्नैपर्छ।

तिलपुर (आसाम)

समालोचना

साहित्यकार वसन्तकुमार शर्मा नेपाल माथि एक दृष्टि

✍ गुरुद्ध सुशान्त

प्राचीन रीसेली मिथक अनुसार ९ महिना पातालमा भुटोसित बसेपछि र्याकि ६ महिना माइतमा बस्न पोजर्दिना (हरियाली) धर्तीमा उत्रिन्छिन् । उनको आगमनसँगै धर्तीमा मीठो वैश छपनिन्छ । बोटबिरुवाहरूले पुनर्जीवन प्राप्त गर्छन्, पंछीहरूले मादकतापूर्ण गान सुसेल्छन्, प्राणीहरू पर्वको उल्लास महसुस गर्दछन् । धर्ती जगमगाउँछ अनि खुसीले गदगद् हुन्छ । आफ्नै रूप देखेर जस्तो नवयौवना आफ्नै यौवन देखेर रमाउँछिन्, यस्तै मौसमको एकदिन हिन्दूहरू आदर्शपुरुष रामको संस्मरणमा रामनवमी मनाउँछन् र यप खुसी बाँड्छन् । यसै दिन यस भूमिमा एक ध्रुव आमा एक शिशुलाई धर्तीमा औतारिन्छन् । संभवत त्यो दिन परिवारका सदस्यहरू खुसीले पुलकित भएको हुनुपर्दछ र शिशुको नाम मौसम अनुकूल बनाउन वसन्त राखिएको हुनुपर्दछ । र, त्यही बालक नै क्रमान्तरमा नेपाली साहित्य वाटिकामा वसन्तकुमार शर्मा 'नेपाल' नामले सुगन्धित फूल भएर फुलेको हुनुपर्दछ ।

'नेपाली शब्दसागर' जस्तो विशाल शब्दकोशका रचयिता वसन्तकुमार शर्माको साहित्यिक व्यक्तित्व विविध हाँगामा बाँडिएको बोध गर्न सक्दछौं, तापनि उनको व्यक्तित्वको मूल प्रवाह कवि 'वसन्त शर्मा' भएर बगेको पनि बोध गर्न सकिन्छ । नेपाली काव्य परम्परामा ठूला दुई धार सक्रिय छन् परिष्कारवादी धार र स्वच्छन्दतावादी धार । सेखनाथ पौड्यालले पहिलो धार र लक्ष्मीप्रसाद देवकोटाले दोस्रो धार पकेको कुरा सर्वविदित छ । यहाँ कवि वसन्त शर्माले देवकोटातिर भन्दा पौड्यालतिर शिर झुकाई पछ्याएको कुरा पनि नकार्न सकिन्न । कवि वसन्त शर्माले पनि संस्कृत वाङ्मयको ज्ञान पौड्यालले जस्तै बान्यक्रमदेखि नै पाएको हुनुपर्दछ । त्यसैले उनी बढी शास्त्रीय छन्दमा काव्य रचना गर्दछन् पौड्यालझैंसै । उता देवकोटा भने संस्कृतका साथै अङ्ग्रेजी साहित्यको पनि प्रशस्तै अध्ययन गर्दै अङ्ग्रेजी कवि सेली, बर्डस्वर्थ र कलरिजजस्ता कविता काव्यले तानिएर स्वच्छन्दतावादी कवि भए । कवि वसन्त शर्मा, पौड्यालबाट प्रभावग्रस्त नै देखिन्छन् । 'तरुण-तपसी' नव्यकाव्यको चर्चामा एक किसिमको मनोवैज्ञानिक आकर्षणबाट खिँचिएर नै कवि शर्माद्वारा 'मिचको पत्र' (नाव्यकव्य) लेखिएको कुरा सहजै अनुमान गर्न सकिन्छ ।

नेपाली साहित्यमा महाकाव्यको अवस्था नाजुक छ पाठकको कमीको कारण वर्तमान समयमा । 'शाकुन्तल' (२००२) महाकाव्य लेख्दा देवकोटाले नेपाली महाकाव्यको परिस्थितिलाई 'आइसल्याण्डको सर्प' संग तुलना गरे र शाकुन्तलाई छाडै भगीरथ भएको दावा पनि गरे । देवकोटाले 'शाकुन्तल' बुझेर पढ्दिने पाठक एक हातको औंलामा गन्न पाए आफ्नो छ भनेर पनि आफ्नो विद्वता अंकित चुनौती दिए, तर आजको अवस्थामा महाकाव्य बुझेर पढ्ने होइन, मात्रै पढ्ने व्यक्ति पनि राम्रैसँग गन्न सकिन्छ । कतिपय व्यक्ति महाकाव्यको मृत्यु भइसक्यो भनेर पनि घोषणा गर्न पछि परेका छैनन् । तर साहित्यको इतिहासलाई दृष्टिगत गर्ने हो भने पश्चिममा 'इलियड' र 'ओडिसी' अनि पूर्वमा 'रामायण' र 'महाभारत' ले नै साहित्यको केन्द्र र स्रोतको भूमिका निर्वाह गरिराखेको कुरा सत्य हो । यी प्राच्य महाकाव्य र पाश्चात्य महाकाव्यलाई आजका आधुनिक र उत्तरआधुनिक पाठक पनि उत्तिकै पढ्छन् र सत्यासत्यबारे बहस गर्न रमाउँछन् । अतः महाकाव्यको महत्ता पाठकको अचेतनामा राम्रैसँग लठ्याउन सफल छ भन्न सकिन्छ । यही यथार्थ बुझेर कवि वसन्त

समालोचना

'लहर' कथासङ्ग्रहको विश्लेषण

✍ लीला लुइँटेल

१. परिचय

गीता केशरीको जन्म १९९७ साल असार २० गते काठमाडौंको पकनाजोलमा भएको हो । राजनीतिशास्त्रमा एम.ए गरेकी यिनी जीवनको पूर्वार्धमा शिक्षण कार्यमा संलग्न रहेकी थिइन् । त्यसपछि यिनले लामो समयसम्म शाही नेपाल वायुसेवा निगममा सहायक बिक्रीअधिकृतदेखि निर्देशकसम्मको पदभार सम्हालेकी हुन् । केशवराज मेमोरियल छात्रवृत्तिको संस्थापक, एभेरेस्ट एक्सप्रेस टुर्स एन्ड ट्राभल्समा डेपुटी जनरल म्यानेजर, बालकुमारी घुनेको क्लबको अध्यक्ष, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल प्रोफेसनल महिला सहयोगी समूह काठमाडौंको उपाध्यक्ष, पन्त स्मृति प्रतिष्ठानको अध्यक्ष, विशाल मिसन केन्द्रको उपाध्यक्षका साथै आजीवन सदस्य रहेर विभिन्न सामाजिक तथा प्रशासनिक गतिविधिमा संलग्न भएकी यिनले भेषराज केशरी अक्षयकोषको स्थापना पनि गरेकी छन् ।

फादम्मनी केशरी बालसाहित्य पुरस्कारको संरक्षक एवं संस्थापक, गुञ्जनको संस्थापक सदस्य, नारी साहित्य प्रतिष्ठानको संरक्षक, गीताश्री प्रतिभा पुरस्कारको संस्थापक-संरक्षक रहेकी गीता केशरी शाश्वत वाङ्मय प्रतिष्ठानको सदस्य, नेपाल आख्यान समाजकी सदस्य, सार्क लेखक तथा साहित्य संस्था नेपालको सदस्य, वाणी प्रकाशन संस्थाको सदस्य पनि रहेकी छन् । गणेशमानसिंह अध्ययन प्रतिष्ठानको सदस्यका रूपमा सक्रिय रहेकी यिनले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्यसचिवका साथै समकालीन साहित्य पत्रिकाको सम्पादक मण्डलको सदस्यका रूपमा रहेर कार्य गरेको पाइन्छ ।

२०२९ सालको अरुणोदयमा प्रकाशित 'अपराधी को ?' शीर्षक कथाबाट औपचारिक रूपमा आफ्नो साहित्ययात्राको सुरुआत गर्ने गीता केशरी नेपाली आख्यानका क्षेत्रमा निरन्तर साधनारत रहेकी हुन् । यिनका तरङ्ग (२०५७), भुमरी (२०५९) र लहर (२०६५) गरी तीनवटा कथा सङ्ग्रहहरू प्रकाशित छन् । यसका अतिरिक्त यिनका कविसङ्ग्रह (२०३४), सौगात (२०४६), आवाज (२०४७), मुक्ति (२०४८), खोज (२०५०), अन्तिम निन्दी (२०५१), विश्वास (२०५२) खुला आकाश (२०५४), नोकरी (२०५५) निष्कर्ष (२०६०) गरी दसवटा उपन्यास पनि प्रकाशित भएका छन् ।

आफ्नो साहित्ययात्राको साढे चार दशकको अवधि पार गरेकी गीता केशरी कवि धरणीधर पुरस्कार (२०४९), लोकप्रिया पुरस्कार (२०५०), राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), गंगी वसुन्धरा पुरस्कार (२०६१), रुद्रराज साहित्य पुरस्कार (२०६५) जस्ता विभिन्न पुरस्कारबाट पुरस्कृत भएकी छन् । यसका अतिरिक्त यिनी भानु साहित्य सम्मान (२०५९), नारी साहित्य सम्मान (२०६०) नबरङ्ग साहित्य सम्मान (२०६०), वनिता साहित्य सम्मान (२०६१), शाश्वत वाङ्मय सम्मान (२०६१), सयपत्री युवा क्लबद्वारा सम्मान (२०६१), हृदयचन्द स्मृति सिर्जना सम्मान जस्ता धुप्रै सम्मानद्वारा सम्मानित पनि भएकी छन् ।

२ 'लहर' कथासङ्ग्रहको विश्लेषण

नेपाली आख्यानमा उल्लेखनीय योगदान पुऱ्याएकी गीता केशरीको अन्य सन्दर्भलाई छाडेर हालसालै प्रकाशित तेस्रो कथासङ्ग्रह लहरमा समाविष्ट कथाहरूको अध्ययन विभिन्न कोणबाट गरी तिनमा रहेका कथात्मक प्रवृत्तिको विश्लेषण यस लेखमा गरिन्छ ।

लुतो

✍ अनिल श्रेष्ठ

लुतोले छोएपछि
लाज, शील, डर, सङ्कोच
सबै बिस्तारै हराउँदै जांदो रे'छ
केही महिनादेखि मलाई
बस्ती भएको छ ।

सिधासिधा भन्छु-
म लुती बोकेर हिँडिरहेको छु
लुती कन्याउँदै हिँडनुको
मज्जा अघाइ छ
अर्की छ
मन्त्री निवासदेखि
मन्त्रालय,
मन्त्रालयदेखि
सिंहदरबार,
सिंहदरबारदेखि
संसद सचिवालयको बैठक
र, बैठकबाटदेखि
पार्टी कार्यालय,
यी मेरा दैनिक कार्यसूचीहरू हुन्
तर लुती कन्याउनुलाई
मेरो कुनै कार्यसूचीभित्र
मैले उल्लेख गरेको छैन ।

जब मान्छेका
विशाल जनसमाहरूलाई
उभिएर सम्बोधन गर्छु
मेरा हातका औंलाहरू अनायासै
जोड्ने
कमिजको भित्रबाहिर भएर
सग्लगाउन सुरु गर्छन्
र, त्यसपछि मैले बोल्नुपर्ने
सबै भाषणहरू
बिर्सन्छु
नजिकैबाट, मेरी एकजना इमानदार
कार्यकर्ता भन्छ-'मन्त्रीज्यू'
तपाईंका हातका औंलाहरूलाई
एकछिन राम्रोसँग,
भीड़ले हेरिरहेका छन् ।

म झस्कन्छु
र, औंलाहरूलाई झटपट सम्वान्छु
र, सोच्छु
गम्छु-'यति आनन्ददायक रोगको सङ्क्रमण
मभित्र कैलिलेदेखि पैदा भयो ।'

कार्यकर्ताको सल्लाह छ
मैले छिटै
यी सक्रामक लुतोको
निरूपणको उपाय खोजी गरूं ।

काँपुबैरेनी-९, तनहूं

तपाईंलाई थाहा छ ?

दायित्वमा एक वर्षभित्र प्रकाशित भएका रचनाहरूमध्ये सर्वोत्कृष्ट ठहरिएको रचनालाई वार्षिकोत्सवको अवसर पारेर रू. १०,०००/- राशिको **हरिकला-गुणाकर दायित्व-रचना पुरस्कार** प्रदान गरिन्छ ।

शर्मा महाकाव्यको सेखनमा आफूलाई समाउँछन् । उनको हृदयले लेखनाथलाई गुरु मानेकै कारण उनी पनि आदर्शवादी सीतिवादी, मानवतावादी देखिन्छन् । उनी विशेषतः छन्दको परिधिभित्र आफ्नो भावलाई खेलाउन चाहन्छन् । कवितामा भाव, आत्मा र छन्द शरीर भएर प्रकट हुन्छ । उनी संस्कृतका विद्वान् र भाषाप्रेमी भएर पनि बडी शास्त्रीयताका हिमायती भए ।

भनिन्छ, कवि वसन्त शर्मा कुनै समयका काठमाडौंका सफल शिक्षक थिए । उनको हृदयको उपल्लो तहमा आज पनि नैतिक, शिक्षाका वाणी दगुरिरहन्छन् । फ्रायडका अनुसार हृदयको तल्लो तह (अचेतन) मा त मानिस पशुतुल्य नै रहन्छ । कवि शर्मा हृदयको उपल्लो तह (चेतना) मा आफूलाई सिंगार्न सफल रहे, कविताको माध्यमद्वारा आदर्श शिक्षा बाँड्दै । त्यसैले उनले आफूलाई सफल गुरुको रूपमा उभ्याउन सके । ज्ञानआर्जन गर्ने सन्दर्भहरू बदलिसके । गुरुकुल शिक्षाका कुरा एकादेशका कथा भइसक्यो । १९१० सालमा दरबार, हाइस्कुलबाट शिक्षाको क्षितिजतिर फिर्माउन लागेको नेपाली समाज आज साइबर शिक्षासम्म तल्किइसक्यो । गुरु भन्ने आदर्शका खम्बाहरू भत्किइसक्यो । अनुशासन र मर्यादा विद्युतीय तरङ्गहरूले परिवर्तन गराइसक्यो । आदर्श समाजको परिकल्पना गर्नेहरू आज पनि गुरुकुल शिक्षा सम्झन्छन् । गुरुकुलको अनुशासन प्रियकर भएर नै त हुनुपर्छ वसन्त शर्मा पनि 'एक गुरु र एक शिष्य' कथा एकलव्यलाई बकाउँछन् ।

'गुरुत्वरणकै सेवा गर्न भनेर मैले घर पनि, घरबाट पनि, राष्ट्रभूमि पनि, जन्मभूमि पनि, स्वर्ग र समाज पनि त्यागिसकें । यदि शिक्षादीक्षाको निमित्त अयोग्यसिद्धै हु भने सिर्फ गुरुसेवाका निमित्त मलाई नियुक्ति गरिदिनु भए पनि त मलाई सन्तोषै लाग्नेछ, यति निवेदन छ गुरुवर, मेरो । यति भए त मलाई गुरुवरबाट दया शिर्षाद्दिनुभएको भन्ने प्रमाण भइहाल्ने छ नि ।'

(सिमिरि, वर्ष २६ अङ्क १/२०५४ बैशाख)

वसन्त शर्मालाई हेराइ एकाङ्गी भयो, संकान्त. वर्गलाई माथ उनले लिए भनेर कसैले औंलो ठड्याउँछन् भने त्यो हातका बाँधी औंला औंलो ठड्याउँनेतिर फर्किसकेका हुन्छन् । किनभने शर्मा एकलव्यजस्ता पात्र सिर्जन्छन् । एकलव्य किरातजस्तो सीमान्तीकृत वर्गका प्रतिनिधि मात्र हुन् र गुरुबाट पीडित पनि । त्यसैले शर्मा वर्गविशेषमा मन्दा पनि मानवीय संवेदनमा आफूलाई एकाकार गराउँछन् भन्दा आपत्ति नपर्ला ।

कला-साहित्यमा प्रयोगवादका नामका विकृति पीलिइरहेको छ भन्नेहरूको कमी छैन र कला-साहित्यमा प्रयोगवाद आधुनिकताको नामले मिश्रित पनि कम भएको छैन । साहित्य जीवनको ऐना हो भने पक्कै पनि साहित्यमा जीवनको वास्तविक स्वरूप देखिनैपर्दछ । हुनत दार्शनिक प्लेटोले साहित्य र कलामा सत्य नभएर त्यसको नकलमात्र हुन्छ भनेका छन्, तर कवि शर्मा कला जीवनकै निमित्त हुनुपर्दछ भन्दछन् ।

" कला कलाको निमित्त होइन,
कला ही जीवनको निमित्त"
मिश्रको पत्र, पृ. २९

यो मुलुक प्राकृतिक सम्पदाको आधारमा हेर्ने हो भने विश्वको जुनकुनै मुलकसँग पनि दाँज्न सकिने अवस्था छ । यी प्राकृतिक सम्पन्नता भएर नै पटक-पटक विदेशी शक्तिहरू नेपालसम्म हात पार्न जोर सरेका थिए, तर ती लम्किएका हातहरू काटिए र खुम्चिए पनि नेपाली वीरताको कारण । कवि भूपि शेरचन 'हामी' शीर्षकको कवितामा नेपालीहरू बुद्ध, भएर मात्रै वीर हुन सकेको कुरा बताउँछन् । सायद कवि शेरचन वीर हुनु र बुद्ध, हुनुको भावलाई नेपालीहरूको मुख्याई ठान्दछन्, तर स्वाभिमानी नेपालीहरू 'आइसाम्ने माथि जाइ सारनुपर्छ' भन्ने पृथ्वीनारायण शाहको विचारलाई मान्दछन् । कवि बसन्त शर्मा यस कुरालाई अनुमोदन गर्दै भन्दछन् -

"आइसाम्नेलाई जाइ नलागी
वीर नेपालीले कहिले छोड्यो ?
अशक्त, अकिञ्चन निर्बलमाथि,
टेको मुखले कहिले हेऱ्यो ?"
मिश्रको पत्र, पृ.३६

'सतीले सराएको देश'को उपाधि पाएको यस देशमा बेला-बेला सङ्घट परेकै हो । विदेशी शक्ति र देशभित्रकै शासकबाट देशलाई मुक्त गरी प्रजातन्त्रको घाम उदाएपछि नेपाली जनताले दलका नेतालाई स्वर्गदूतकै रूपमा तेस्र्याए, तर नेता मोटाउने र जनता दुब्लाउने क्रम तीव्र भयो । बिना आगिरका नेताको विदेशी बैङ्कमा प्रशस्त पैसा थुप्रिन थाले र जनताका छोराछोरी जन्मदै टन्नै ऋण टाउकोमा बोकेर गरिब हुन बाध्य भए । फलतः विदेश पलायन हुने सोच नेपालीले लिन थाले । कवि नेपालीले 'नेपालमा जन्मनु नै दुर्भाग्य रहेछ' भन्दै निराशाजनक अभिव्यक्ति दिए, तर कवि वसन्त शर्मा आशावादी देखिन्छन् । नेपाल सुधार्न सकिन्छ भन्दै लेख्छन्-

"आत्मालाई साक्षी राखेर चले नेपाल सुधिन्छ
मानवताको लक्ष्यलाई चिने समाज सफल ।"

विप्रलम्भ महाकाव्य, पृ.१२०

कवि वसन्त शर्मा मानवीयताको यथार्थ र देखाउने आदर्शको भेद सहजै थाहा पार्दछन् । नेताहरू जनताको खाना, नाना र छानाको समस्यालाई वास्ता गर्दैनन्, तर भाषण मीठा गर्छन्, युवायुवती परस्पर प्रेमका शब्दजाल फिजार्दछन्, तर भित्र धोका र स्वार्थ पसिरहन्छन् । मित्रताभित्र कुटिलताका शिमरा पसिरहन्छन् । त्यसैले कवि वसन्त शर्मा लेख्छन्-

" तिमीसित एउटा माहिरी शब्द छ,
पीपल-पाते भित्री नीति छ ।
अंडीर, जस्तो आडम्बरको
भित्रको सद्भाव र बोली छ ।"

मित्रको पत्र, पृ.४५

पित्तलमा जलप लगाएर जति नै सुन देखाउन खोजे पनि एकदिन सक्कली रूप बाहिरिन्छ । मित्र भनेर जति नै अभिनय गरे पनि एक दिन यथार्थ प्रकिन्छ । यही देखावटी विरुद्ध कवि शर्मा बोल्छन्-

"देखावटी मानमिजासभन्दा त,
साथी ! ठाडै निन्दा राम्रो,
मर्म छेड्ने प्रहारभन्दा त,
खुल्लमखुल्ला राम्रो !"

मित्रको पत्र, पृ.४९

चार्ल्स डार्विनको विकासवादी सिद्धान्तअनुसार पशुको तहबाट सङ्घर्ष गर्दै मान्छे, मान्छे भयो । पशु र मानवबीचको प्रमुख भेदक बुद्धि-विवेक बन्यो । अन्य कुराहरूमा सबै प्राणीमा समानता भेटिन्छ । मान्छे जङ्गली अवस्थामा छँदा हृदयले काम र समाज निर्माण गर्दै शहरीकरणमा डुबेपछि बुद्धिवाद हावी भयो । तर्क, गणित, कानून, विज्ञान आदि, आवश्यक ठानियो, तर कतिपय आवश्यकताहरूले मान्छेलाई ध्वस्त बनाउँदै लग्यो । विज्ञान वरदान कि अभिशाप ? भन्ने प्रश्नका साथ बहस चल्न थाल्यो । कतिपय कानूनले मान्छेका स्वतन्त्र चाहनाहरू कैदी भए । नयाँ र पुराका बन्ने होडमा मान्छे नाँदिँदै छन्/नाच्दछ कि ऊ फेरि उही पुरानो युगतिर फर्किँदैछ । यही मनन गरेर कवि असन्तुष्ट पीडछन्-

"नवीनताको खोजी गर्दछ,
तैपनि आफै ऊ पुरानिन्छ ।"

मित्रको पत्र, पृ. ९६

कवि शर्मा बसरी आदर्शका कुरा गर्छन् । सम्भवतः उनी अध्यात्मवादी हुनुपर्छ । अध्यात्मवादको अन्तिम गन्तव्य शान्ति हो, जहाँ आत्मा विलय हुन्छ । प्रायः धर्महरू शून्यवादमा मिलाउँछन् । शून्यवादको दर्शन बुद्धवादमा अझ घनीभूत देखिन्छ । बुद्धवादमा पनि अन्य धर्ममा झैं उदारवाद र कट्टरवाद छुट्टिन्छन् । कट्टरवादीहरू छाताका वाहिरन लगाउँदैनन्, पैसा छुँदैनन्, तर पैसा बोक्ने मान्छे पछि लगाउँछन्/यही लगाउँदैनन्, तर झोलामा बोक्छन् । उता उदारवादी बुद्धवादीहरू यस कुरामा समयक्रमसँगै अत्याधुनिक मान्यता अवलम्बन गर्न चाहन्छन् र अनावश्यक घेरा तोड्न चाहन्छन् । कवि शर्मा उदारवादतिर झुकाउ राख्छन् । त्यसैले बुद्धवादका गीत गाउँछन्-

"सिद्धार्थले मरण, व्याधि र मृत्युबाट
मुक्तार्थ शान्तिपथ नूतन बुद्धवाद ।
भन्दै लिए जुन विचार, उही प्रभाव
पर्दा भयो भुवन व्यापक बुद्धवाद ।"

विप्रलम्भ महाकाव्य, पृ.८३

शान्तिका पक्षपाती कवि वसन्त शर्मा आदर्श समाजको कल्पना गर्दै मानवताको गीत गाउँदै साहित्य साधनामा लागिरहेका छन् । आशा गर्न सकिन्छ कि अब जन्मने शर्म्मेली कृतिहरूले विश्वबन्धुत्वलाई बाजा बजाउनेछन्, सस्कृतिलाई जगेर्ना गर्दै वैश्विक ग्रामको परिकल्पनामा हामीलाई धकेल्नेछन् ।

❖❖❖

बखत तथा यात्राका क्रममा भएका रमाइला विवरण पस्कन बोकी राखिएको छैन । यी प्रसङ्गहरूबाट के सिद्ध हुन्छ भने निबन्धकारले बानी जहाँतहीं जाँदा होस् वा काम गर्दाका महत्त्वपूर्ण विषयको टिपोट राख्ने रहेछ । यी बानी वास्तवमा सारै राम्रो बानी हो । किनभने यस्तो बानीले चाहिएका बखत पुराना कुरा फर्केर हेर्न सकिन्छ । महत्त्वपूर्ण विषयहरू पछि कुनै समयमा आवश्यक हुँदा हेर्न र परिवार लेखेर समाजमा पस्कन सकिन्छ हुन्छ । यस्ता विषय आफैंलाई पनि सम्झी सम्झी हेर्न आनन्द दिने हुन्छन् ।

लेखकका सुपुत्र रञ्जन काफ्ले द्वारा प्रकाशित"मेरो स्वदेश भ्रमण"मा जनकवि केशरी धर्मराज थापाको "शुभकामना" रहेको छ । सारै मीठो शुभकामना दिनुभएको छ कविजीले । उहाँले लेख्नुभएको छ "म निबन्धकार कलाधर काफ्लेका चिन्तन मनन र परिश्रमको भूरी भूरी प्रशंसा गर्दछु । उनी नयाँ नेपालको नयाँ सिर्जनाले नयाँ परिवर्तनको नयाँ बिजुली घट्ट घुमाउन नयाँ नयाँ भावनाका धान हाल्दै गरुन् र प्रगतिको उकासोमा सम्भिदै जाउन् भन्ने शुभकामना व्यक्त गर्दछु ।"

जनकविकेशरी धर्मराज थापाको शुभकामनामा सोह्रएजस्तै देखिनभालेको छ आफ्ने साहित्यकार कलाधर काफ्लेको साहित्यिक प्रगति, साहित्य जगतमा । किनभने उहाँको यसतर्फको उपस्थिति सन्तोष जनक छ । काफ्लेजीका सिर्जना सम्पत्ति चाँडै चाँडै आउन थालेका छन साहित्य भण्डारमा । वि.स.२०४५ मा एउटा पुस्तक प्रकाशन गराउन सक्षम काफ्लेजीको दोस्रो कृति २०५१ मा आएको थियो खण्डखण्डको रूपमा भने २०६३,२०६४ र २०६५ सालमा एउटा एउटा कृति आएको देखिएको छ नेपाली साहित्य भण्डारमा । फुटकर कविता कथा आदि साहित्यिक सिर्जना आइरहेका छन । विभिन्न साहित्यिक संघ संस्थाहरूमा सम्बन्ध जोडिँदै गएको पनि देखिएकै छ । काफ्लेजीबाट आउने साहित्यिक सिर्जनाहरू स्तरीय देखिन थालेका हुँदा यो फाँटमा उहाँको प्रगति अवश्य नै समीपजमक हुन्छ भन्नेमा आशाको नगरे हुन्छ भन्नेहरू भेटिन थालेका छन् यहाँ ।

सन् १ सेप्टेम्बर,१९४२मा काञ्ची सामाचीर गा.वि.स.५ मा काफ्ले घरमा जन्मेका साहित्यकार काफ्लेको शैक्षिक योग्यता एम.कम. बि.एस.सी. । आर्थिक प्रशासन र विकास प्रशासनमा गरी तीस वर्षभन्दा बढी सरकारी नोकरी गरेर अनुभव हासिल गरेका काफ्ले निस्सन्देह बाउन्न ठक्कर बिपन्न धुम्सा खाएर सतीसालको भुरोजस्तो भइसकेका हुँदैहुन् ।

भारत, जापान, हङकङ, श्रीलंका, थाइल्याण्ड, चीन, दक्षिण कोरिया, बेलायत, अष्ट्रेलिया आदि देशहरूको भ्रमण समेत गरेर अनुभव सञ्चालेका काफ्लेजी विभिन्न सामाजिक एवम् साहित्यिक संघ संस्थाहरूमा सम्बन्ध समेत भएकी देखिंदा जाँगरका धनी पनि देखिनआएको छ । काफ्लेजीका कृति अध्ययन गर्दा लाग्छ, उहाँको यसतर्फको उपस्थिति उत्साहवर्धक र समाजोपयोगी छ ।

भुक्तभोगीहरूका कथन छन् वास्तवमा साहित्यमा आत्मज्योतिको दर्शन मिल्दछ । नवीनता कलात्मकता र सदाशयता भेट्न सकिन्छ । त्यसै कारण साहित्य क्षेत्रमा पदार्पण गरेकी व्यक्ति त्यहाँबाट भयकास लिन चाहिँदैन । कुनै निरन्तर साहित्यसाधनामा लागिरहन्छ लागिरहन्छ । यसैबाट उ आफूले नयाँ र स्वादिलो जीवन पाएको महसुस गर्दछ । यसको एउटा कारण छ त्यो के भने साहित्य वास्तवमा आफ्ना जनसेवी भावना समाजमा छर्ने सजिलो माध्यम हो । यहाँ कल्पनाका लहराहरू सारराउने मात्र होइन, देखे, सुने, भोगेका तीता मीठा भोक्ता सकिन्छ । यस्तो गर्न सक्ने व्यक्ति नै असल साहित्यकार ठानिन्छ । असल साहित्यकार प्रशंसनीय हुन्छ, मननीय हुन्छ र अमर हुन्छ । साहित्यकार कलाधर काफ्लेसाई पनि त्यसै कोटीमा राख्नेर हेर्न थालेका छन् आफ्ने जन्म साहित्यकारहरू । किनभने काफ्लेजीका यसअघिका बेलायत तिरका तीस पाइला र इन्डेनी उच्च स्तरका कृति देखिएका छन् भने पस्तुत पुस्तक "मेरो स्वदेश भ्रमण" त्यस्तै देखिन आएको छ ।

रामशरण शर्माको मन्तव्य समेत रहेको पस्तुत पुस्तक १११ पृष्ठको छ । कागज, छपाइ एवं साजसज्जा उच्चस्तरको छ । मूल्य रु १२५।- छ जो महङो होइन भन्न सकिन्छ । संस्थागत मत्य भनेर नसुहाउँदो मूल्य राखिएको देखिँदैन । यो पनि एउटा सकारात्मक पक्ष हो । यस्तो चिटिक्कको र महत्वपूर्ण पुस्तक पढ्न दिने साहित्यकार कलाधर काफ्लेसाई साच साच धन्यवाद दिन मनलागेको छ ।

❖❖❖

उकासी ओरासी पार गर्दै अध्ययनलाई संगसंगै हिंडाएर आफू एउटा योग्य नागरिक वा जिम्मेवार सरकारी अधिकृत हुन समेत सफल भएका दिव्यझलकी यहा छन् । हुम्लाको दुःखमा शीर्षक अनुसारकै वर्णन छ । हुम्ला एउटा अति दुर्गम जिल्ला भएको हुदा त्यहाँको जनजीवन, अस्तव्यस्तता सबै देखाई त्यहाँ के गर्दा बेस हुन्थ्यो भन्ने सुझाव दिन समेत प्रयत्न भएको देखिनआएको छ । त्यतिमात्र पनि होइन, गरीब हरीप हुन्छ भन्ने स्पष्ट बुझ्न सकिने अवस्थासमेत देखाउन बाँकि राखिएको छैन । खाद्यान्न दिइने दाना तथा मान्छेले खाने मासुको हकिगत पनि यहाँ छ । खाद्यसकटको दरो प्रमाण हो दाना तथा मासुको प्रसङ्ग । त्यस्तो खाद्यसकटपूर्ण अवस्थामा पनि खाद्यान्नको दुरुपयोग गरिने तीतो सत्यकथा यहाँ छ ।

मेरो जाँगरे जीवनको आखिरी यात्राले त्यतिबेलाका कर्मचारीको कर्म,जनप्रतिनिधि भनाउँदाहरूको ठोकसो तथा उनीहरूबाट हुने अठेरा कुराहरू, उच्चस्तरका प्रशासकहरूबाट हुने विवेकशून्य प्रशासन आदिको वर्णन भएको पाइएको छ । साथै २०४९ सालमा तत्कालीन सरकारले गरेको कर्मचारी अवकाश सम्बन्धी अन्यायपूर्ण व्यवहारको मर्मस्पर्शी बयान रोको छ । लेखक स्वयं पनि यो अन्यायपूर्ण खारोबारबाट पीडित हुन् भन्ने कुरा पनि यो लेख पढेपछि स्पष्ट हुन्छ । आफ्नो निवासी लेखक पोखराबाट काठमाडौं आई लामो समय सेवा गरेका अधिकृतलाई सरकारले काठमाडौंबाट धोकेढुयाक लगाएर सुदूर पश्चिमाञ्चलको दार्चुला त पठाएको थियो, थियो, बझाङ र बाजुराजस्ता अति दुर्गम जिल्लाहरूमा हिंडाइरहको अन्यायपूर्ण सरुवाको कथा व्यथा पनि यहाँ रहेको छ । लेखकको प्रकृति भने जहाँ गयो त्यहीं रमाउने रोको बुझ्न सकिने अवस्था छ । त्यहाँका महत्वपूर्ण मठ मन्दिर तथा दर्शन योग्य स्थलको अवलोकन भ्रमण गर्नपुगेका र प्रख्यात सन्त खप्तड बाबासँगको भेटघाट झुराकार्णीमा रमाएका प्रसङ्ग पनि यहाँ रहेका छन् । लेखकले यहाँ रहँदा बस्दा राम्रा राम्रा अनुभव संगालेको पनि देखिन आएको छ । लेखकका अनुभवहरू साह्रा मार्मिक लायक छन । हेरौं केही नमुना :-

(१) सिंहदरबारमा बसेर नेपाल बुझ्न सकिँदो रहेनछ, यस यात्रा अवधिमा बुझें । वास्तवमा काठमाडौंमा २८ वर्ष काम गर्दा विकट नेपाली भूभागको बारेमा मैले के जानेको थिएं । त्योभन्दा धेरै गुना बढी बझाङ,दार्चुला र बाजुरामा साढे दुई वर्ष कामगर्दा थाहा पाएं ।

(२) तीनवटै जिल्ला धर्मान्धता,रुढीग्रस्त परम्परा,छुवाछूतको उग्रता र कुसंस्कारबाट पीडित भएका देखिए ।

(१०) २०४९ सालमा सरकारले ३० वर्ष, ५८ वर्ष र २० वर्षका विकेगात्मक अङ्कुश लगाएर कर्मचारीलाई झुन आघात पुऱ्याएको थियो, त्यो त वास्तवमा सरकारले आफ्नो पुँडामा आफैंले गन्धरो प्रहार गरेको हो । निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध आफ्नो जाँगरलाई समेत हत्केलामा राखेर बिरोध गर्ने कर्मचारीलाई सरकारले पुरस्कृत गर्नुपर्नेमा कठोर दण्ड दिएकै हो । वास्तवमा त्यसलेगा तहसनहस भएको प्रशासनिक समन्वय अहिलेसम्म पनि खोरन्डो र ढुंडो भइरहेको यथार्थ जगजाहेर छ ।

चौथो निबन्धकलमा रहेको छ "स्वर्गद्वारीको इतिहास सम्झदा" । यस निबन्धमा धेरै धेरै कुराहरू रहेका छन । काठमाडौंबाट जाँदा बाटोका रमाइला क्षणको वर्णन लेखकले रमाइलो पारामा गरेका त छन् छन् स्वर्गद्वारी आश्रमकै कथा व्यथा पनि सलंक परेकेका छन् । पढ्दा मन कोबयाउँछ त्यति धेरै सम्पत्ति भएको संस्था अहिले गरीबीले आक्रान्त छ, पिउने पानीसम्मको बन्दोबस्त पनि संस्थाले मिलाउन सकेको छैन भन्ने कुरा लेखकबाट स्पष्ट गरिएको छ । यो विषय यो यात्राको विचारणीय पक्ष हो ।

पाचौं निबन्धका रूपमा रोको छ "हिमाल पारीको प्रदेशमा पुस्तक दान" । यो निबन्धमा गण्डकी सामाजिक गुठी बागेश्वर काठमाडौंको योजना अनुसार भनाङजस्तो दुर्गम जिल्लामा एउटा विशुद्ध सामाजिक संस्थाको प्रतिनिधित्व गरी लेखक त्यहाँ जाँदाका प्रसङ्ग रहेका छन् । भनाङका स्थानबिशेषको वर्णन त छन् छन् यहाँ यात्रामा भएका असुविधाहरूका गाथा पनि रहेका देखिन्छन् । यसबाट त्यो स्थानको कठिनाई देख्न बुझ्न सकिन्छ । साथै संगै जाने सहभागीहरूको वर्णन गर्न पनि छुटाइएको छैन । संगै हुँदा खानापिनका

प्रारब्ध

✍ खड्गबहादुर चापागाई

उठिले.....उठिले
हामी जङ्गलमा जाँदा
खेतमा जाँदा
तजिकैको जङ्गल बोट-बिरुवामा
कल कल गरिरहेका हुन्थे कलकले
भन्थ्यौं तुलिगाँडा हसिरहेछन्
शान्त थियो
जङ्गल, सहर, पहरा
मस्तीमा हसिरहेथे
शान्तिको सास फेरिरहेथे
तर अब,
ती सब कलकले कहाँ बिलाए ?
ती सब हाँसो कहाँ बिलाए ?
तुलिगाँडा शब्द कहाँ बिलाए ?
अब मुनिलछन् केवल,
स्यालका हाऊ...हाऊहरू
फ्याउराका फ्याऊ.....फ्याउहरू
किनकि,
जतातै युद्ध विभिषिकाले
त्रासका गन्ध आइरहे
तिनका खुशीका लागि
वातावरण अनुकूल बनिरहे
अनि खेत बेसी झर्दा
खैनन् मयुरका नाचहरू
छन् केवल,
पियसीको बिरहेडमा रोइरहेका
न्यासुल चरीका आवाजहरू
मुनिलछन् रातमा केवल
कोइलीका बिरसिला
हुक हुक आवाजहरू
किनकि,
युद्धको तरसाइरले
प्रियतमको बसी बिइरहेछ
अर्धाङ्गिनीलाई पीडा दिइरहेछ
उनको गलाबाट हिक.....हिक छुटिरहेछ
बुढाबाबु
नाति-नातिना हुर्कंदन
तयार हुनुपरिरहेछ
सौरे टेबै
पर-खेत पाउनुपरिरहेछ
बल्ल साह्रा भयो
तजिकबाट
म कहाँ रहौंछु
मैले कस्तो प्रारब्ध बोकेंछु ।

बाँधारी-१० झाल, बिराटनगर-४

गजल

✍ कहेत जनक

संगै हिंडुन तिमो हात मार्गे त के भो !
निदाउन मीठो रात मार्गे त के भो ?

तिमीलाई न्यानी अङ्गालोमा बेरी,
मीठो माया बोली जात मार्गे त के भो !

सफा दिल तिमी, मेरो जस्तो सम्झी,
पोखी पिरतीको खात मार्गे त के भो !

रहेछ सुनीलो पिरतीको जात,
मीठोमीठो प्यारी जात मार्गे त के भो !

सुनीलो त्यो बाटा तिमी देऊ साथ,
संगै जुनी काटून साथ मार्गे त के भो !

चिनेनौ तिमीले मेरो प्रीतलाई,
बनायौ शराबी, माल मार्गे त के भो ?

इलाम, (झाल-काठमाडौं)

गजल

✍ रासा

आँसु बगाऊ वा मौन बस-तिम्रो खुसी ।
पीडा भगाऊ वा मौन बस-तिम्रो खुसी ।

केही नखाँदा'नि मात लाग्छ एकान्तमा,
सुरा मगाऊ वा मौन बस-तिम्रो खुसी ।

पोखिएर छताछुल्ल कहाँ पुग्यौ कहाँ,
ओठ रङ्गाऊ वा मौन बस-तिम्रो खुसी ।

तृप्त भएर नै उठ्या हैनौं हामी दुई ।
भुगा लगाऊ वा मौन बस-तिम्रो खुसी ।

धेरै भए' छि अघाइनछ कि- थाहा छैन !
माया जगाऊ वा मौन बस-तिम्रो खुसी ।

गजल

✍ कामलराज के.सी.

के भनौं र के कसरी यो जिन्दगी चलेको छ
त्यसै-त्यसै निगतीले घरिघरि छलेको छ ।

बनावटी रङ्ग पोती ओठहरू मुस्काएनि
पिरतीको खडेरीले मन-मुटु जलेको छ ।

गह भित्रै बाँध बाँधी धुन खोज्छु आँसु तर
परेलीको बाटो हुँदै निरन्तर ढलेको छ ।

जिन्दगीको पानाभरि आँसु मात्रै रै'छ ज्यार
भेटिएन खुसी कैन्यै मात्र पीडा फलेको छ ।

बेदनाको हुरीले जीवन ज्योति निभेछ कि
नत्र मैले देक्नु पर्ने के कहाँ त्यो बलेको छ ।

मंगलसेन ८, बल्लम, झाल काठमाडौं ।

आमा !

✍ सुमा श्रेष्ठ

मेरी प्यारी आमा !
टेक दियौ बस धर्तीमा मलाई
जीवन र मृत्यु कसको बहसमा रहन्छ र !
जन्मिएपछि अबश्य मृत्युबरण गर्नैपर्छ
यतिखेर यो शाश्वत् चिन्तनलाई
पचाउन सकिरहेको छैन
आमाको नामसा केवल
दुई थोपा आँसु चुहाइरहेछु ।

आमा ! मानव सेवा नै परमधर्म हो
तपाईले सिकाउनुभएको होइन र !
आँखले म छट्पटिरहेकी छु यी दृश्यहरू देखेरै
कति जीवनहरू छट्पटाउँदै छन् अस्पतालमा
कति अबोधहरू भौतारिरहेछन् सडकमा
ती छट्पटाहटलाई सुन्ने को होला !
बेदना, तड्पाइ र अभावलाई सुझाबिने को होला !
ती आत्माहरूले आशाका किरण पर्खँदै होलान् !

त्यसैले आमा !
तपाईका असल बिचारहरू
ममा समाहित हुँदैछन्
यी पुनीत दिनहरूमा मेरा पाइलाहरू
मातातीर्थ मठ-मन्दिरहरूतिर होइन
ती मानवीय सेवातर्फ मोडिन् यो बालका छन् ।

यी पाइलाहरू यसरी नै निरन्तर
मानव बनेर बढ्दाइरहन सकून्
आमा, मलाई शक्ति दिनुस्
सेवाभावमै म जीवन बिताउन सकूँ
सेवा गर्दैमा म कहाँ रितिन्छु र !
अरूलाई सहयोग गर्दैमा म कहाँ सकिन्छु र !
अझै म त सुखी र समृद्धि भए भौं लाग्छ
खुसी चाहने आमाले दिनुभएको यो सुकर्मलाई
सधैं सधैं पछिल्याउन सकूँ
आमालाई सम्झिरहन सकूँ ।

भक्तपुर, इलाके-१८

समीक्षा

काफ्लेजीको नयाँ पुस्तक: मेरो स्वदेश भ्रमण

✍ मक्तिनाथ शर्मा

साहित्यका विविध आयामहरू कविता, कथा,संस्मरण,शोककाव्य आदि भित्र पसी चिहाउँदा बुझ्न सकिन्छ, साहित्य मान्छेको ज्ञान भण्डारमा रहेर बसेको पवित्र भावना हो । यो भावना साहित्यकारको सिर्जना बाट परिष्कृत भई जनसमक्ष आएपछि विशेष महत्वको हुन्छ र रुचीकर हुन्छ । त्यसैले साहित्यसाधनामा मानिसहरू लाग्ने गर्दछन् । साहित्यिक भावना गजैजस्तो मानवमा हुन्छजस्तो लाग्दछ । कोही प्रकट गर्न सक्छन् कोही सक्दैनन् । सकेहरूमा कोही एकै मनमनै हेर्छन् नयाँ वा पुराना विषयहरू । कोही लेख्छन् । यसरी लेख्ने विषय वास्तवमा साहित्य हुन्छ । साहित्यमा साहित्यकारका मनमा रहेका पुराना कुराहरूलाई हामी सस्मरण भन्दछौं । कोही साहित्यकार सस्मरणहरू लेखेर राख्छन् मात्र । कोही आफ्ना मनमात्रमा सीमित गाइन् र कोही लेखेर तथा प्रकशन गराएर समेत समाजमा समर्पण गर्न गर्दछन् । यसी गर्दा पनि कोही आख्यानात्मक साहित्यतिर लाग्छन् भने कोही गीत,कविता काव्य बनाएर पनि समाजमा पस्काउछन् । यसरी समाजमा प्राप्त हुने मानवमनका भावनाहरू नै साहित्यका रूपमागीत, कविता, हाइकू, लाम्का, बाका, भजन,काव्य,महाकाव्य आदि बन्दछन् । केही उपन्यास,सस्मरणन्यास आदि भएर आएका हुन्छन् भने केही स्मृति भएर पनि आएका हुन्छन् समाजमा । मानवविकासको क्रम संगसंगै जस्तै भएर आएको छ यी विषय । अहिले साहित्यका रूपमा यस्ता अनेकानेक विषय आइसकेका छन् । तिनमा पनि निबन्ध-निबन्ध निकै आएकाछन् । जनरुचिको विषय भएको छ निबन्ध-निबन्धनि साहित्य । निबन्ध-निबन्धमा पहिले पहिले विदेश यात्राका विषय समेटिएको देखिन्थ्यो धेरैजसो । तर अहिले स्वदेश भ्रमणका विषयहरूलाई पनि निबन्ध-निबन्धका रूपमा ढालेर भेरा बालेका छन् नेपाली साहित्यकारहरू । यो विषय लोकप्रिय हुँदै आएको पनि देखिन्छ । यस्तो लोकप्रिय विषय ठहरेकै कारण यसमा लाग्नेहरूको संख्या दिनपरदिन बढ्दो पनि छ । यो विषय समाजोपयोगी हुने पनि देखिनआएको छ । किनभने निबन्धकारहरूले निबन्ध-निबन्ध लेख्दा स्थान परिचय, त्यहाँको वातावरण, तथा त्यताको संस्कृतिसमेतको विवरण दिने हुँदा पाठकलाई लाभदायक हुने देखिएको छ विषय । त्यसैले यस विषयमा बढ्दैछन् दृष्टाहरू । यसै मेलोमा देखापरेकाछन् साहित्यकार कलाधर काफ्ले ।

काफ्लेको स्वदेश भ्रमणको संस्मरण निबन्ध-निबन्धका रूपमा एउटा चिटिक्कको पुस्तक भएर आएको छ नेपाली साहित्य भण्डारमा । त्यसको नाम हो "मेरो स्वदेश भ्रमण" ।

अस्तिभर्खर सार्वजनिक हुनआएको छ यो पुस्तक । अर्थात् २०६६ जेठ ९ गते काठमाडौंको उत्तरतर्फ रहेको शिवपुरी पहाडको फेदीमा स्थित नारायणस्थान आश्रम स्कुलमा भएकी गृष्म काव्यगोष्ठिमा सार्वजनिक भएको हो यो पुस्तक । यो पुस्तकलाई सार्वजनिक गर्नुभएको थियो स्वामी चन्द्रेशले ।

मेरो स्वदेश भ्रमणमा (१)पोखरादेखि काठमाडौंसम्म (२) हुम्लाको दुःख (३) मेरो जागिरेजीवनको आखिरी यात्रा (४) स्वर्गद्वारीको द्वारतिर लम्कदा र (५) हिमाल पारीको प्रदेशमा पुस्तक दान रहेकाछन् । यी पाँचओटा अध्याय वा निबन्धबाट सिह्रो पुस्तक तयार गरिएको छ । पोखरादेखि काठमाडौंसम्ममा लेखकले आफ्नु पढाइको इतिहास बताउँदै त्यति बेलाको भौतिक अवस्थाको स्पष्ट चित्र खिचेको देखिनआएको छ भने काठमाडौं आएपछिका आफ्ना जीवनका भोगाइलाई सलंक्क उतारेको देखिनआएको छ । सानु पदमा जागिर सुरु गरेर कैयौं